अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

लामो समयदेखि समाजमा कायम असमानता र विभेदका कारण महत्वपूर्ण स्थानहरुमा महिला सहभागिता प्रभावकारी बन्न सकेको छैन । एकै रथका दुई पाङ्ग्राको रुपमा महिला र पुरुषको भूमिकाको व्याख्या गर्ने गरिएपनि यथार्थमा सांस्कृतिक, धार्मिक, राजनीतिक एवं आर्थिक असमानता कायमै छ । लैङ्गिक समानता लोकतान्त्रिक समाज निर्माणको अपरिहार्य सबाल भए पनि यस्तो अवस्था निर्माण भइसकेको छैन । नेपालका सन्दर्भमा समाज पितृसतात्मक भएकाले हाम्रा संस्कृति र धर्मले विभिन्न अवस्थामा महिलालाई उचित सम्मान दिएको पाईदैन । विगत बर्षहरुको तुलनामा विद्यालयमा बालिकाहरुको भर्ना दर बृद्धि भए पनि उनीहरुको अध्ययन निरन्तरतामा अनेकौ अबरोधहरु अहिलेपनि पूर्णत हटिसकेको छैन । बालिकालाई शिक्षामा गरिएको लगानीलाई समेत खेर गएको र अर्काको घर जानेलाई पढाएर के गर्नु भन्ने संस्कार र संस्कृति समाजमा विद्यमान छ । लैङ्गिक दृष्टिकोणमा रहेको असमान सोच र व्यहारले शिक्षित महिलाको विकासमा सकारात्मक परिणाम हासिल हुन सकिरहेको छैन ।

मूलत बालिकाहरु विद्यालय गएपनि अध्ययनलाई निरन्तरता दिन पाउँदैनन् । घरायशी कामकाज र सानै उमेरमा विवाह गरिदिने चलनले पनि उनीहरु शिक्षा आर्जन गर्नबाट बञ्चित हुने गरेका छन् । महिलाको शिक्षा प्राप्तिको अवस्था कमजोर भएकाले त्यसको प्रभाव समाजका हरेक क्षेत्रमा पर्नु स्वभाविक छ । केन्द्रीय तथ्याकं विभागको तथ्याकं अनुसार महिला साक्षरता ४२.५ प्रतिशत मात्र छ । विद्यालय भर्नाको अवस्था विश्लेषण गर्ने हो भने उच्च शिक्षासम्म पुग्दा निकै कम महिलाले मात्र आफ्नो औपचारिक अध्ययनलाई निरन्तरता दिएको पाइन्छ ।

समाजमा कायम रहेको यस्तो असमानता र विभेदलाई स्थानीय, क्षेत्रीय र राष्टि«य रुपमा पर्याप्त बहस र छलफलबाट घटाउन सकिन्छ । समाजको रुपान्तरणमा सञ्चार

माध्यमको महत्वपूर्ण भूमिका हुन्छ । समाजलाई सचेत र सजग गराउने सञ्चार माध्यमहरुमा समेत महिला सहभागिताको अवस्था कमजोर देखिन्छ । अझ समुदायको लगानी, समुदायकै सहभागिता र समुदायकै लागि सञ्चालन गरिएको सामुदायिक रेडियोहरुमा महिला सहभागिता को अवस्था अध्ययनको विषय हो ।

सामुदायिक रेडियोमा महिलाहरुको समान पहुँच र सहभागिता भएमा रेडियो सेवा सञ्चालनमा महिला मैत्री नीति निर्माण सहज हुने थियो । रेडियोबाट प्रशारण हुने सामग्रीमा समेत लैङ्गिक विषयबस्तुले प्राथमिकता पाउने अपेक्षा गर्न सकिन्छ । स्थानिय सवालहरुमा लैङ्गिक समानता प्रबर्द्धन गर्ने विषयबस्तु प्रशारणबाट सामाजिक रुपमान्तरणमा समेत महत्वपूर्ण योगदान पु¥याउन सक्छ ।

सरकारले लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना अर्न्तगत सञ्चारमा महिला सहभागिता बढाउन विशेष नीति अपनाउने भनेको छ । तर, सो नीति कार्यान्वयन हुन सकेको छैन । राज्यका नीति नियम जतिसुकै राम्रो बनेको भएपनि कार्यान्वयन अवस्था अहिले पनि फितलो देखिन्छ । मूलत महिलाको शिक्षा र सशक्तिकरणमा सुधार नगरेसम्म सञ्चार क्षेत्रमा महिलाको उपस्थितिमा प्रगति हुने देखिदैन । सञ्चार माध्यमले महिला सहभागिता सुनिश्चिताको लागि महत्वपूर्ण भुमिका खेल्न सक्छ ।

“मानिस एक सामाजिक प्राणी हो । समाजमा बसेपछि मानिसले आफ्नो मनको भावना एक अर्कामा व्यक्त नगरी जिउन सक्दैन । यसैगरी अर्काको भावना कुरालाई सुनी आफ्नो भनाइ पनि बुझाउन चाहन्छ मानिस । यसरी एक अर्काको भावना बुझ्नु बुझाउनु सञ्चार हो । यस्ता भावनाहरू बोलिचाली चिन्ह, संकेत, इसारा, ध्वनि आदिद्वारा व्यक्त हुने गर्दछन् । मानिसको सृष्टिदेखि नै यस किसिमको सञ्चार भाव एक आपसमा व्यक्त हुँदै आएका छन् । विकासको गति सँगसँगै अभिव्यक्तिको माध्यममा फरक पर्दै आयो । संकेत वा लिपिका माध्यमबाट सुरु भएको सञ्चारको गति अक्षरमा आएपश्चात मानिसले चेतनाको फड्को मार्न थाल्यो । चेतनाले जागृतितिर उन्मुख गरायो । ज्ञानको ज्योति फैलिन थालेपछि मानिसले बौद्धिकताको पाइला टेक्दै गयो र आजको विकसित अवस्थामा आइपुग्यो ।” (खरेल, सन् २००२)

"आमसञ्चार भनेको आम व्यक्ति वा समुदायको बीचमा कुनै माध्यमद्वारा आपसी कुराकानी, इसारा संकेत, प्रतिक, अभिव्यक्ति र सूचनाको आदान प्रदान हो । सञ्चारको अस्तित्व मानव सृष्टिकालदेखि नै थियो भने आमसञ्चार लगभग आधुनिक युगको उपज मान्न सकिन्छ । आमसञ्चारको प्राचीन स्वरुप नारा लगाएर, ढोलक बजाएर, कर्नाल फुकेर, शंखनाद गरेर समाजको ध्यानाकर्षण गरी नयाँ खबर तथा सूचना दिने माध्यमको रुपमा विकसित थियो । विज्ञानको क्षेत्रमा भएको विकासले आमसञ्चारको क्षेत्रमा पनि परिवर्तन ल्यायो र यसको क्षेत्रलाई व्यापक बनायो । 'आमसञ्चार' सञ्चार माध्यमद्वारा गरिने सूचना विचार र मनोरञ्जनको व्यापक वितरण वा विस्तार हो । यस्ता माध्यम रेडियो, टेलिभिजन, चलचित्र, प्रेस, प्रकाशन, विज्ञापन वा लोकप्रिय नाटक, वाद्यवादन जस्ता विभिन्न स्वरुपका हुन्छन् ।" (काशिराज दहाल १९९२)

मानिसले आफ्नो जीवनकालमा प्राप्त गरेका अनुभवहरू अर्को पुस्तासम्म पुऱ्याउने एवं अर्को पुस्ताले आगन्तुक पुस्ताको लागि अनुभव, ज्ञान, सीप हस्तान्तरणबाट समाजलाई थप समुन्नत र सुसंस्कृत बनाउन सहयोग पुऱ्याइरहेको हुन्छ । समाजमा आवश्यक संवादलाई सहज ढङ्गले सञ्चालन गर्न सञ्चारको महत्वपूर्ण भूमिका रहन्छ ।

"पत्रकारिता एउटा माध्यम हो, जसले कुनै पनि स्थानको घटना अवस्था, विशेषता, विचारलाई अर्को स्थानसम्म पुऱ्याउँछ ।" पत्रकारिता भनेको एउटा सञ्चार माध्यम संचालन गर्ने पेसा हो जसअन्तर्गत लेख्ने, सम्पादन गर्ने, प्रकाशन गर्ने, प्रसारण गर्ने कार्य गरिन्छ । सञ्चार माध्यमले सञ्चारका ती वृहत्तर माध्यमलाई बुझाउँछ । सञ्चार माध्यमबाट ठूलो समूहबीच व्यापक पहुँच, विस्तार र प्रभाव हुन्छ । यस्ता माध्यममा प्रेस, रेडियो, टि.भी. चलचित्र आदि तथा हाल प्रचलनमा आएका इन्टरनेट जस्ता सञ्चारका साधनलाई लिइन्छ । सञ्चारका यी साधनलाई आमसञ्चार माध्यम पनि भन्ने गरिएको छ ।

"सामुदायिक प्रसारण त्यस्तो प्रक्रिया हो, जसमा व्यक्तिहरू सामूहिक लक्ष्य प्राप्तिका लागि अन्तरक्रिया गर्छन् । अन्तरक्रियामा संलग्न व्यक्तिहरूबीचको सम्बन्ध कार्यात्मक हुन्छ, आपसी मित्रता र लगाव हुन्छ । समान भौगोलिक, सांस्कृतिक तथा प्राकृतिक अवस्थाले उनीहरूको भावना र उद्देश्य साझा हुन्छन् । जीवन सहिष्णुताको मूल आधार भावना,

आवश्यकता तथा स्थानीयता प्रधान हुन्छ । उनीहरूबीच प्रतिस्पर्धा होइन आपसी समन्वय कायम हुन्छ । सबैजना समूहमा मिलेर काम गर्ने बानी परेको हुन्छ " (मैनाली २०५८ ) ।

पत्रकारिता भनेको शब्द, ध्वनि वा चित्रको माध्यमबाट प्रस्तुत गरिने दैनिक घटनाक्रमको विवरण हो र पत्रकार भनेको त्यस्तो व्यक्ति हो जसले पत्रपत्रिका तथा सञ्चारमा समाचार दिने, लेख, रचनाको संकलन गर्ने, प्रकाशन गर्ने, संस्थाहरूमा संवाददाताको रुपमा काम गर्ने, सम्पादक एवं स्तम्भ लेखक, फोटोग्राफरको रुपमा कार्य गर्ने, रेडीयो टेलिभिजनमा समाचारसम्बन्धी काम गर्ने व्यक्तिहरू नै अन्ततः पत्रकार हुन् भन्ने कुरा बुझ्न सकिन्छ ।

सञ्चार भनेको जनता र सरकारबीच जानकारीका लागि पुलको रुपमा काम गर्ने साधन मानिन्छ । जनताभित्र विश्वको आधा जनसंख्या ओगट्ने महिला वर्गको संलग्नता न्यून हुनु र उनीहरूबीचको सम्बन्धमा प्रकाशित हुने समाचार लैंगिक समानताको आधारमा निर्माण हुन नसक्नु बर्तमान अवस्थाको मूल समस्या हो ।

## १.२ विश्वमा सामुदायिक रेडियो

सामुदायिक रेडियो सेवा प्रसारण आजको अवस्थासम्म अइपुग्दा धेरै उतार चढाब व्यहोरेको छ । सामुदायिक रेडियो प्रसारण ल्याटिन अमेरिकाबाट थालनी भएको थियो ।

### १.२ (क) ल्याटिन अमेरिका र उत्तर अमेरिका

एफएम रेडियोको प्रसारण सन् १९४० देखि नै थालनी भएता पनि सामुदायिक रेडियोको प्रसारण भने दोस्रो विश्वयुद्धपछि मात्र भयो । विश्वमा सर्वप्रथम सामुदायिक रेडियो प्रसारण शुरु गर्ने कोलम्बियाको रेडियो सुटाटान्जा हो । सन् १९४७ मा यो रेडियो माध्यमको प्रसारण थाले पनि यसले धेरै समय प्रसारणलाई निरन्तरता दिन सकेन । यो रेडियो सेवा कोलम्बियादेखि टाढा गाँउबाट प्रसारण आरम्भ भएको थियो । प्रसारणको एक बर्ष भित्रै यसले कोलम्बियाको राजधानी सहर वोगोटाबाट शैक्षिक रेडियोको रुपमा प्रसारण गऱ्यो । सामुदायिक रेडियोको प्रसारण थालनी गर्ने श्रेय ल्याटिन अमेरिकी मूलुक बोलिभियालाई जान्छ । सन् १९४७ मा बोलिभियाको क्याटाभीमा स्थापित टिनखानीका मजदुरहरूले सुरु गरेको माइनर्स रेडियो नै सामुदायिक रेडियो प्रसारणको पहिलो संस्था हो । खानी मजदुरहरूले आफ्नो हक अधिकारका निम्ति मजदुरहरूलाई सचेत बनाउन यो रेडियो

प्रसारण सेवाको थालनी गरेका थिए । संयुक्त राज्य अमेरिका र क्यानडामा सन् १९५० को दशकदेखि सामुदायिक रेडियो सेवाले प्रसारण अनुमति पाएका थिए । अमेरिकाको क्यालिफोर्नियाबाट केपीएफए सामुदायिक रेडियो प्रसारण सेवा सुरु भएको थियो । केपीएफए रेडियो अहिले पनि प्रसारणमा छ । सन् १९४६ मा स्थापित प्यासिफिका फाउण्डेसनले यो रेडियो प्रणालीको थालनी गरेको थियो । यतिबेला यो रेडियो नेटबर्कमा ८५ रेडियो सहभागी छन । अमेरिकामा सन् २००८ सम्ममा प्रसारणमा आएका सामुदायिक रेडियोको संख्या तिन सय नाघिसकेको छ । यी मध्ये धेरैजसो सामुदायिक रेडियोहरू ठूला र शहरी रेडियोहरुले प्रभावकारी रुपमा समट्न नसकेका आदिबासी, जातीगत, भाषिक एवं मजदुर र ग्रामीण क्षेत्रका समुदायप्रति लक्षित छन् ।

ल्याटिन अमेरिकी मुलुकहरूमा सामुदायिक रेडियो राजनीतिक उदेश्य एवं समुदायले आफ्नो अधिकार प्राप्तिको महत्वपूर्ण साधनको रुपमा यसलाई सञ्चालन गरेको पाइन्छ । खानि मजदुरहरूले थालनी गरेको सामुदायिक रेडियो आजका दिनसम्म आइपुग्दा विषयगत रुपमा विविधताको रुप धारण गरिसकेको छ । अहिले खानि मजदुरको स्वामित्वमा सञ्चालित रेडियोदेखि कृषक, महिला, शिक्षा, स्वास्थ्य, सांस्कृतिक संरक्षणको लागि समर्पित रेडियोसेवा प्रसारणमा छन् । दुर्गम भेगदेखि शहरी क्षेत्रमा समेत सामुदायिक रेडियोहरू सञ्चालनमा छन् ।

ब्राजिलको प्रसारण कानुनले सामुदायिक रेडियोको प्रसारण क्षमतालाई ५ वाटमा सिमीत बनाई दिएको छ । सिमीत प्रशारण क्षमताका कारण एउटै ठूलो समुदायलाई समेत प्रसारण केन्द्रले समेट्न मुश्किल पर्दछ । व्यवसायिक विज्ञापन प्रसारणमा सामुदायिक रेडियोलाई ब्राजिलमा रोक लगाएको छ ।  इक्वेडरमा सन् १९९६ सम्म सामुदायिक रेडियोले बैधानिकता पाएको थिएन । व्यापारिक र सांस्कृतिक रेडियोको इजाजतमा सामुदायिक रेडियो सञ्चालित थिए । सन् १९९६ मा सामुदायिक रेडियोले प्रसारणको स्पष्ट कानुनी मान्यता पायो । इक्वेडरमा पनि सामुदायिक रेडियोको प्रसारण क्षमता कानुनले नै निर्धारण गरिदिएको छ । ५०० बाट क्षमताको ट«ान्समिटर राख्न पाउने कानुनी मान्यता छ । त्यसैगरी विज्ञापन प्रसारण गर्न नपाउने व्यवस्था कायम छ । सुरुमा सेनाको स्विकृति लिनुपर्ने बाध्यकारी प्रावधान वर्तमानमा हटेको छ ।

बोलिभियामा समेत सामुदायिक रेडियोको पक्षमा अनुकूल कानुनी व्यवस्था प्राप्त छैन । बोलिभियामा शैक्षिक रेडियोहरु समेत संकटमा परेका छन् । सामुदायिक रेडियो प्रसारणको सबैभन्दा पुरानो विगत भएको बोलिभियामा सामुदायिक रेडियो सञ्चालनसम्बन्धी स्पष्ट व्यवस्था छैन । रेडियो फ्रिक्वेन्सी मूल्य बढाबढमा सबैभन्दा धेरै रकम तिर्ने कम्पनीलाई बिक्री गर्ने कानुनी व्यवस्था छ ।

अर्जेन्टिनामा सन् १९९८ मा सरकारले रेडियो फ्रिक्वेन्सीसम्बन्धी आदेश जारी गर्दै राष्टि«य फ्रिक्वेन्सी योजना स्विकृति गर्‍यो । यो कानुनी व्यवस्थाले यस अघि सञ्चालनमा आएका तर औपचारिक मान्यता नपाएका रेडियो बन्द गर्नुपर्ने अवस्था सिर्जना भयो । लामो समयदेखि सञ्चालनमा रहेका तर कानुनी प्रक्रिया पुरा नगरेका कतिपय रेडियो अहिलेपनि सञ्चालनमा रहेका छन् । तानशाही शासन व्यवस्था हुँदा निर्माण भएका कतिपय प्रशारण कानुन लोकतान्त्रिक विधि प्रक्रिया अबलम्बन गरिंदा समेत परिवर्तन हुन सकेको छैन ।

सामुदायिक रेडियो सञ्चालनको लामो अनुभव र इतिहास भएका ल्याटिन अमेरिकाका कोलम्बिया, भेनेजुयला, उरुग्वे,  लगायतका देशहरूमा सामुदायिक रेडियोलाई राज्यले नै कानुनी मान्यता प्रदान गरेको छ ।

### १.२ (ख) युरोप

सन् १९६० को दशकमा पश्चिम युरोपका केही देशहरुले स्वतन्त्र तथा व्यावसायिक रेडियो र टेलिभिजन च्यानलहरु सञ्चालन गर्ने इजाजत दिनु अघिसम्म पश्चिम युरोपेली देशहरुमा सबै राष्ट्रिय जनसेवी प्रसारणको रुपमा थिए । सन् १९८० को दशकको सुरुवाततिर धेरैजसो पश्चिमी युरोपेली मुलुकहरुमा प्रसारणमा नियम विहिनता अर्थात् कानुनी झन्झट बिना नै रेडियो सञ्चालन गर्न पाउने व्यवस्था अबलम्बन गरियो । यसले गर्दा धेरै देशहरुमा रेडियो र टेलिभिजन च्यानल सञ्चालन सबैका लागि खुल्ला भयो । खुकुलो नीतिको फलस्वरुप धेरै सामुदायिक र व्यवसायिक रेडियो सञ्चालनमा आयो ।

त्यसैगरी उत्तरी युरोपका नर्वे, स्विडेन, डेनमार्क, फिनल्याण्ड, लगाएतका स्काण्डिनेभियाली मुलुकहरुमा पनि सामुदायिक रेडियोको विकास र विस्तारमा राज्य उदार भएको पाइन्छ । स्केण्डिनेभियन देशहरु प्रजातन्त्र र नागरिक अधिकारको सम्मानमा विश्वमै

उदाहरणीय मानिन्छन् । स्विडेनमा मात्रै सयौ सामुदायिक रेडियो सञ्चालनमा छन् । त्यसैगरी डेनमार्कमा पनि ३०० भन्दा धेरै रेडियो प्रशारणमा छन् । आयरल्याण्डमा सन् १९८८ देखि सामुदायिक रेडियोको इजाजत प्रक्रियालाई थप समाबेशी मनाउने प्रयत्न भएको छ । सन् १९९५ मा प्रशारण माध्यमहरुका लागि सरकारी नीति पत्र प्रकाशन गरेर व्यवस्थित बनाउने प्रयास गरिएको देखिन्छ

सामुदायिक रेडियो सञ्चालनको मुख्य आर्थिक श्रोत रेडियोको सदस्यता शुल्क, श्रोताहरुले दिने सहयोग, विभिन्न समूहहरुले प्रदान गर्ने आर्थिक सहायता तथा स्थानीय निकाय र नगरपालिकाहरुको अनुदान नै हो । इजाजत लिनु नपर्ने समयमा खुलेका रेडियो स्टेसनहरुले युरोपमा सन् १९७० मा चलाइएको स्वतन्त्र रेडियो अभियानका कारण ती रेडियोहरूले सामुदायिक रेडियोको कानुनी मान्यता प्राप्त गर्न सफल भए । यो अभियानले गर्दा युरोपमा प्रसारण माध्यममाथि राज्यले राख्दै आएको एकाधिकारलाई समेत सामुदायिक रेडियोले अन्त्य गर्न सफल भयो । युरोपको सामुदायिक रेडियो आन्दोलनले चार दशको अनुभव संगालिसकेको छ । बिशेषगरी उत्तरी युरोपमा १९७० ताका सामुदायिक रेडियोको अगुवाइमा भएको आन्दोलनले सफतला प्राप्त गऱ्यो । यो आन्दोलनको परिणाम स्वरुप इजाजत नलिइकन सञ्चालनमा आएका सामुदायिक रेडियोले सामाजिक मान्यता पाएका थिए ।

युरोपमा नेदरल्याण्डस्को सामुदायिक रेडियोको आन्दोलन निकै प्रभावकारी मानिन्छ । नेदरल्याण्डस् सामुदायिक रेडियो अनुकूल कानुन निर्माणमा पनि अगाडि छ । फ्रान्स र बेलायत पनि सामुदायिक रेडियोप्रति उदार व्यबहार देखाउने देशको रुपमा परिचित छन् । त्यसैगरी इटाली, फिनल्याण्ड, नर्वे लगायतका युरोपियन मुलुकहरूमा सामुदायिक रेडियो निकै सशक्त छन् । बेलायतमा स्थानीय व्यापारिक रेडियो स्टेसनले पाउने प्रसारण अनुमतिसित खासै भिन्नता नभएता पनि यसले सामाजिक मान्यता प्राप्त गरिरहेको छ । युरोपमा सामुदायिक रेडियो आदिबासिको बसोबास भएको क्षेत्रमा अझ लोकप्रिय भएको छ ।

### १.२ (ग) अफ्रिका

अफ्रिकाका कतिपय देशहरुले सामुदायिक रेडियोका लागि कानुन बनाउने काममा केही प्रगति गरेका छन् । सामान्यतया प्रजातान्त्रीक अभ्यासको राम्रो संस्कार नभएका अधिकांस

अफ्रिकी मुलुकहरुले प्रशारण कानुनलाई लचिलो बनाएका छन् । सामुदायिक र स्वतन्त्र व्यवसायिक रेडियो स्टेसनहरु सञ्चालन गर्न दिने नीति राज्यले बनाएको छ । अफ्रिका महादेश भाषिक विविधता र जातिय विविधता रहेको क्षेत्र हो । यसले गर्दा सामुदायिक रेडियो प्रसारण समेत स्थापित भएको छ । अफ्रिकी देशहरूमध्ये केन्याको सरकारले पहिलो सामुदायिक रेडियो सञ्चालनको प्रस्ताब स्विकार गरेको थियो । केन्यामा सन १८८२ बाट एफ एम रेडियो सेवा प्रसारण थालनी भएको थियो ।

केन्याको होमा बे पछौटेपनका धेरै समस्याहरूले गाँजेको विपन्न क्षेत्र थियो । स्थानीय समुदायलाई नै यन्त्र उपकरण सञ्चालन गर्ने तालिम दिएपश्चात लुओ भाषामा प्रतिदिन दुइ घण्टा कार्यक्रम प्रसारण हुनथाल्यो । लुओ केन्यामा बोलिने एउटा मुख्य भाषा भएतापनि त्यहाँको प्रभुत्वशाली जनजाती र राजनीतिक समुहको भाषा भने होइन । होमा बे स्टेसन अढाइ बर्षसम्म सफलतापुर्वक चलेपश्चात यसले स्वाहिली र अग्रेजी भाषालाई राष्ट्रिय भाषा बनाउने सरकारी नीतिको विपरीत काम गर्‍यो भनेर सरकारले यसलाइ बन्द गर्‍यो ।

सन् १९९० को दशकको शुरुदेखि मात्रै दक्षिण अफ्रिकामा सामुदायिक रेडियोका लागि अनुकुल बातावरण बन्यो । १९९० पश्चात नै माली, बुर्किनाफास्को, नामिबिया तथा दक्षिण अफ्रिका जस्ता देशहरूमा बायु तरंगलाई स्वतन्त्र गर्ने र आफ्नो राष्ट्रिय प्रसारणको एउटा हिस्साको रुपमा सामुदायिक रेडियोलाई अगाडि बढाउने बाटोमा हिड्न थालेका हुन् । पश्चिमी अफ्रिकाका मुलुकहरू माली, लाइबेरिया, नाइजेरिया, प्रेस स्वतन्त्रता नभएका मुलुकहरू हुन । त्यसैगरी घाना र जाम्बियामा कानुन नभएपनि सामुदायिक रेडियो प्रसारणको अनुमति दिइएको छ । रुबाण्डा, बुरुण्डी, सोमालिया, सुडान, इथियोपियामा सामुदायिक रेडियो सञ्चालनमा छन् ।

**दक्षिण अफ्रिकाको कानुनले तीन प्रकारको रेडियो सेवाको अपेक्षा गरेको छ ।**

**जनहित सेवा** साउथ अफ्रिकन ब्रोडकास्टिङ कर्पोरेसनले प्रदान गर्ने प्रसारण सेवा स्रोता वा दर्शकहरूले रेडियो वा टेलिभिजन उपकरण राखेवापत तिर्ने कर उठाउने कुनै आधिकारिक निकाय वा व्यक्तिबाट उपलव्ध गराइने सेवा प्रणाली हो ।

**निजी सेवा** नाफा कमाउनको लागि गरिने र जनहित प्रसारणको इजाजत नलिएका व्यक्तिको नियन्त्रणमा चलाइने प्रसारण ।

**सामुदायिक सेवा**

क) पूर्ण रुपमा नाफा कमाउने उद्देश्य रहित निकायको नियन्त्रणमा हुन्छ र नाफा नकमाउने उद्देश्यले सञ्चालन गरिन्छ ।

ख) निश्चित समुदायको सेवा गर्छ, निश्चित समुदायको हितमा काम गर्छ ।

ग) यसले सेवा गर्ने समुदायका सदस्यहरू वा समुदायसँग सम्वन्धीत मानिस, वा समुदायको हितका लागि काम गर्ने व्यक्तिहरूलाई प्रसारण गरिने कार्यक्रम छान्न र कार्यक्रमको विषयबस्तुमा सहभागिहुन प्रोत्साहित गर्छ ।

घ) यसको खर्च चन्दा अनुदान कार्यक्रम प्रायोजन, विज्ञापन वा सदस्यता शुल्क वा यी मध्ये एक वा धेरै स्रोतहरूबाट चल्छ ।

नीतिगत एवं कानुनी स्पष्टताका कारण दक्षिण अफ्रिकामा जनहित सेवा, निजी सेवा र सामुदायिक सेवाले प्रसारण गर्ने विषयबस्तु समेत आ–आफ्नै प्राथमिकताका आधारमा तय गर्ने गरेका छन् । नाफा आर्जन गर्ने उदेश्यले स्थापना भएका निजी रेडियो सेवा भन्दा समुदायको सहभागितामा सञ्चालन हुने सामुदायिक रेडियोले स्थानिय भाषा, संस्कृतिलाई महत्वका साथ स्थान दिएको छ । सामुदायिक रेडियो सेवाको व्यवस्थापनमा समेत समुदायको सहभागिता सुनिश्चित गरेको हुँदा निर्णय प्रक्रियामा उनीहरुको सहभागिता हुने गरेको छ ।

### १.२ (घ) अष्ट्रेलिया

अष्ट्रेलिया महादेशमा सन् १९७० को दशकदेखि सामुदायिक रेडियो प्रसारणले प्रवेश पायो । अष्ट्रेलियामा सामुदायिक रेडियोलाई अनुमति दिँदा जनजाति वा भाषिक समुदायप्रति लक्षित गरियो । सरकारी र व्यापारिक रेडियो नपुगेका ठाउँमा प्रसारण गर्नुपर्ने शिक्षामुलक, शास्त्रीय संगीत, जनजाति वा आदिबासी को बसोबास क्षेत्रका लागि सामुदायिक रेडियो बढी

प्रचलित छ ।  अष्ट्रेलियामा ठूला सहरदेखि साना सहर र टापुहरूसम्म गरी करिब चार सय पचासवटा सामुदायिक रेडियो सञ्चालनमा रहेका छन् । अष्ट्रेलियाका सामुदायिक रेडियोहरू स्थानीय संघिय राज्य स्तरका सरकारी अनुदान, सदस्यता, र दानदातव्यबाट सञ्चालित छन् । तर, यहाँ सामुदायिक रेडियोले विज्ञापन र व्यापारिक प्रायोजनका सामग्री प्रसारण गर्न नपाइने कानुनी व्यबस्था छ । प्यासिफिक क्षेत्रका फिजी, न्यूजील्याण्ड, पपुवा न्यूगीनी आदि देशहरूमा पनि सामुदायिक रेडियोको लामो परम्परा छ ।

अष्टे«लिया र न्यूजिल्याण्डमा सामुदायिक रेडियोका लागि अनुकूल कानुनी वातावरण रहेको छ । सरकारले कानुनद्वारा नै सामुदायिक रेडियोलाई स्पष्ट मान्यता प्रदान गरेको छ । अनुकुल कानुनी बातावरण भएकैले अष्ट«लियामा सामुदायिक रेडियो फस्टाउँदो अवस्थामा छ । अष्ट«लिया सयौ जातजाती र भाषा भाषीको बसोबास रहेको क्षेत्र भएकाले एउटै प्रशारण सेवाले यस्तो बहुलतालाई सम्बोधन गर्न कठिन हुन्छ । बहुल भाषा र संस्कृति भएका ठाँउमा सामुदायिक रेडियोले तिनीहरुको संरक्षण र विकासमा सहयोग गर्ने हुँदा यसको महत्व धेरै हुन्छ । आफ्नो  भाषा र संस्कृतिमा आधारित भएर  सामुदायिक रेडियो सञ्चालन हुने हुनाले पनि यस्ता साना सञ्चार माध्यम लोकप्रीय समेत भइरहेका हुन्छन् । समुदायको हरेक गतिविधिमा सामुदायिक रेडियोले सहयोगीको भूमिका निर्वाह गर्ने हुनाले यसको श्रोत व्यवस्थापनमा समेत समुदायले सहयोग गरिरहेका हुन्छन् ।

कानुनद्वारा सामुदायिक रेडियो सञ्चालनसम्बन्धी स्पष्ट व्यवस्था भएकाले अस्ट्रेलियामा सामुदायिक रेडियोले बहुजाति एवं बहुभाषा , संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । रेडियो सञ्चालन प्रक्रियामा समुदायको सहभागिता उत्साहजन बृद्धि भएको छ ।

१.२ (ङ) **एसिया**

एसिया महादेशमा सामुदायिक रेडियोको इतिहास धेरै पुरानो छैन । प्रसारण सेवामाथि राज्यको एकाधिकार सन् १९९० पछि मात्र तोडिने क्रम सुरु भएको हो । श्रीलङ्कामा सरकारी प्रसारण संस्था अर्न्तगत महाबेली सामुदायिक रेडियो सञ्चालनमा आयो । यसको स्वामित्व सरकारमै थियो भने व्यवस्थापन मात्रै समुदायले गरेका थिए । महावेली विकास परियोजना सन्

१९८३ मा सुरु भएको थियो । यो रेडियो महाबेली बिकास परियोजनाले सिंचित गरेको क्षेत्रमा पुनर्बासमा सहभागी करिब १० लाख मानिसको पहिचान एवं मूल्य मान्यता बुझाउन, आत्मनिर्भर बन्न र विकासमा लाग्दाको अनुभव व्यक्त गर्न सहयोग गरेको थियो । त्यसैगरी फिलिपिन्समा युनेस्कोको सहयोगमा सञ्चालन गरिएको ताम्बुली परियोजनाले सन् १९९३ मा रेडियो ओलुटांगा प्रसारण सुरु गरेको थियो । यसको व्यवस्थापन एवं प्रसारणको विषयवस्तु छनौट स्थानीय समुदायले नै गर्छन् । पूर्वी एसियाली मुलुक जापानमा सामुदायिक रेडियोले कानुनी मान्यता प्राप्त गरेको छ । जापानमा प्रसारणमा रहेका सामुदायिक रेडियोले विशेष गरी प्राकृतिक प्रकोपसम्बन्धी जनचेतना अभिबृद्धि र व्यवस्थापनमा आफूलाई केन्द्रीत गरेको पाइन्छ । भुकम्पको जोखिम न्यूनिकरणका उपायाहरू, सुनामीबाट बच्न गर्नुपर्ने तयारी एवं प्रकोप पश्चात अवलम्वन गर्नुपर्ने कार्यहरूका बारेमा रेडियोले महत्वकासाथ प्रसारण गरी सामाजिक लोकप्रीयता आर्जन गरेको छ । अर्को तर्फ पूर्वी एसियाली मुलुक इण्डोनेसिया पनि सामुदायिक रेडियोका लागि उर्वरभूमि मानिन्छ । यहाँ सयौ सामुदायिक रेडियो प्रसारणमा रहेका छन् । दक्षिणपूर्वी एसियाली मुलुकहरू थाइल्याण्ड, लाओस र इष्टटिमोरमा पनि सामुदायिक रेडियो प्रसारणमा छन् । मध्य एसियाली मुलुकहरू जोर्डन, प्यालेष्टाइन, लेबलान र इजरायलमा इन्टरनेटका माध्यमबाट सामुदायिक संस्थाहरूले अनलाइन प्रसारण गरेका छन् ।

बैकल्पिक सञ्चार माध्यमको रुपमा विस्तार भइरहेको सामुदीयक रेडियोमा समुदायको सहभगिता र अपनत्व अभिबृद्धि भइरहेको छ । विभिन्न मुलुकहरुमा एफ. एम. रेडियो सञ्चालनसम्बन्धी फरक कानुनी व्यवस्था भएकाले रेडियोको प्रभावकारितामा समेत विविधता रहेको पाइन्छ ।

## १.२ (च) दक्षिण एसियामा सामुदायिक रेडियो

दक्षिण एसियाली मुलुकमा सामुदायिक रेडियोको शुभारम्भ नेपालबाटै भयो । दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियोको इतिहास बनाउँदै सन् १९७७ को मे २२ मा ( वि.स.२०५४ जेष्ठ ९ मा ) रेडियो सगरमाथाले प्रसारण सेवाको अनुमति पाएको थियो । नेपाल बातावरण पत्रकार समूहले यसको सञ्चालन गर्दै आएको छ । रेडियो सगरमाथा सञ्चालनले सामुदायिक रेडियोप्रति नागरिकको आकर्षण र जिम्मेवारी दुबै बढेको पाइन्छ । यसैले होला

नेपालमा अहिलेसम्म प्रसारणमा आएका सामुदायिक रेडियोहरूको संख्या ३८० पुगिसकेको छ । दक्षिण एसियाली मुलुकमा सामुदायिक रेडियो प्रसारणमा ल्याउने अर्को मुलुक अफगानिस्तान हो । अफगानिस्तानमा सन् २००९ सम्ममा ३५ सामुदायिक रेडियो प्रसारणमा आइसकेका छन् । भारतमा पनि सामुदायिक रेडियोको विस्तारले तिब्रता पाएको छ । भारतले सरकारी एकाधिकार प्राप्त भएको अल इण्डिया रेडियो सेवाको प्रारम्भ सन् १९३५ मा गरेको थियो । सन् १९९५ मा भारतको सर्वोच्च अदालतले रेडियो तरंग सार्बजनिक बस्तु हो भन्ने निर्णय गऱ्यो । प्रसारणमा बजार वा व्यापारिक शक्ति, सरकारी एकाधिकार र जनताका आवश्यकताबीच सन्तुलन मिलाउनु पर्ने आवश्यकतामा जोड दिनुका साथै नागरिकको सूचनाको अधिकार तथा अभिव्यक्ति स्वतन्त्रताको महत्वलाई स्पष्ट पारेको छ । यसले गर्दा बास्तवमा भारतमा स्थानीय भाषा, संस्कृति र रुचिका विषयमा स्थानीय रेडियो सञ्चालन गर्न पाउने अवसरको ढोका खोलिदियो ।

सन् २००५ मा सामुदायिक रेडियोको लागि छुट्टै निर्देशिका निर्माण गरेर सामुदायिक रेडियोले कानुनी मान्यता प्राप्त गरी प्रसारण सेवा समेत थालिसकेको छ । सन् २०११ को अप्रिल महिनासम्ममा भारतमा ८२ बटा सामुदायिक रेडियोले प्रसारण सेवा थालिसकेका छन् । त्यसैगरी बंगलादेशले पनि भर्खरै सामुदायिक रेडियो प्रसारण थालेको छ । सन् २००८ मा सामुदायिक प्रसारणसम्बन्धी छुट्टै कानुनी व्यवस्था गरेपश्चात प्रसारणको निम्ति अनुमति लिन खोज्नेहरूको संख्या बढिरहेको छ । बगंलादेशमा सन् २०११ को सुरुवातसँगै सामुदायिक रेडियोले प्रसारण थालेको हो । बगंलादेशमा सामुदायिक रेडियो सञ्चालनसम्बन्धी नीति समेत तयार पारिएको छ । श्रीलङ्कामा सरकारी प्रसारण संस्था श्रीलङ्कन ब्रोडकास्टिङ कर्पोरेसनको मातहतमा महाबेली नदीमा निर्माण थालनी भएको बाँध परियोजनास्थलका बासिन्दा एवं बसाँइ सरेर आएका बासिन्दालाई लक्षित गरेर सन् १९८८ मा महाबेली रेडियो प्रसारण सेवा प्रणालीको थालनी भएको थियो ।

स्वामित्वका हिसाबले यी रेडियो सरकारकै मातहतमा छ । तर, व्यबस्थापन समुदायले गर्ने हुँदा यसलाई सामुदायिक प्रसारण भन्नेहरू पनि छन् । पाकिस्तानमा निजी क्षेत्रको लगानीका व्यापारिक रेडियो प्रसारणको अनुमति दिइएतापनि सामुदायिक रेडियो प्रसारणको इजाजत

हालसम्म दिइएको छैन । दक्षिण एसियाली मुलुकहरू भुटान र माल्दिभ्समा सामुदायिक रेडियोको थालनी भएको छैन ।

### १.२.(छ) नेपालमा सामुदायिक रेडियो

विश्वमा रेडियो प्रसारण थालनी भएको ९० बर्ष पुगिसकेको छ । नेपालमै रेडियो प्रसारण (रेडियो नेपाल) ले ६० बर्ष पार गरिसकेको छ । सरकारी प्रसारणको रुपमा मात्र यो रहेको थियो । बैकल्पिक सञ्चार माध्यमको रुपमा विकास भएको सामुदायिक रेडियो प्रसारणले विश्वमा ६० बर्षको अनुभव सगालिसकेको छ । सन् १९४७ मा बोलिभियामा कोइलाखानिका मजदुरहरूले आफ्नो हक अधिकार सुरक्षाका लागि सानो वाटको एफ एफ रेडियो सुरु गरेका थिए जसलाई विश्वकै पहिलो सामुदायिक रेडियो मानिदै आइएको छ ।  वि.स. २०४६ को जनआन्दोलनको प्रतिफल स्वरुप प्राप्त नेपालको संविधान वि.स. २०४७ र  प्रजातान्त्रिक सञ्चार नीति वि.स. २०४९ बाट अभिप्रेरित भई वि.स. २०५४ सालदेखि नेपालमा सामुदायिक एफ एफ रेडियो स्थापना भएका हुन् ।

नेपालको सन्दर्भमा नागरिकको सूचना, बिचार तथा अभिव्यक्ति स्वतन्त्रताको हक, दिगो शान्ति र विकासको निम्ति सामुदायिक रेडियोहरू प्रभावकारी सञ्चार साधनको रुपमा स्थापित भएका छन् ।

नेपाल जस्तो भौतिक विकासमा पछि परेको, शैक्षिक, आर्थिक स्थिति कमजोर भएको विविधतायुक्त जात जाती, धर्म, भाषा, संस्कृती, भूवनोट, हावापानी र जैविक विविधता जस्ता अनेक विशेषता भएको मूलुकमा समग्र क्षेत्रको विकासको निम्ति आवश्यक सञ्चार गर्न सक्ने क्षमता राख्ने सञ्चार माध्यम स्थानीय एफएम रेडियो नै हुन् ।

सामुदायिक रेडियो प्रणाली व्यावसायिक रेडियो जस्तो नाफामुखी हुँदैनन् । यो सरकारी रेडियो जस्तो सरकारको एकपक्षीय गुणगान बताउने रेडियो पनि होइन । यसमा सार्वजनिक प्रसारण रेडियो जस्तो सरकारको अप्रत्यक्ष हस्तक्षेप वा जानेबुझ्केका र पढेलेखेका टाठाबाठाहरूको मात्रै पहुँच एवं हालिमुहाली हुँदैन । सामुदायिक रेडियो निश्चित भूगोलमा बसोवास गर्ने एवं उद्देश्य मिल्ने समुदायले आफ्नो हितका लागि आफैले लगानी गरी प्रसारणका विषयवस्तु समेत आफैले

चयन गर्ने एउटा अनौपचारिक प्रसारण माध्यम हो । यसले समुदायकै सहयोगमा आफ्नो खर्चको व्यवस्थापन गर्दछ । समाचार, कार्यक्रम र संगीत प्रसारण प्रणालीमा समेत समुदायले उच्च प्राथमिकता पाउँछ ।

नेपालका विभिन्न जिल्लाहरुमामा सञ्चालित सामुदायिक रेडियोले विषय बस्तुलाई उच्च प्राथमिकता दिएको छ । नेपालमा प्रशारणमा रहेका सामुदायिक रेडियोले करिब ५५ बटा स्थानिय भाषामा समाचार र कार्यकम प्रशारण गरिरहेका छन् । यो कम अझ बढ्दो छ । यसले कला, संस्कृतिको जगेर्नामा समेत मद्दत गरेको छ । समुदायमा भए गरेका विकास निर्माण गतिविधिको प्रचार गर्न तथा समुदायलाई सहज ढगंले सूचना पुऱ्याउने र अभिव्यक्तिको लागि भरपर्दो माध्यम सामुदायिक रेडियो भएको छ । सामुदायिक रेडियो समुदायका मानिसले आफ्नो प्राथमिकता निर्धारण गर्न समाजमा आवश्यक शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय विकास, महिलासम्बन्धी कार्यक्रम एवं जुनसुकै विषयवस्तु जसले समाजमा कुनै पनि किसिमको सकारात्मक परिवर्तनलाई सघाउँछ । प्रसारण क्षेत्रमा बसोवास गर्ने कृषक, मजदुर, व्यवसायी वा जोसुकै किन नहुन् तिनीहरूको पक्षमा बोलिदिने उनीहरूको सुख दुःखका कुराहरू उठाउने माध्यम नै सामुदायिक रेडियो हुन् ।

सन् १९३० को दशकमा एफएम प्रविधिको सफल प्रयोग भएको पाइन्छ । दोस्रो विश्वयुद्धताका सैनिकहरूले एफएम प्रविधिको प्रयोग रणनीतिक सञ्चारका लागि व्यापक रुपमा प्रयोग गरेका थिए । सन् १९४० को दशकमा अमेरिकामा व्यापारिक उद्देश्यले प्रसारणसेवा आरम्भ भएको थियो ।

सानो क्षेत्रमा कम विद्युतबाट सञ्चालन गर्न सकिने प्रविधि भएकाले एफ एम रेडियो संसारभर लोकप्रीय हुँदै गइरहेको छ । थोरै खर्चबाट नागरिकमा सूचना र मनोरञ्जन पुऱ्याउने शसक्त माध्यम भएको हुँदा ग्रामीण समुदायसम्म एफ एम रेडियोको प्रभावकारीता समेत बढेको छ ।

**नेपालका एफएम रेडियोहरूको प्रकृति**

नेपालमा राष्ट्रिय प्रसारण ऐन २०५२ ले कस्ता एफएम रेडियो सामुदायिक हुने र कस्ता व्यावसायिक हुने वर्गीकरण गरेको छैन । ऐनअनुसार सबै रेडियो एकै प्रकारका हुन् । सहकारी

संस्था, गैरसरकारी संस्था, प्राइभेट लिमिटेड कंपनी, स्थानीय निकाय र सरकारले एफएम रेडियो सञ्चालन गर्ने इजाजत लिएका छन् । नेपालमा प्रसारण सामग्री र रेडियो चलाउन प्राप्त गरिने स्रोतको आधारमा रेडियोको वर्गीकरण नभई  स्वामित्वको आधारमा समाजले नै यसको वर्गीकरण गरेको छ ।

जुनसुकै प्रकारको संस्थाले सञ्चालन गरेको एफएम रेडियो भएता पनि आम नागरिकको मन जित्नुपर्ने व्यवसायिक वाध्यताका कारण एफएम रेडियोहरू स्थानीय समुदायको चाहना र आवश्यकतासँग धेरै नै समिपमा रहेर काम गरिरहेका छन् । सबै रेडियो माध्यमको मुख्य आर्थिक स्रोत बजार नै हो । एकै प्रकारको स्रोतवाट एउटै समुदायमा सेवा पुर्‍याउनुपर्ने भएको हुँदा रेडियो सामग्रीको संयोजनमा पनि खास मतमतान्तर देखिएको छैन ।

सहकारी संस्था, गैरसरकारी संस्था र स्थानीय सरकारको नाममा इजाजत लिने रेडियोहरूलाई सामुदायिक रेडियो मानिएको छ । यी रेडियोहरू सामुदायिक रेडियो प्रसारक संघमा आवद्ध भएका छन् । प्राइभेट लिमिटेड कंपनीअन्तर्गत इजाजत लिएका रेडियोलाई व्यावसायिक रेडियो भनिएको छ । प्राइभेट लिमिटेड कंपनीअन्तर्गत इजाजत लिएका एफएम रेडियोहरू ब्रोडकास्टिङ एसोसिएशन अफ नेपालमा संगठित भएका छन् ।

नेपालमा एफ एम रेडियोको फैलावट हेर्दा सहरी क्षेत्रमा स्वतन्त्र व्यापारिक रेडियोहरुको उपस्थिति बाग्लो देखिन्छ । यसैगरी ग्रामीण भेगमा सामुदायिक रेडियोको विस्तार व्यापक भएको छ । नेपालमा स्वतन्त्र रेडियो सञ्चालनमा आएको १५ बर्ष पूरा भइसकेको छ । एफ एम रेडियोको संख्यात्मक बृद्धिसँगै अब गुणस्तरियतामा जोड दिनुपर्ने देखिन्छ । प्रशारण गरिने विषयबस्तुमा विविधता, भाषिक विविधता र लक्षित समुदायको रुचि , चाहना पहिचान गरेर त्यस्ता विषयलाई प्राथमिकता दिनु आवश्यक छ । रेडियोले श्रोताको रुचि र चासोलाई महत्व दिनुपर्ने देखिन्छ । नेपालमा सामुदायिक रेडियो र व्यापरिक रेडियोलाई सम्बोधन गर्ने नीति, नियम अहिलेसम्म एउटै छ । सर्वप्रथम सरकारले सार्वजनिक, सामुदायिक र नीजि एफ एम रेडियोको बर्गिकरण गरेर व्यवस्थित गरिनु पर्दछ ।

**नेपालमा एफएम रेडियोहरूको विकासक्रम**

बर्तमान अवस्थामा ९५ प्रतिशत नागरिकबीच  सामुदायिक एफएम रेडियोको पहुँच रहेको अनुमान गरिएको छ । ७४ जिल्लामा सामुदायिक एफएम रेडियो प्रसारणमा आइसकेको छ । बाँकी जिल्लामा पनि एफएम सेवा खुल्ने तयारीमा छ । वि.स. २०६९  कार्तिक मसान्तसम्ममा नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले ४७१ वटा रेडियो सञ्चालनका लागि इजाजत प्रदान गरिसकेको छ । अहिलेसम्म ३८० एफएम रेडियो स्टेशनहरू सञ्चालनमा आइसकेका छन् । यीमध्ये सामुदायिक एफएम रेडियोको संख्या मात्रै २३० पुगिसकेको छ । नेपालमा एफएम रेडियोहरू सञ्चालनमा आए पश्चात आम नागरिकमा सञ्चारको पहुँच पुगेको छ । आधुनिक समाज निर्माणको निम्ति आमसञ्चार अनिवार्य पूर्वाधार भएकोले यो ऐतिहासिक सफलता मानिएको हो । नेपालमा केन्द्रीकृत शासन व्यवस्थाको मानसिकताका कारण राष्ट्रियस्तरका व्यक्ति, संघसंस्था र निकायहरूको मात्र सञ्चारमा रहेको पहुँच एफएम रेडियोहरूले गाउँ गाउँमा बस्ने व्यक्तिसम्म पुऱ्याइदिएका छन् । नेपालका प्राय सबै सदरमुकाम र सानो आर्थिक केन्द्र बनेको गाउँमा समेत स्थानीय एफएम रेडियो सेवा सञ्चालन गरिएको छ ।

### १.२ (ज) कस्ता रेडियोलाई सामुदायिक रेडियो भन्ने ?

सामुदायिक रेडियो के हो र के को आधारमा कुनै पनि रेडियोलाई सामुदायिक रेडियो भन्न सकिन्छ ? कस्ता रेडियोलाई सामुदायिक भन्न मिल्दैन ? विश्वमा सामुदायिक रेडियोको परिचय दिने विचार र दृष्टिकोण ठ्याक्कै एउटै नभएता पनि केही समानता र विशेषताहरू छन् जसका आधारमा सामुदायिक रेडियोको परिभाषा दिन सक्छौं । कस्ता रेडियोलाई सामुदायिक रेडियो भन्ने विषयमा भूगोल, महादेश र देशैपिच्छे अलग अलग विचार एवं दृष्टिकोण विद्यमान रहेको छ । कतिपय ठाउँमा रेडियोको स्वमित्वको आधारमा यसको नामाकरण गर्ने गरिएको छ त्यस्तै कतिपय देशमा स्वामित्वका साथै रेडियो सञ्चालन प्रक्रियामा समुदायको सहभागितालाई पनि आधार मानिन्छ । समुदायको निर्णय प्रक्रियाका साथै रेडियो माध्यमले सञ्चालन गर्ने कार्यक्रमको आधारमा पनि सामुदायिक हो होइन भन्ने तथ्य छुट्याउने गरिएको छ । त्यसका साथै रेडियोले कसको सेवा गरिरहेको छ र समुदायको निर्वाध पहुँच  रेडियोमा छ छैन भन्ने आधारमा पनि यसको नामाङ्करण गर्ने गरिएको छ ।  सामुदायिक रेडियोको स्वमित्व, सञ्चालन प्रक्रिया, यसले अँगाल्नुपर्ने नीति तथा प्रसारण गर्ने विषयवस्तुका बारेमा समेत यस क्षेत्रका

अगुवा संघसंस्था एवं सरोकारवालाहरूले गरेको घोषणाबाट यस माध्यमलाई बुझ्न थप सहयोग गर्छ ।

**फेडरेशन अर्जेन्टिना रेडियो कम्यूनिकेटर्स एफ ए आर ओ अर्जेन्टिनाका अनुसार** तेस्तो रेडियो स्टेशन जसले समुदायको हित र सूचनाको विश्वव्यापी अधिकारलाई पालना गर्दछ, यसबाट सूचना प्रवाहलाई सहज र दिगो बनाउन सहकार्य गर्छ । यस प्रकारका रेडियो स्टेशन जसले आफूलाई समाजको अभिन्न अंगको रुपमा प्रस्तुत गर्दछ । यसबाट बहुसंख्यक जनताको सहभागिता, बहुलवादी समाजको निर्माण, सामाजिक तथा साँस्कृतिक विविधताद्वारा व्यापारिक रेडियोभन्दा फरक रुपमा उभिन्छ । यसबाट सूचना पाउने र सुसूचित हुने अधिकारको अभ्यास गर्दछ । यस्तो रेडियो व्यापारिक प्रयोजनबाट प्रेरित नभई सेवामूलक हुन आउँदछ ।

सामुदायिक रेडियोको परिचय दिंदै **मार्गदर्शक अमार्क अफ्रिका र पानस दक्षिण अफ्रिका १९९८ का अनुसार** सामुदायिक रेडियो जसले आवाजविहिनहरूको आवाज, जाति तथा लिङ्गको कुनै भेदभावविना पिछडिएको वर्गको प्रतिनिधि र विकासको अवधारणा प्रति सहयोगी हुनु नै सामुदायिक रेडियोको ऐतिहासिक मान्यता हो । नाफा नकमाउने समूहको स्वामित्व र वर्चस्व प्राप्त भएको तथा सामूहिक सहभागिता सामुदायिक रेडियोका मुख्य तीन आधारभूमिहरू हुन् । यहाँ के कुरा प्रष्ट हुनुपर्छ भने सामुदायिक रेडियोले समुदायको लागि केही गरिरहेको होइन कि समुदायले आफ्नै लागि केही गरिरहेको हुन्छ । आखिर यसको स्वामित्व र संचालनमा समुदायकै पकड विद्यमान हुन्छ ।

सामुदायिक रेडियोले आफ्नै उत्पादन र प्रसारण गर्छ । माध्यमको आफ्नो छुट्टै विशिष्ट संजाल छ । यसको नाम र काम गर्ने तरिका आ-आफ्नै किसिमको हुन्छ । सामुदायिक, ग्रामीण, सहकारी सहभागितात्मक, स्वतन्त्र, वैकल्पिक, लोकप्रिय, शैक्षिक इत्यादि रेडियोहरू सबै सामुदायिक प्रसारकका रुपमा चिनिन्छन् । कुनै साङ्गितिक मात्रै छन् । कुनै फौजी र कुनै यी दुवै मिस्रित छन् । छुट्टै अनकन्टार गाउँमा पनि छन् र ठुला सहरको मुटुमा पनि छन् । कसैको पहुँच एक किलोमिटर मात्र छ भने कसैको पुरै देशभरि अथवा सर्टवेभद्वारा संसारका अन्य कुनै ठाउँमा पनि पुऱ्याइएका छन् । कुनै रेडियो नाफा नकमाउने संस्था वा सहकारीले चलाएका छन् जसका स्रोताहरू नै यसका सदस्य छन् । अन्य कुनै विद्यार्थी, विश्वविद्यालय, नगरपालिका, चर्च र मजदुरहरूले चलाएका छन् । कुनै रेडियो स्रोताको चन्दाबाट, कुनै अन्तर्राष्ट्रिय विकास

संस्थाहरूबाट त कुनै विज्ञापनबाट र कुनै सरकारी स्रोतबाट चलेका छन्" **वेभ्स फर फ्रिडम रिपोर्ट अन द सिक्थ वर्ल्ड कन्फेरेन्स अफ कम्युनिटी रेडियो ब्रोडकास्टर्स डकार सेनेगल,जनवरी २३ २९(१९९५**)

यस प्रकारका रेडियो प्रसारणले जनसहभागिता बढाउँछ र उनीहरूको चाहनाको कदर गर्छ जब बहुसंख्यक जनताको रुचिको प्रतिनिधित्व गर्छ । यसबाट स्वच्छ मनोरञ्जन प्रदान गर्छ, आशा जगाउने यसको मुख्य उद्देश्य रहन्छ । यसबाट सत्य सूचना प्रवाह गर्छ, तथा दैनिक आइपर्ने समस्याहरूको समाधान निकाल्छ । सबै कार्यक्रमहरू अन्तरक्रियात्मक रहन्छ र सबै विचारले समान कदर पाउँछन् । यसरी पैसा भन्दा सांस्कृतिक विविधताले प्रमुखता पाउँछ, यहाँ महिलालाई विकाउ र सौन्दर्य साधनको रुपमा भन्दा संचारको मुख्य भूमिकामा प्रस्तुत गर्छ । यस प्रणाली कुनै एक वर्ग विशेषको आधिपत्य कायम रहँदैन चाहे त्यो कुनै संगीतको होस् वा कुनै ठुलो रेकर्डिङ स्टुडियोको र जो कोहीको आवाज पनि कुनै पूर्वाग्रह र रोकतोक विना प्रसारण हुन्छ भने त्यो सामुदायिक रेडियो हुन्छ । यस प्रशारणको रेडियोले  आफूलाई पैसा र विज्ञापनमा विकाउ बनाउँदैन । यस प्रणालीको मुख्य उद्देश्य समाजका नकारात्मक विषयहरूलाई हटाउने रहन्छ । अवश्य पनि यो राजनैतिक विषयले प्रेरित रहन्छ , तर त्यो जनमतबाट प्रभावित हुनु पर्दछ । कुप्रथाको अन्त्य, चेतनाको अभिवृद्धि, प्रजातन्त्रको विकासमा लाग्छ र यसको मुख्य लक्ष्य भनेको जनस्तर माथि उठाउनु हुन्छ ।"  **गाइडफर प्यासोनेट रेडियो मेकर्स १९९७**

"ल्याटिन अमेरिकामा लगभग एक हजारको संख्यामा सामुदायिक, शैक्षिक, ग्रामीण वा स्थानीय रेडियो सेवा कार्यरत रहेका छन् । तिनीहरू समाज परिवर्तका संवाहक, मानव अधिकारको संरक्षक र राजनैतिक अधिकारको प्राप्तिका लागि सबैको समान सहभागिता गराउने साधनको रुपमा चिनिन्छन् । साथै ती रेडियो नाफा नकमाउने उद्देश्यबाट प्रेरित छन् र तिनीहरू बजारमा आफ्नो स्थानको लागि अस्वस्थ सघंर्ष वा प्रतिस्प्रर्धा गर्दैनन् । सामुदायिक र ग्रामीण रेडियोहरू समसामयिक राजनीति तथा साँस्कृतिक विषयहरूमा जनताको प्रतिनिधित्व गर्दछन् । उनीहरुको सूचना र आर्थिक विषयहरूमा समान उद्देश्य र रुचि राख्छन् । सामुदायिक र जनताका रेडियो अन्य भाषा, प्रकार, आवाज, संगीत आदि सबैलाई समान व्यवहार गर्दछन् । यसले समाजमा नयाँ छलफल सृजना गर्छ, स्रोतासँगको सम्बन्ध मजबूत पार्छ, प्रश्नोत्तरको नयाँ तरिका

पहिल्याउँछ र सम्बन्धित निकायमाथि खबरदारी गर्ने तथा दबाब सिर्जना गर्ने काम गर्छ ।" **सामुदायिक रेडियो व्यवस्थापन क्लाउडिया भिलामयर र अर्नेष्टो लामास अमार्क र फ्रेडरिक ईबर्ट स्टिफस्टुफटुङ १९९८**

नेपालमा पछिल्लो समयमा सामुदायिक रेडियोको संख्या अपूर्व रुपमा बढेको भएता पनि कानुनको हिसाबमा अहिलेसम्म सामुदायिक, सार्वजनिक र व्यापारिक रेडियो भनेर परिभाषित गरिएको छैन । नेपालका सामुदायिक रेडियोहरूको छाता संगठन **सामुदायिक रेडियो प्रसारक संघ नेपालले** कानुनी मान्यताको लागि संघर्ष गर्दै आएको छ । सामुदायिक रेडियोलाई छुट्टै नीति र कानुनबाट सम्बोधन गराउन पैरवी गर्दै आएको संघले सरकारलाई बुझाइएको मस्यौदा विधेयकमा सामुदायिक रेडियोमा हुनुपर्ने आधारभूत चरित्रहरू भनेर निम्न विषयबस्तुतर्फ प्राथमिकता दिएको छ ।

१. रेडियो माध्यमको स्थापना निश्चित समुदायका सदस्यहरूबाट गरिने अर्थात् रेडियोमा त्यो समुदायका सदस्यहरूको स्वामित्व रहने,

२. कार्यक्रमको निर्धारण तथा रेडियो सञ्चालन सेवामा समेत सम्बन्धित समुदायको पूर्णतः सहभागिता रहने,

३. रेडियोबाट गरिएको मुनाफा (बचत) सोही समुदायको हितमा खर्च गर्ने,

४. रेडियोको इजाजत प्राप्ति तथा सञ्चालनमा कुनै पनि सरकारी निकाय तथा राजनीतिक दलहरूको संलग्नता हुन नहुने ।

माथिका यी परिभाषाहरूको आधारमा के भन्न सकिन्छ भने सामुदायिक रेडियो कायम हुनका लागि समुदायको स्वामित्व, विषयवस्तुको छनौट एवं सञ्चालन प्रक्रियामा समुदायको सहभागिता ,गैरनाफामूलक समुदायको आवश्यकताका सूचना र जानकारीलाई प्रसारण गर्ने तथा पछाडि पारिएका समुदायको आवाज बोल्ने हुनु आवश्यक छ ।

## १.३ समस्याको कथन

महिला सशक्तीकरणका लागि भए गरेका आन्दोलनहरू, यसले ल्याएको सामाजिक र राजनीतिक परिवर्तन, अन्तर्राष्ट्रिय स्तरमा भए गरेका प्रयासहरू एवं अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले गर्दा महिला सहभागिता हरेक क्षेत्रमा बढेको छ । तीव्र गतिले सञ्चार माध्यममा भए गरेका विकास र परिवर्तनले गर्दा पत्रकारिताको शैलीमा समेत विविधतापूर्ण सामग्री थपिएका छन् । सञ्चार प्रविधिको विकासले ठूला सहरदेखि गाउँ तहसम्म यसप्रतिको आकर्षण बढ्दो छ । सञ्चार माध्यमको विकासको व्यापकताले यससम्बन्धी अध्ययन अध्यापन सेवा गर्ने, तथा तालिम दिने संस्थाहरूको पनि वृद्धि भएको छ । यस कारणले सञ्चार माध्यममा पुरुषका साथै महिलाहरूको संलग्नता बढिरहेको छ । २०५८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ३१ लाख ५१ हजार ४२३ मध्ये ५०.१% महिला छन् भने ४९.९% पुरुष रहेका छन् । नेपाली समाजमा महिला र पुरुषबीचको लिङ्गभेद अझै पनि कायम देखिन्छ । कूल जनसंख्याको आधाभन्दा बढी जनसंख्या महिलाको भएता पनि समाजको विकास र रुपान्तरणका उद्देश्यले सञ्चालन गरिएको सामुदायिक रेडियोमा महिलाको सहभागिताको अवस्था अध्ययन गर्न जरुरी छ ।

समग्रमा सञ्चार क्षेत्रमा महिलाहरूको सहभागिता न्यून त छ नै, त्यसमाथि पनि जो यस पेसामा कार्यरत छन्, तिनीहरूले पनि यस क्षेत्रलाई निरन्तरता दिन सकेको देखिंदैन । यस क्षेत्रमा महिलाको उपस्थिति तल्लो तहमा भएता पनि निर्णय गर्ने र व्यवस्थापन तहमा उपस्थिति न्यून मात्रामा नै छ । नेपालमा सामुदायिक रेडियोको संख्यात्मक वृद्धिसँगै सोही अनुरुपमा महिलाको सहभागिता बढेको छ त ? विशेषगरी सामुदायिक रेडियोको नीति निर्माण तहमा महिलाको सहभागिता समान रुपमा हुन सकेको छ कि छैन । सामुदायिक रेडियोमा महिलाको सहभागिताका साथै रेडियोले प्रसारण गर्ने समाचार र कार्यक्रममा लैङ्गिक समानताको दृष्टिबाट महिलाका विषयवस्तु प्राथमिकतामा परेको छ छैन अध्ययन गर्नु आवश्यक छ ।

यस अध्ययन मूलतः निम्न प्रश्नहरूमा केन्द्रित भएर गरिने छ ।

१) नेपालमा सामुदायिक रेडियोसम्बन्धी के कस्ता नीतिनियमहरू विद्यमान छन् ?

२) सामुदायिक रेडियोमा महिलाको सहभागिता के कस्तो छ ?

३) सामुदायिक रेडियोमा लैङ्गिक समानताको निम्ति विशेष नीति नियम निर्माण गरिएको छ कि छैन ?

## १.४ अध्ययनको उद्देश्य

अध्ययनका निम्न उद्देश्यहरू रहेका छन् :

(क) सामुदायिक रेडियो सञ्चालनसम्बन्धी कानुनी व्यवस्थाको अध्ययन गर्ने

(ख) सामुदायिक रेडियोमा महिला सहभागिता तथा लैङ्गिक समानताको स्थितिको अध्ययन गर्ने

(ग) सामुदायिक रेडियोको शासकीय स्वरुप, संस्थागत अवस्था र सञ्चालन नीतिको अध्ययन गर्ने

(घ) सामुदायिक रेडियोको आर्थिक र व्यवस्थापकीय क्षेत्रमा महिला सहभागिताको अवस्था अध्ययन गर्ने

## १.५ शोधपत्रको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको सातौं पत्रको प्रयोजनको लागि तयार परिएको हो ।

## १.६ अध्ययनको सान्दर्भिकता

सामाजिक रूपान्तरणका लागि अपरिहार्य तत्वको रुपमा मानिएको समावेशी प्रजातन्त्र सुनिश्चित गर्नको लागि लैङ्गिक समानता अत्यावश्यक तत्वको रूपमा लिइन्छ । नेपालमा सामुदायिक रेडियो आवाजविहीनहरूको आवाज उजागर गर्दै नागरिकलाई सुसूचित र न्यायपूर्ण समाज निर्माण गर्ने उद्देश्यका साथ स्थापना भएका छन् । सामाजिक रूपान्तरणको अन्तिम लक्ष्य लिएका सामुदायिक रेडियो समावेशी प्रजातन्त्र र समावेशी विकासलाई सवल बनाउने महत्वपूर्ण साधन हुन् । रेडियोले यो अभियानमा कत्तिको सफलता आर्जन गर्‍यो त भन्ने

स्वभाविक जिज्ञासा उठ्न थालेको छ । तर प्रश्न उठ्छ- "सामुदायिक रेडियो आफैमा कति समावेशी छन् ?" त्यस्तै अर्को सवाल उठ्छ-"सामुदायिक रेडियोहरूलाई समावेशी बनाउन के गर्नुपर्छ ?" यी प्रश्नहरूको जवाफ खोज्नको निम्ति यस अध्ययनको महत्व र सान्दर्भिकता छ ।

**१.७ अध्ययनको महत्व तथा औचित्य**

सूचना तथा सञ्चार प्रविधिको विकासले गर्दा विश्वमा यतिवेला सूचना प्राप्त गर्ने र पठाउने कार्य धेरै नै सुलभ र सरल बनेको छ । केही वर्ष अघिसम्म अनौठो र पहुँचभन्दा बाहिर रहेका यस्ता प्रविधिहरू हिजोआज दैनिक जीवनका उपयोगी सामग्री बनेका छन् । यसले गर्दा ग्रामीण भेगका कुना कन्दरासम्मका नागरिकको सूचनाको पहुँच बढेको छ ।

हिजोको औपचारिक एवं माथिबाट तलतिर सूचना समाचार सम्प्रेषण गर्ने तरिका समेत बदलिएको छ । समुदायले आफ्ना लागि आफैले सूचना र समाचार लिने दिने कार्य गरिरहेका छन् । यो सबै सामुदायिक रेडियोको स्थापनाले सम्भव बनाइदिएको हो । नेपालका लागि रेडियो सरल सञ्चार माध्यम हो भन्ने विषय विगत एक दशकमा ग्रामिण भेगको कुना काप्चासम्म पनि एफएम रेडियो सञ्चालनमा आउनुले बताउँछ । रेडियोहरूमा पनि समुदायको स्वामित्व र सहभागितामा सञ्चालन भएका सामुदायिक रेडियोले समुदायमा पुऱ्याएको योगदानले सामाजिक रुपान्तरणमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

सामुदायिक रेडियोले समुदायका रुचि र सरोकारका विषयवस्तु प्राथमिकताका साथ प्रसारण गर्ने हुनाले यसले समुदायको मूल्य मान्यता एवं संस्कृति जगेर्नामा सहयोग पुऱ्याइरहेको छ । यो अध्ययनले सामुदायिक रेडियोको नीति निर्माण तहमा कार्यरत व्यक्तिहरू, व्यवस्थापन क्षेत्रमा क्रियाशील व्यक्तिहरू तथा सामुदायिक रेडियोको अध्ययन अनुसन्धानमा संलग्न सबैलाई सहयोग पुऱ्याउन सक्छ । त्यसैगरी नेपालको सामुदायिक रेडियोका सरोकारवाला निकायहरू र यसको पैरवी कार्यमा संलग्न व्यक्ति वा समूहका लागि पनि यो विषय उपयोगी हुन सक्छ ।

यो अध्ययन भविष्यमा यस विषयमा अध्ययन गर्नेहरूको लागि सन्दर्भ सामग्रीको रुपमा पनि प्रयोग हुन सक्छ । यस अध्ययनले सामुदायिक रेडियोमा महिला सहभागिताको अवस्थावारे यथासम्भव खोजविन र व्याख्या गर्ने भएकोले उनीहरूको समस्याको समाधानका उपाय पत्ता लगाउने सन्दर्भमा पनि यस अध्ययनको महत्व छ ।

## १.८ अध्ययनको सीमा

यस अध्ययन स्नातकोत्तर तह पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग अन्तर्गत पत्रकारिता विषयको आंशिक आवश्यक्ता पूरा गर्न एक विद्यार्थीको हैसियतले अनुसन्धान गरिएकोले समय, स्रोत र साधनको सीमितता भएतापनि सकेसम्म आवश्यक तथ्याङ्क संकलन गरिने छ । तथ्याङ्क संकलन गर्ने क्रममा निम्नानुसार सीमाहरू तोकिएका छन् ।

१. नेपालका सामुदायिक रेडियोहरूमध्ये प्रत्येक विकास क्षेत्रबाट कम्तीमा तीनवटा स्टेसन समेट्ने गरी पाँच विकास क्षेत्रबाट जम्मा २५ वटा सामुदायिक रेडियोहरूको अध्ययन गरिनेछ ।

२. यस अनुसन्धानात्मक शोधपत्रले नेपालभर रहेका सामुदायिक रेडियोमध्ये अध्ययनको छनौटभित्र परेका २५ वटा सामुदायिक रेडियोको शासकीय स्वरुप तथा नीति र संस्थागत अवस्थाको अध्ययनलाई समेट्नेछ ।

अध्याय दुई

# सन्दर्भ सामग्रीको पुनराबलोकन

पत्रकारिताको परम्परागत परिभाषाबाट आज सञ्चार माध्यम सूचना प्रविधिमा भएको विकासका कारण व्यापक विस्तार भएको छ । सञ्चार माध्यमको विकास र विस्तारसँगै यसमा समाबेशिताको आवाज पनि उठेको छ । प्रभाव र पहुँचका हिसाबले सञ्चार माध्यमलाई राष्टि«य , क्षेत्रीय र स्थानिय भनेर अध्ययन गर्न थालिएको छ । प्रकारका हिसाबले विधुतिय वा छापा हरेकमा लैगिंक समानताको सबाल अझ व्यापक रुपमा उठेको छ । अझ बैकल्पिक सञ्चार माध्यमका रुपमा विकास भएका सामुदायिक सञ्चार माध्यम पछाडि पारिएका , कमजोर आर्थिक अवस्था भएका, अवशरबाट बन्चित एवं राज्यको मूलधारमा समेटिन नसकेका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गरिनु पर्नेमा जोडदारसँग औंल्याइएको छ । सञ्चार माध्यममा समान सहभागिता नभएसम्म उक्त सञ्चार माध्यमले कसरी समान विचार र दृष्टिकोण प्रसारण गर्न सक्छ भन्ने प्रश्न उठेका छन् ?

हाल प्रकाशन हुन छाडेको अस्मिता पत्रिकाले २०४९ र २०५४ सालमा गरेको अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार संचार क्षेत्रमा कार्यरत महिला पत्रकारको सहभागितालाई तुलना गर्ने हो भने सरकारी संचार माध्यमहरु रेडियो, टि.भि. राष्ट्रिय समाचार समिति तथा गोरखापत्र संस्थानमा महिलाको उपस्थिती केही मात्रामा बढेको छ । २०४९ सालमा यी सञ्चार माध्यममा महिला पत्रकारको सहभागिता १२.३ प्रतिशत थियो भने २०५४ सालमा ०.१६ प्रतिशत बढेर १२.१९ प्रतिशत पुगेको देखिन्छ । यी तथ्याङ्कका आधारमा महिला र पुरुषवीच असमानाताको अवस्था हेर्दा वर्तमान संचार नीतिहरु महिला अनुकुल हुनु आवश्यक देखिन्छ ।

वि.सं. २०५९ सालमा अस्मिता समूहले काठमाडौंका २३ वटा सञ्चारगृहमा गरेको सर्बेक्षणले त्यहाँ महिलाको सहभागिता १९.४ प्रतिशत रहेको देखाएको थियो । त्यसैगरी मार्टीन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्रले काठमाडौं उपत्यका र उपत्यका

बाहिरका २२ वटा सहरी क्षेत्रका ११४ वटा प्रकाशन गृहमा गरेको अध्ययनले पत्रकारितामा महिलाको सहभागिता ५ प्रतिशतमात्र रहेको देखाएको थियो ।

हाल नेपाल पत्रकार महासंघको कुल सदस्य संख्या ८०१३ रहेको छ । यस मध्ये महिला सदस्य संख्या ११२९ रहेको छ । महासंघको सदस्याको यो तथ्याकंलाई आधार मान्ने हो भने पत्रकारितामा महिलाको सहभागिता जम्मा १४ प्रतिशत मात्र देखिन्छ ।

अझै पनि महिलाको पक्षमा संचार नीतिहरु पर्याप्त छैनन् । महिलाको पक्षमा लैंगिक समानताको आधारमा संचार माध्यमको विकास गर्ने कुनै ठोस राष्ट्रिय योजना बनेको छैन । आठौं पञ्चवर्षिय योजनामा महिलालाई विकासमा सहभागी बनाउन शिक्षा, स्वास्थ्य, वन, कानून, कृषि अािद क्षेत्रमा महिला सहभागिता बढाउने नीति लिएपनि यसले महिला र संचारका पक्षमा खासै उल्लेख गरेको छैन ।

संगठित क्षेत्र मध्ये सरकारी सेवा क्षेत्र एउटा महत्वपूर्ण ठाँउ हो । २०४० सालको तथ्यांङ्क अनुसार सरकारी सेवामा महिलाको सहभागिता ४.२ प्रतिशत थियो । एक दशक पछि २०५० सालमा आइपुग्दा यो प्रतिशत ५ मात्र रहेको थियो । संवैधानिक निकाय लगायत नीति निर्माण प्रकृयाको उच्च तहमा महिला सहभागिता न्यून छ । शिक्षण पेशामा, स्वास्थ्य सेवामा महिलाको सहभागिता अन्य क्षेत्रको तुलनामा केहि सन्तोषजनक छ । तर औद्योगिक व्यापारिक प्रतिष्ठानमा त्यति उत्साहप्रद स्थिति देखिदैन । कलकारखाना लगाएत उद्योग धन्दाले महिलाका लागि रोजगारी सृजना गरेको भएतापनि काम गर्ने वातावरण नभएबाट र अन्य विविध कारणबाट केहि हदसम्म उनीहरुको श्रमको उचित मूल्यांङ्कन भएको छैन । एकातिर यस्तो स्थिति छ भने अर्कोतिर देशको समग्र उत्पादनमा महिलाको महत्वपूर्ण भूमिकालाई कसरी परिणामात्मक रुपमा मापन गर्ने भन्ने बारे उच्च स्तरमा वैचारिक सोच उत्पन्न भएको छैन । (कोइराला, २०५४)

सन् १९९५ मा बेइजिङ महिला सम्मेलनले उठाएका १२ वटा चासोका क्षेत्र मध्ये “महिला र संचार” पनि एक हो । संचारलाई महिलाको पक्षमा उपयोग गर्न र महिलाको संचार नीति निर्णायक तहमा पहुँच बढाउन, सहभागिता अभिवृद्धि गर्न लैंगिक दृष्टिकोण अनुरुप महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले “लैगिक समानता तथा महिला सशक्तिकरण

कार्ययोजना तर्जुमा गरेको थियो । जसले संचार क्षेत्रमा निम्न चारवुँदे नीति योजना तय गरेको देखिन्छ ।

१) संचारमा लैंगिक संवेदनशीलता हटाउने ।

२) संचार माध्यममा महिलाको सकारात्मक छवि प्रस्तुत गर्ने ।

३) महिलालाई संचार क्षेत्रको निर्णायक तहमा सहभागि बनाउने तथा

४) वैकल्पिक संचार माध्यमको विकास गर्ने ।

"प्रत्येक व्यक्तिलाई बिचार स्वतन्त्रता र प्रकाशनको अधिकार प्रदान गरेको छ । बिना कुनै हस्तक्षेप मतग्रहण गर्न र बिना रोकतोक कुनै माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार निजलाई हुने छ ।" **मानबअधिकारसम्बन्धी बिश्वव्यापी घोषणापत्र**

१.प्रत्येक व्यक्तिलाई कुनै हस्तक्षेप विना बिचार राख्ने अधिकार हुनेछ ।

२.प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रता हुनेछ, यस अन्तरगत सम्पूर्ण प्रकारका सूचना तथा बिचार विना बन्देज मौखिक, लिखित अथवा मुन्द्रित, कलात्मक रुपमा वा आफ्ना छनौटका माध्यम मार्फत खोज्ने,प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समावेश हुनेछन् । **नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १९**

"व्यापारिक रेडियोको दबदबा रहेको बेलामा पनि सामुदायिक रेडियो समुदायमा समुदायकै लागि समुदायद्वारा सञ्चालित रहन्छ । त्यहाँ रेडियोको सञ्चालन र कार्यक्रम उत्पादनमा व्यापक जनसहभागिता रहन्छ । यो जनसहभागिता फिलिपिन्सको व्यापारिक रेडियोको भन्दा पृथक हुन्छ । यहाँका रेडियो अंग्रेजीको "पिपिपिपि" (प्रोफिट, प्रोप्रोगाण्डा, पावर, पोलिटिक्स) अर्थात नाफा, प्रचार, शक्ति र राजनीतिबाट सञ्चालित छन् र जनताको लागि भन्ने कुरा कर्मचारीतन्त्रका अगाडि इजाजत प्राप्त गर्नका लागि देखाउने वस्तु मात्र हो । रेडियो स्टेशन जनताले सामूहिक रुपमा चलाएको हुनुपर्छ, विकासप्रति समर्पित, शिक्षा र सशक्तीकरण, प्रजातन्त्र र जनसहभागिता यसको लक्ष्य हुनुपर्दछ । ताम्बुली रेडियो प्रोजेक्टफिलिपिन्स खुला, स्वतन्त्र अनि ग्रामीण रेडियोहरू मानवअधिकारप्रति सचेत र वातावरणप्रति चासो राख्ने हुन्छन् । तिनीहरू धेरै र बहुलवादमा विश्वास राख्ने हुन्छन् । तिनीहरू सञ्चारमा व्यापारीकरणको विरोध गर्छन् ।

तिनीहरू पत्रकार आचारसंहिताको पालन गर्न, कलाकारहरूलाई आफ्नो स्रोतामाझ पुग्ने अवसर प्रदान गरी संस्कृतिको जगेर्ना गर्ने काम गर्छन् ।" **चार्टर कन्फिडिरेशन नेशनल रेडियो लिब्रस, सि एन आर एल, फ्रान्स**

"पहिलो त सामुदायिक रेडियो समाचार उत्पादन, सूचना, मनोरञ्जन तथा स्थानीय विषयवस्तुलाई समेटेर तयार पारिने साँस्कृतिक सामग्रीमा सक्रिय जनसहभागिता रहने भनेर चिनिन्छ । स्थानीय व्यक्तिहरूलाई तालिम दिएर स्थानीय आवाज समावेश कार्यक्रम प्रसारण गर्न सक्छ । रेडियोको सञ्चालन र व्यवस्थापनमा समुदायले सक्रिय सहभागिता जनाउनुका साथै कार्यक्रमको छनोटमा पनि हात रहन्छ । दोस्रो चरणमा यो प्रणाली नाफारहित हुनुपर्छ । तीव्र व्यापारीकरणको यो युगमा सामुदायिक रेडियोको मुख्य लक्ष्य भनेको विज्ञापनदातामुखी नभई स्वतन्त्र र जनउत्तरदायी हुनुपर्दछ । जनसमुदाय आफैको स्वामित्व रहने हुँदा यसले रेडियो सञ्चालनमा केही उत्तरदायित्व वहन गर्नु पर्दछ । तेस्रो, सामुदायिक रेडियोको कार्यक्रम समुदाय आफैले बनाउने तथा सामाजिक र साँस्कृतिक स्तर माथि उठाउने खालको हुन्छ । के कस्ता खालको सूचना सामाग्री आवश्यक छ भन्ने बिषय समुदाय आफैले निर्णय गर्छन् ।" **भोईसेस ईन्डिया**

"धेरै वर्षदेखि सामुदायिक रेडियो समुदाय विकासको महत्वपूर्ण साधनको रुपमा रहिआएको छ । जनताले एक अर्कालाई यसको माध्यमले चिन्छन् अझ त्योभन्दा पनि यसको सहायताले सूचना आदानप्रदान गरिआएका छन् । सामुदायिक रेडियो फ्रेन्च क्यानेडियन माझ साँस्कृतिक प्रसारणको माध्यम हुन पुगेको छ । यसको गीत तथा सांगीतका तरङ्गहरूले फ्रेन्च भाषीहरूलाई सेवा दिइरहेको छ । सामुदायिक रेडियो हाम्रो सँस्कृतिको सबैभन्दा उत्तम वाहक हुन् । स्रोताहरूमाझको छवि नै सामुदायिक रेडियो नियन्त्रणको आधार हो । मुख्य कुरा स्रोताले फरक मौलिक पहिचान पाउनु पर्छ । सामुदायिक रेडियोले एक अर्कालाई नजिक ल्याउँछ, अरुसँग पुग्ने आधार तयार गर्छ । अरुलाई आफूजस्तो बनाउने होइन कि जे छ त्यही बन्न सिकाउँछ । क्यानडाका सामुदायिक रेडियोको प्रश्न यहाँ धेरै हुनुको होइन तर ? हुनुको हो । जनतालाई उनीहरूसँग भएको कुरामा गौरव गर्न सिकाउनु के यो साच्चै महत्वपूर्ण साँस्कृतिक कार्य होइन र ?" **अलाईन्स रेडियो कम्युनिकेशन क्यानडा, ए आर सी क्यानडा**

सन् १९९५ मा चीनको बेइजिङ्मा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिलाको विकास र समानताका लागि बाधक रहन पुगेका १२ वटा सरोकारका क्षेत्रहरूलाई पहिचान गरेको थियो, यसमध्ये दशौ बुँदामा महिला र सञ्चारलाई पनि एउटा मुख्य क्षेत्रको रुपमा खुट्याइएको थियो । यस बुँदाले सञ्चारमाध्यममा महिलाको पहुँच तथा सहभागितामा रहेको असमानतालाई हटाउनु पर्छ भन्ने बिषय प्रति जोड दिएको छ ।

“मूलधारे सञ्चारमाध्यमहरू प्रथमत पुरुषधारे (मेलस्ट्रीम) हुन्छन् । यी माध्यम पुरुषद्वारा सिर्जित, सञ्चालित तथा नियन्त्रित छन् । यी माध्यमले पितृसत्ताको चरित्रलाई पछ्याउछन् । जुन चरित्रले महिलालाई एक उपभोग्य बस्तुको रुपमा मात्र उपयोग गर्ने र हेर्ने गर्छ । समाजमा महिलाहरूको योगदानलाई पर्दा पछाडी पार्छ र लैङ्गिक भूमिकालाई परम्परागत ढाँचामा प्रस्तुत गर्छ ।” **भारतीय नारीबादी कार्यकर्ता कमला भसिनको टिप्पणी सन् १९९४**

टङ्क उप्रेतीले गर्नुभएको एक अध्ययन अनुशार नेपाली टेलिभिजन उद्योगमा कार्यरत कुल जनशक्ति मध्ये महिलाहरूको उपस्थिति १८.६७ प्रतिसत रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०५८ अनुशार देशको कूल जनसंख्यामा महिलाहरूको उपस्थिति ५०.०४ प्रतिशत छ । टेलिभिजनमा कार्यरत महिलाहरूमा पनि विशेष गरी सहायक स्तर, सहयोगी र गौण भूमिकामा उनीहरूको उपस्थिति धेरै रहेको अध्ययनले देखाउँछ । निर्णायक तहमा महिलाको पहुँच नहुँदा विषयगत प्रभावकारिता समेत कमजोर रहेको अध्ययनबाट बुझ्न सकिन्छ । टेलिभिजनमा महिलाहरुको भूमिका समाचार वाचन तथा विज्ञापनमा मोडलिङ गर्ने संख्या अधिक देखिन्छ ।

**एसिया प्यासिफिक**

एसिया प्रशान्त क्षेत्रमा सञ्चालनमा रहेका २३ वटा सामुदायिक रेडियो र कार्यक्रम उत्पादन समूहमा महिलाको सहभागिता र महिलाको बिषयबस्तुका सम्वन्धमा अध्ययन भएको थियो । सन् २००६ मा अमार्क एसिया प्यासिफिक र आइसिस इन्टरनेसनल मनिलाले यो सर्बेक्षण गरेको थियो । अध्ययनले २१ वटा रेडियो स्टेसनमा साताको एकदेखि पाँच घण्टासम्म महिलाले महिलाका लागि कार्यक्रम सञ्चालन गरेको पाइयो । यस्ता कार्यक्रमहरू महिलाअधिकार, स्वास्थ्यस्याहार, महिलाबिरुद्धको हिंसा, साक्षरता र समाजमा सफल महिलाका कथा प्रस्तुत

गरेको देखियो । रेडियो स्टेसनको नेतृत्वतहमा २८ प्रतिसत महिला छन् । त्यसैगरी प्राविधिक क्षेत्रमा २८ प्रतिसत महिला रहेको अध्ययनले देखाएको छ । कार्यक्रम निर्माण र प्रशासन सेवातर्फ महिला सहभागिता ४४ प्रतिसत देखियो ।

रेडियोमा महिला सहभागिता संख्यात्मक रुपमा बृद्धि हुँदै गए पनि निर्णायक तहमा सहभागिता राम्रो हुन नसक्दा प्रभावकारी भूमिका निर्वाह गर्न अझै प्रयास गर्नुपर्ने देखिन्छ । महिलाको सहभागिताले महिला अधिकार र लैङ्गिक समानतासम्बन्धी कार्यक्रम प्रसारणमा आंशिक सफलता मिले पनि पर्याप्त हुन सकेको छैन । रेडियो सञ्चालक समिति, तथा रेडियोको दैनिक कार्यसम्पादन गर्ने निर्णायक स्थानमा महिला सहभागिताले सकारात्मक प्रभाव पारेको देखिन्छ ।

## विश्वमा महिलाहरूकै अगुवाइमा सञ्चालित सामुदायिक रेडियो

सामुदायिक रेडियो प्रसारणले व्यापकता पाएको छ । विश्वका विभिन्न देशहरुमा महिलाहरुको मात्रै सक्रियतामा समेत सामुदायिक रेडियो सञ्चालनमा आएका छन् ।

### युरोप

रेडियो भ्वाइस अफ दि माइनर खुलेको ३५ बर्षपछि पहिलो महिला सामुदायिक रेडियोको स्थापना भयो । सन् १९८२ को अक्टुबर १८ मा नर्वेमा रेडियो ओराकेलको स्थापना भएपश्चात अन्य सामुदायिक रेडियोहरूले महिलाको समानुपातिक सहभागिता र आवाजलाई स्थान दिन नसकिरहेको सचेत अनुभवले सांकेतिक अभिव्यक्ति पायो । रेडियो ओराकेल ले महिलालाई अन्तरर्वार्ताकार वा सञ्चारकर्मी र स्रोत व्यक्ति दुबैमा सक्रिय प्राथमिकता दिनेमात्र होइन, साङ्गीतिक व्यक्तित्वमा समेत कम्तिमा ५० प्रतिशत सङ्गीतकार र कलाकार महिलालाई सहभागी गराउँछ । रेडियो ओराकेल मा सन् १९९८ मा दर्ता भएका ५० देखि ७० हजार श्रोतामध्ये महिला र पुरुष आधा संख्यामा मात्र सहभागी छन् । झण्डै १५ सय व्यक्तिले रेडियो ओराकेल मा काम गरेका मध्ये धेरै जसो नर्वेली प्रसारण माध्यममा प्रसिद्ध व्यक्तित्व बनिसकेका छन् । ( रेडियो ओराकेल हर स्टोरी )

### फिजी

नर्वेको रेडियो ओराकेलले विश्वमा महिलाबाट महिलाकै लागि सञ्चालित पहिलो सामुदायिक रेडियोको नाम लेखाउन सफल भएता पनि प्रभावकारी कार्यको थालनीले अन्य मुलुकहरूमा समेत महिलाबाट सामुदायिक रेडियो सञ्चालनको अभियान सफल भएको पाइन्छ । महिलाबाट सञ्चालन भएका रेडियोको खोज तलास गर्दा फिजीको नयाँ घुम्ति रेडियो परियोजनालाई पनि भुल्न सकिन्न । यो परियोजना महिलाकै सक्रियतामा महिलाकै लागि भनेर सञ्चालित छ । ( ओमेन्स इन्टरनेसनल लिग फर पिस एण्ड फ्रिडम सन् २००४ ) फेमटक ८९.२ एफ एम नामको महिलाको सामुदायिक घुम्ति रेडियो परियोजना सञ्चालनका पछाडि फिजीको सचेत महिलाको आफ्नै प्रकारको गुनासो छ । उनीहरूले रेडियो तरङ्गको व्याबसायिकरणका कारण आफ्ना विषय आफ्नै  तरिकाले आफ्नो समुदायमा राख्ने ठाउँको कमी अनुभव गरे पनि सन् २००० को मे २४ मा छुट्टै सामुदायिक घुम्ति रेडियो स्थापना गरे ।

### अफ्रिका

अफ्रिकाको युगाण्डामा महिलाले आफ्नै तरिका र पद्धतिबाट आफ्ना कुरा राख्न नपाएपछि त्यहाँ महिलाबाटनै सामुदायिक रेडियो स्टेसन स्थापना गरेका छन् । अफ्रिकाकै पहिलो महिलाबाट सञ्चालित सामुदायिक रेडियो मामा एफ एम १०१.७ स्थापना भयो । युगाण्डामा रेडियो माध्यमबाट आफ्ना प्रकारका बिषयबस्तु समाबेश गरी कुरा राख्ने सय जनामध्ये १५ जना मात्र महिला रहेको कुरा अनुसन्धानले पुष्टि गरेको छ । अन्य रेडियो  भन्दा महिलाद्वारा सञ्चालित रेडियोले महिलाका विषयबस्तुहरूलाई प्राथमिकता दिनुका साथै महिलाका दृष्टिबाट  महत्वपुर्ण ठानिएका कुरा उठाउन र महिला अभिव्यक्तिलाई स्थान दिएको पाइन्छ ।

### एसिया

नेपालमा सामुदायिक रेडियोको प्रसारण सेवाको बृद्धिको क्रममा महिला मात्रैको सहभागितामा सञ्चालन भएको रेडियो स्टेसनहरूको संख्या चार पुगिसकेको छ । सर्वप्रथम महिलाद्वारा सञ्चालनमा आएको सामुदायिक एफ एम 'रेडियो पूर्वाञ्चल' हो । नेपालको पूर्वी शहर विराटनगरमा वि.स. २०६४ साल असोजदेखि यो रेडियो प्रसारण सेवा सञ्चालनमा आएको हो । यो रेडियोको सञ्चालन समितिको अध्यक्षदेखि सुरक्षा गार्डसम्म महिलानै छन् । त्यसैगरी

रुपन्देहीको बुटबलबाट सञ्चालित 'रेडियो मुक्ति' पनि सम्पूर्ण रुपमा महिलाबाट नै सञ्चालनमा रहेको रेडियो हो । त्यसैगरी उदयपुर जिल्लामा पनि महिलाहरूकै लगानी र व्यबस्थापनमा 'रेडियो उदयपुर' सञ्चालनमा रहेको छ । महिलाहरूको मात्रै सहभागितामा पर्वतमा पनि सामुदायिक रेडियो सञ्चालनमा छ । 'रेडियो दिदि बहिनी' पर्बतको सदरमुकाम कुश्मा बजारमा सञ्चालनमा छ ।

### भारत

भारतको आन्द्र प्रदेशको मेडक जिल्ला स्थित पास्तापुरबाट प्रसारित संघम रेडियो भारतकै पहिलो महिलाद्धारा सञ्चालित सामुदायिक रेडियो स्टेसन हो । ग्रामिण महिलाको सशक्तीकरणको उदेश्य बोकेर सञ्चालनमा आएको संघम रेडियोले सन् २००६ मा सरकारबाट प्रसारण अनुमति पाएको थियो । डेक्कन डेवलपमेन्ट सोसाइटीद्धारा सञ्चालित रेडियोमा स्थानीय ७५ गाउँका ५००० दलित महिलाकर्मीहरूको संलग्नता रहेको छ ।

### अफगानिस्तान

उत्तरी अफगानिस्तानको मजार इ सरिफ शहरमा सन् २००३ मा स्थापना भएको रविह बाल्खी प्रथम महिलाद्धारा सञ्चालित सामुदायिक रेडियोको रुपमा दर्ज भएको छ । अशिक्षा, निरक्षरता र अन्धविश्वासले गाजेको अफगानिस्तानमा महिलाहरूको पहलमा सामुदायिक रेडियो स्थापना हुनु निकै महत्वपूर्ण कार्य हो । यस रेडियो सेवाले महिला स्वास्थ्य, शिक्षा, महिला अधिकार, पुननिर्माण विकास एवं प्रजातन्त्र र राष्ट्र निर्माणको पक्षमा रेडियोले कार्यक्रम प्रस्तुत गर्दै आएको छ ।

## सामुदायिक रेडियोका विषेशताहरू

बैकल्पिक सञ्चार माध्यमको रुपमा तिब्र गतिमा विश्वभर फैलिएको सामुदायिक रेडियोलाई विभिन्न देशले आफ्नो प्रसारण कानुन मार्फत सम्बोधन गर्न थालेका छन् । सामुदायिक रेडियोका फरक विशेषताहरु भएपनि केही साझा गुणहरुले यसको  पहिचान कायम गरेको छ ।

**सामुदायिक रेडियोका केही साझा गुणहरू**

१. सामुदायिक रेडियो नाफा नकमाउने निकायको स्वामित्व र नियन्त्रणमा आधारित हुनुपर्दछ ।

२. यसलाई नाफा कमाउने उद्देश्य नलिइकन सञ्चालन गर्नुपर्दछ ।

३. यसले निश्चित समुदायको हितको लागि काम गर्नुपर्दछ । त्यस्तो समुदाय भौगोलिक आधार वा साझा स्वार्थ, रुचि वा हित भएका मानिसहरूको समुदायप्रति आधारित हुनुपर्छ ।

४. यसले समुदायका विभिन्न क्षेत्रमा सामाजिक आर्थिक तथा सांस्कृतिक विकासलाई बढावा दिने खालका कार्यक्रम दिनुपर्दछ । साथसाथै यसले नागरिकहरूको सम्मान र पूर्णता प्राप्त गर्दै आपसी सहयोग र भातृत्व बढाउनु पर्दछ ।

**जनताको पहुँच र सहभागिताका सिद्धान्तहरू**

विश्वसनीय, रुपमा सही र सामयिक सूचना पाउनु जनताको प्रजातान्त्रिक अधिकार हो । यही अधिकारको आधारमा जनहितको लागि गरिने प्रसारणले जनताको पहुँच र सहभागिताका सिद्धान्तहरूलाई अङ्गीकार गरेको हुन्छ ।

**यी अवधारणहरूको अर्थ**

- सामुदायिक रेडियो प्रसारणको ढाँचा यसले सेवा गर्ने समुदायका सम्पूर्ण सदस्यहरूकहाँ पुग्छ ।
- रेडियो सेवाको योजना र नीति बनाउँदा तथा यसका उद्देश्यहरू निर्धारण गर्दा व्यवस्थापनका नियमहरू बनाउँदा तथा कार्यक्रमहरू उत्पादन गर्दा जन समुदायको सहभागिता हुन्छ ।
- यसका बारेमा टिप्पणी र आलोचना गर्न समुदाय स्वतन्त्र हुन्छ ।
- कार्यक्रम श्रवण गर्ने र उत्पादन गर्नेहरूबीच निरन्तर छलफल भइरहन्छ । यो छलफल चलाउन रेडियो आफै प्रमुख माध्यम भएर काम गर्छ । तर समुदाय कार्यक्रम उत्पादक र रेडियो स्टेशन व्यवस्थापकबीच सरल रुपमा सम्पर्क गर्ने संयन्त्र बनेको हुन्छ ।

- समुदायका सदस्यहरूले व्यक्तिगत रुपमा वा समूहमा कार्यक्रम बनाउँदा स्टेशनका कर्मचारीहरूसँग सहयोग लिन स्टेशनमा भए गरेका प्राविधिक सुविधाहरूको उपयोग गर्न कुनै बन्देज हुँदैन ।
- रेडियो स्टेशनको स्थापना, व्यवस्थापन, प्रशासन र हिसाब किताब राख्ने र जाँच्ने काममा समुदायको सहभागी हुन्छ ।

**स्वामित्व**

सामुदायिक रेडियोका उपकरण र सुविधाहरूको स्वामित्व हस्तान्तरण नहुने गरी गुठी, कोष, सहकारी वा यस्तै अन्य माध्यम मार्फत समुदायको हित प्रबर्द्धन हुन्छ । त्यसै गरि केही यस्तो अवस्था पनि हुन सक्छ जहाँ औपचारिक स्वामित्व समुदायभन्दा बाहिरको संस्थासँग हुन्छ । तर यसले यी उपकरण र सुविधाहरू समुदायलाई स्वतन्त्र रुपमा विशेष कामका लागि उपयोग गर्न दिएको हुन्छ ।

**व्यवस्थापन**

औपचारिक स्वामित्व जोसँग भएता पनि वास्तविक रुपमा सामुदायिक रेडियो हुनका लागि रेडियो स्टेशनका नीतिहरू व्यवस्थापन तथा कार्यक्रमहरू समुदायको जिम्मेवारीमा हुनै पर्दछ । निश्चय नै यसका लागि समुदायको प्रतिनिधित्व गर्ने सामुदायिक समिति वा निर्देशकहरूको समिति हुन्छ । यसले समग्र रुपमा लैङ्गीक नीति निर्धारण गर्दछ । यसरी दैनिक प्रसारण सञ्चालनसम्बन्धी निर्णय गर्ने काम समुदायले छानेको स्टेशनको व्यवस्थापकले गर्दछ ।

**कोष**

सामुदायिक रेडियो नाफा नकमाउने संस्था जस्तै  स्थापना गरी सञ्चालन गरिन्छ । यो बिभिन्न प्रकारका स्रोतहरूमा निर्भर हुन्छ । यस्ता स्रोतहरूभित्र चन्दा सहयोग, सदस्यता शुल्क, कार्यक्रम प्रायोजन र विज्ञापन शुल्क पर्न सक्दछन् । रेडियो स्टेशन आत्मनिर्भर र स्वतन्त्र हुनका लागि यी सबै खालका स्रोतहरूबीच मेल हुनु वान्छनीय हुन्छ । कतिपय सामुदायिक रेडियोहरूले आफ्नो

स्रोताहरूमाझ सहयोग संकलन गर्ने कार्यक्रमहरू आयोजना गर्छन । यी सबैको उद्देश्य हमेसा आर्थिक रुपले सबल तथा पहुँच गम्य हुनु हो ।

**सम्पादकीय स्वतन्त्रता र विश्वसनीयता**

सामुदायिक रेडियो स्थानीय तथा केन्द्रीय सरकार र प्रशासनअन्तर्गत सञ्चालन हुँदैन । यो राजनीतिक दलहरू तथा व्यापारिक र धार्मिक संस्थाहरूको अधिनमा पनि हुँदैन । यसले आफ्ना नीति तथा कार्यक्रमहरू निर्माण गर्दा स्वतन्त्र ढंगले निर्णय गर्छ । समग्र नीति निर्माण गर्दा माथि उल्लेखित समुदाय स्तरको प्रतिनिधिहरूको समितिले बनाउँछ । तर कार्यक्रम प्रसारणसम्बन्धी दैनिक कामको निर्णय स्टेशन म्यानेजरले गर्छन् । विश्वसनीय तथा कुनै राजनीतिक दलमा नलाग्ने व्यक्तिको रुपमा व्यवस्थापकीय क्षमताका आधारमा उसको भूमिका महत्वपूर्ण हुन्छ ।

**समुदायका विभिन्न समूह र हितको प्रतिनिधित्व**

समुदायहरूबीच विभिन्न समूहहरू र हित स्वार्थ भएकाहरू मिलेर बनेका हुन्छन् । सामुदायिक रेडियोले उनीहरूको रुचि र हितलाई ध्यान दिएर काम गर्छ । साथै उनीहरूलाई रेडियोमार्फत आफ्ना बिषयबस्तु भन्न उत्साहित गर्छ । कुन समूह वा रुचिलाई कति समय दिने भन्ने विषयमा समुदायमा उनीहरूको संख्यात्मक अनुपात र विशेष परिस्थिति तथा आवश्यकताहरूतर्फ ध्यान दिइन्छ ।

**अल्पसंख्यक तथा पाखा परेकाहरू**

सार्वजनिक रेडियोले उपेक्षित तथा पाखा परेका समूहहरूलाई बेला मौकामा कहिलेकाहीं विशेष अवसरका कार्यक्रमहरूमा समावेश गर्छ भने सामुदायिक रेडियोले उनीहरूलाई बराबरीको आधारमा समावेश गर्छ । यसका कार्यक्रमहरूले व्यापक मात्रामा महिला, युवा, दलित, जनजाति एवं पाखा परेकाहरूका विविध विचारसमूहलाई समेटछन् । साथै यसले समुदायका अल्पसंख्यक जनजातिहरूको हित, संस्कृति र भाषिक विविधताको अभिवृद्धि र संरक्षण गर्छ ।

## सामुदायिक रेडियोले गर्ने कामहरू

समुदायको हित र भलाइमा कार्यगर्ने गरी सामुदायिक रेडियो समुदायले नै स्थापना गरेका हुन्छन् ।

## स्थानीय पहिचान, विशेषता र संस्कृति झल्काउनु

सामुदायिक रेडियोले स्थानीय समुदायको मौलिक संस्कृति, आफ्नो पहिचान र विशेषताहरू एवं समुदायका रुचिका विषयवस्तुलाई प्राथमिकतामा राखेर प्रसारण गर्दछ । स्थानीय घटना, समुदायका गतिविधि र मौलिक परिचयलाई सामुदायिक रेडियोले प्रवर्धन गर्दछ । के कुरा समुदायलाई उपयोगी, फलदायी र भविष्यका निम्ति समेत महत्वपूर्ण हुन्छ त्यस प्रकारका विषयबस्तु रेडियोले प्रसारण गर्दछ । समुदायमा विभिन्न पेशा, व्यवसायमा संलग्न व्यक्तिहरुको विचार , अनुभव एवं दृष्ट्रिकोण रेडियोले प्रसारणमा ल्याउछ । स्थानीय कला संस्कृतिलाई भावी पुस्तासम्म पुऱ्याउन समेत सञ्चार माध्यमको महत्वपूर्ण भूमिका हुन्छ । कृषि, पशुपालन, व्यापार, व्यवसाय तथा स्थानीय रुचि र चासोका सवालहरुलाई रेडियोले समाचार र कार्यक्रममा समेटिरहेका हुन्छन् । यसले गर्दा स्थानीय सवाल र समस्यालाई स्थानिय रुपमै समाधान गर्न मद्दत पुऱ्याइरहेको हुन्छ ।

समुदायको विगत रहनसहन उनीहरूका मौलिक स्वभाव र संस्कृति एवं के कुरामा समुदायले आफ्नो उपस्थितिमा गर्व गर्दछ, त्यस्ता रुचिका विषयवस्तुहरू र आफ्ना सरोकारका बिषयबस्तुले सामुदायिक रेडियोमा प्राथमिकता पाउँछन् । त्यसैगरी जुन विषय बस्तुले समुदायको दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुऱ्याउँछ त्यस्ता घट्नाहरुलाई महत्व दिई सामाजिक रुपान्तरणको लागि सामुदायिक रेडियोका कार्यक्रमहरूले प्रभाव पारेको हुन्छ ।

## मौलिक भाषा तथा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु

स्थानीय भाषा र अभिव्यक्ति गर्ने स्थानीय एवं मौलिक तरिका महत्वपूर्ण विषय हुन् । यसले सामुदायिक रेडियोलाई खुराक प्रदान गर्दछ । यी सांस्कृतिक विविधतालाई जोड्ने सिमेन्ट हुन् ।

जैविक विविधता जस्तै मानवताको सफल भविष्यका निम्ति सांस्कृतिक विविधताको पनि उत्तिकै महत्व छ । विश्वमा भ्ऱण्डै ६७०० भाषाहरु छन् । तीमध्ये सैकडा ६३ प्रतिशत भाषा अफ्रिका र एसियामा छन् । राष्ट्रिय प्रसारण सेवा र सञ्चार माध्यमहरू विश्वव्यापीकरणका साथै सहरी बसाइँसराईका कारणले गर्दा आधाजसो भाषाहरू अर्को पुस्तासम्ममा हराउने खतरा छ । भाषासँगै संस्कृति पनि हराउँछ । सांस्कृतिक विविधताको नाश हुँदै जाने प्रवृत्तिको विरोधमा सामुदायिक रेडियो प्रमुख सुरक्षा कवचको रुपमा स्थापित आधारस्तम्भ हो ।

सामुदायिक संस्कृति निश्चयनै कलात्मक अभिव्यक्ति पनि हो । यो माध्यममा स्थानीय संगीत, नृत्य, काव्य, नाटक, कथाबाचन, आदि विधाहरू मार्फत अभिव्यक्ति दिन्छन । यी विषयहरू अधिकांश सामुदायिक रेडियोमा अभिव्यक्त हुन्छन् । रेडियोले स्थानीय कलाकारहरूलाई समुदायसम्म पुग्न रेडियोले पुलको काम गर्न सक्छ ।

## कार्यक्रम र विषयवस्तुको विविधता प्रस्तुत गर्नु

सामुदायिक रेडियोले कुनै व्यवसायिक र चलनचल्तीको रेडियो कार्यक्रमको ढाँचाभन्दा फरक शैली र विषयवस्तुमा कार्यक्रम पस्कन सक्ने भएकोले नै यसले समुदायको मन जितेको हुन्छ । उदाहरण स्वरुप सामुदायिक गतिविधिलाई तत्काल प्रत्यक्ष प्रसारण गर्ने, समुदायको समस्या समाधानका निम्ति स्थानीय समुदायकै व्यक्तिहरूको आवाजलाई समेटेर रिपोर्ट तयार गर्न सकिन्छ । सामुदायिक वन, खानेपानी, सरसफाइ, कुलो, नहरको व्यवस्थापन, सामूहिक कार्य (श्रमदान) त्यस्तै स्वास्थ्य, कृषि, आयआर्जन एवं समुदायको चासो र सरोकारका विषयमा रेडियोले फरक प्रस्तुति गर्न सक्छन् । कुन शैली समुदायले रुचाउँछन् त्यही कार्यक्रम र शैलीलाई विशेष जोड दिनुपर्ने हुन्छ ।

समुदायमा राष्टि«य अन्तर्राष्टि«य विषयबस्तुले भन्दा स्थानिय विषयबस्तुले प्रभाव पार्ने गरेको अध्ययनले समेत देखाएको छ । समुदायको दैनिक जीवनयापनसँग सम्बन्ध नराख्ने बाहिरका विषयबस्तु प्रति उनीहरुको रुचि नभएको पाइयो । सामुदायिक रेडियोले समुदायको रुचि अनुरुपका विषयबस्तु समेटेर गाउँघर र जिल्लाका समाचार एवं विचारलाई प्रमुखता दिने गरेका छन् । सानो क्षेत्र र जनसंख्यालाई लक्षित गरेर प्रशारणमा आएका सामुदायिक रेडियोले स्थानिय

घट्ना , स्थानिय व्यक्तिहरुको विचार तथा समग्र स्थानिय गतिविधि समेट्ने हुनाले समुदायले समेत सामुदायिक रेडियो सुन्न मनपराउने गरेको पाइन्छ । स्थानिय कलासंस्कृतिलाई महत्व दिने तथा मौलिक लोक संस्कृतिको जगेर्नामा समेत रेडियोले कार्यक्रम गर्ने हुँदा रेडियो प्रति नागरिकको रुचि समेत बढेको छ । कतिपय रेडियोहरुले आफ्ना बार्षिकोत्सब, साधारण सभा तथा स्थानिय चाडपर्बको अवशर पारेर विभिन्न लोकसंस्कृति जगेर्ना हुने प्रतियोगिताहरुको आयोजना समेत गर्ने गरेका छन् । यसले गर्दा रेडियो प्रति अझ समुदायको सम्बन्धसुमधुर बन्दै गएको छ । सामुदायिक रेडियोको लक्षित प्रसारण क्षेत्र सीमित हुने भएकाले यसले लक्षित क्षेत्रको स्थानीय रुचिलाई महत्व दिनु स्वभाविक छ । स्थानीय कला, मानवीय रुचि र स्थानीयताको भावनालाई रेडियोले मुखरित गरेको छ ।

**खुला छलफल र प्रजातान्त्रिक प्रक्रियालाई प्रोत्साहित गर्नु**

समुदायको महत्वपूर्ण नीति निर्माण तथा अन्य समुदायको सरोकारका बिषय वस्तुमा छलफल, अन्तरक्रिया सञ्चालनको लागि स्वतन्त्र चौतारीको भूमिका सामुदायिक रेडियोले निर्वाह गर्न सक्छन् । यो कार्य विकेन्द्रीकरण प्रक्रिया सुहाउँदो एवं प्रवर्धनात्मक प्रकारका छन् । सामुदायिक रेडियोले स्थानीय बिषयमा राष्ट्रिय तहको नीति निर्माणको तल्लोतह अन्तरर्गत पर्न जाने असरहरूका बारेमा स्थानीय निकायका कर्मचारी, समुदायका अगुवा र विकासे कार्यकर्ताहरूबाट विचार संकलन तथा प्रसारण गर्ने गर्दछ । यस्ता कार्यले स्थानीय तहका कर्मचारीमार्फत केन्द्रीय तहमा कुरा पुग्ने र विकास प्रक्रियामा जनताको रुचि र अवसर अनुभव जानकारी आदान प्रदान गराउन सक्ने भूमिका खेल्न सक्छन् ।

**नागरिक समाजलाई सशक्त र सक्रिय बनाउनु**

नागरिक समाज कुनै पनि समाजलाई मेलमिलाप र सहअस्तित्वको आधारमा बाँच्न सघाउने सामाजिक संस्थाहरूको विविधतायुक्त वृहत्तर संरचना हो । यसबाट विपन्न समुदायको निमुखा नागरिकहरूबाट व्यक्तिगत वा सामूहिक रुपमा स्थानीय अधिकारीहरू र राजनीतिक नेताहरूले सरल तवरबाट फाइदा उठाउन सक्छन् । अन्तत्वागत्वा सुविधा र अवसरबाट वञ्चित तथा दबिएका मानिसहरू कहाँ गएर, कोसँग र कसरी गुनासो पोख्ने भन्ने कुरा थाहै हुँदैन । उनीहरूको गुनासो पोख्ने चौतारीको काम गरेर सामुदायिक रेडियोले जनतालाई उनीहरूबीचको

न्यायपूर्ण अधिकार प्राप्त गर्न सघाउँछ । साथै समुदायमा पहरेदारीको भूमिका खेल्दै यसले स्थानीय अधिकारीहरू र नेताहरूलाई उनीहरूको सार्वजनिक जिम्मेवारीप्रति सचेत गराउँछ । समुदायका सदस्यहरू र स्थानीय अधिकारीबीच समुदायले भोल्नुपरेको कुनै समस्याको बारेमा छलफल चलाउनु र त्यो छलफल रेडियोबाट प्रचार गर्नु सामुदायिक रेडियोले प्रयोग गर्ने एउटा विशिष्ट उपाय हो । स्थानीय सरकार वा निकायको बैठकको छलफल प्रत्यक्ष प्रसारण गर्नु अर्को उत्तम उपाय हो ।

स्थानिय विषयबस्तुमा सूचना तथा विचार प्रसारण गर्ने हुनाले नागरिकहरुलाई रेडियोका सामग्रीले आकर्षित गर्नु स्वभाविक छ । सकारात्मक सोच र व्यवहारतर्फ लक्षित कार्यक्रमले समुदायका अगुवाहरुलाई समेत रेडियो सेवाले सक्रिय बनाउछ । अन्यत्रका विकास निर्माणसम्बन्धी सफलताको कथा प्रसारणले राम्रो काम गर्न समुदायलाई अभिप्रेरित गरिहेको हुन्छ ।

### निमुखाहरूलाई बोली दिनु

धेरैजसो परम्परागत समाजमा महिला, युवा, जनजाति र भाषिक अल्पसंख्यकहरूलाई बेवास्ता गरिन्छ । तर महिला, युवा र अल्पसंख्यक समूहहरूको सक्रिय तथा सुसूचित सहभागिताविना कुनै पनि समुदायले समतायुक्त तथा सन्तोषजनक तरिकाले विकास वा परिवर्तन गर्न सक्दैन । सामुदायिक रेडियोले बोल्न नसक्ने निमुखाहरूलाई वाणी, बोली वा आवाज अर्थात बोल्ने अवसर तर्फ प्रेरित गर्छ ।

### नेपालमा प्रसारण माध्यमको विकास

वि.स. २०४९ सालमा राज्यले प्रसारण क्षेत्रमा आफ्नो एकाधिकारको अन्त्य गर्ने गरी नयाँ सञ्चार नीति घोषणा गऱ्यो । त्यही नीतिमा आधारित भएर सोही वर्ष पहिलोपटक नेपालमा प्रसारण ऐनको तर्जुमा भयो । ऐनले पहिलोपटक नेपालमा निजी क्षेत्रबाट समेत एफएम प्रसारण प्रणाली स्थापना गर्न सकिने व्यबस्था गरे पश्चात रेडियो सञ्चालनका लागि बाटो खुल्यो ।

ऐन तर्जुमा भएको तीन वर्ष पश्चात प्रसारण नियमावली २०५२ आयो । यिनै नीति, ऐन तथा नियमावलीको आधारमा नेपालमा एफएम रेडियो माध्यमसेवा स्थापना र प्रसारणको थालनी भएको हो ।

प्रजातन्त्रको पुनर्स्थापनापश्चात जनताको चाहनाबमोजिम घोषणा गरिएको नेपालको संविधान वि.स. २०४७ मा मौलिक हकअन्तर्गत केही धारा र उपधाराहरूमा स्वतन्त्र र निष्पक्ष सञ्चार व्यवस्था प्रणालीको महत्वलाई गम्भीरतापूर्वक लिइएको पाइन्छ ।

संविधानको धारा १२ मा स्वतन्त्रताको हक अन्तरगत उपधारा २ (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता, धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हक तथा धारा १६ मा सूचनासम्बन्धी हकको ग्यारेन्टी गरिएको छ । धारा १३ मा समाचार, लेख वा अन्य कुनै पाठ्य सामाग्री प्रकाशनपूर्व प्रतिबन्ध नलगाइने, मुद्रण गरेवापत छापाखाना बन्द वा जफज नगरिने तथा प्रकाशित गरेबापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज नगरिने जस्ता कुरा उल्लेख हुनुले प्रकाशन उद्योगलाई विशेष प्रकारको संरक्षण प्रदान गरेको देखिन्छ ।

समुदायप्रति उत्तरदायी हुनुका साथै नागरिकको सुसूचित हुन पाउने नैसर्गिक अधिकार भएकाले सञ्चार माध्यमलाई सुरक्षा प्रदान गरिएको हो । राष्ट्रिय सञ्चार नीति २०४९ को प्रसारणसम्बन्धी बुँदा नं.२.२.८ मा प्रसारण ऐन अन्तर्गत रही निजी क्षेत्रका संगठित संस्थालाई पनि निश्चित क्षेत्रमा फ्रिक्वेन्सी मोडुलेशन (एफएम) प्रसारण प्रणाली स्थापना गरी शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न दिने नीति उल्लेखित गरिएको छ ।

आठौं योजनामा एफएम रेडियोसम्बन्धी व्यवस्थालाई समेत सम्बोधन गरिएको छ । आठौं योजनाको नीतिअन्तर्गत एउटा बुँदामा यस्तो उल्लेख छ - (रेडियो प्रसार सेवाको सुदृढीकरण तथा विस्तार गरी मिडियम वेभ प्रणालीमा दोस्रो च्यालनको सेवा उपलब्ध गराउनेतर्फ आवश्यक कदम चालिनेछ र निजी क्षेत्रको फ्रिक्वेन्सी मोडुलेशन प्रणालीमा रेडियो प्रसारण सुरु गर्नेतर्फ पनि आवश्यक कदम चालिनेछ ) श्री ५ को सरकार २०४९: ३५३

नेपाली सञ्चारको इतिहास विधामा प्रसारणसम्बन्धी पहिलो ऐन भनेकै २०४९ हो । राष्ट्रिय प्रसारण ऐन २०४९ ले निजी क्षेत्रलाई एफएम रेडियो प्रसारणका लागि मात्र अनुमति दिएन । यस व्यवस्थाबाट स्याटलाइट, केवल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रम प्रसारण गर्न

स्याटलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसारण केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न समेत बाटो खोल्यो । ऐनको दफा ५ मा इजाजतका लागि निवेदन दिनुपर्ने भन्दै स्याटलाइट केबुल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा श्री ५ को सरकारसमक्ष निवेदन दिनुपर्ने व्यवस्था उल्लेख छ । यसरी पर्न आएको निवेदनमाथि आवश्यक जाँचबुझ गरेर लेखिएको सर्तहरू पालना गर्नेगरी कार्यक्रम प्रसारण गर्न श्री ५ को सरकारले इजाजत दिन सक्ने व्यवस्था ऐनको दफा ६ ले गरेको छ ।

**प्रतिनिधिसभा घोषणा, २०६३** : उक्त घोषणा अनुसार राज्यको कुनै पनि संरचनामा महिलालाई ३३ प्रतिसत संरक्षण गर्दै महिलाबिरुद्ध भेदभावपूर्ण कानुनको खारेजी, महिला हिंसा अन्त्य गर्ने र आमाको नामबाट नागरिकता दिने निर्णय गरेको छ ।

**नेपाल नागरिकता ऐन, २०६३** : ले आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेकाले महिलाको स्वतन्त्र पहिचानको व्यवस्था गरेको छ ।

**नेपालको अन्तरिम संविधान , २०६३** : मा बालबालिकाको हक, महिला र पुरुषलाई समान रुपमा नागरिक हक उपभोग गर्ने व्यवस्था गर्नूका साथै प्रथा परम्परा प्रचलनका नाममा कसैलाई शोषण गर्न नपाइन, मानिस बेचबिखन गर्न नपाइने, बाधा वा दास बनाउन नपाइने र कसैको इच्छा विपरित कुनै पनि नाममा लगाउन नपाइने उल्लेख गरिएको छ ।

*"तीन सयको हाराहारीमा रहेका एफएम रेडियोमा पनि महिला नेतृत्वको कमी नै छ । केही एफएम स्टेशनहरूमा स्टेशन म्यानेजर महिला छन्, तर तिनको सङ्ख्या करिब छ जना पनि छैन । एफएमका लगानीकर्ताका विषयमा हामीकहाँ जुन प्रकारले छलफल र बहस हुनुपर्ने हो, त्यो पटक्कै भएको छैन । त्यसो त समग्र सञ्चार क्षेत्रकै लगानीको कुरा बहसको विषय हो तर एफएमहरूमा अहिले जुन प्रकारले अदृष्य लगानीका बारेमा अनौपचारिक चर्चा हुन्छ त्यो हेर्दा अबको केही वर्षपछिको सञ्चार क्षेत्रमा केसम्म होला, अनुमान मात्र गर्न सकिन्छ । छापा र टेलिभिजनमा राजनीतिको छाँया मात्रै देखिए पनि एफएमहरूमा भने राजनीतिक दल र तिनका नेताहरूको प्रत्यक्ष लगानी रहेको छिप्न सकेको छैन । जिल्ला-जिल्लामा यो क्रम बढ्दै गएको छ । विभिन्न दल र तिनका नेताका आफ्नै एफएम स्टेशन भएपछि हिजो चुनाव प्रचारका क्रममा पर्चा पम्प्लेटले गर्ने काम भविष्यमा ती एफएमले नगर्लान् भन्न सकिन्न । यस्तो अवस्थामा सञ्चार माध्यम र पत्रकार या सञ्चारकर्मीहरूको मर्यादा कति रहला, सोचनीय विषय बनेको छ ।"*

*बबिता बस्नेत*

*"महिलालाई पत्रकारिता क्षेत्रमा अडिरहन हतोत्साहित गर्ने अर्को एउटा कारण पत्रपत्रिकाका कार्यालय वा न्युज रुमको वातावरण पनि हो, जुन महिलामैत्री छैन । दैनिकमा भए पत्रिका बजारमा आउनुअघि हरेक रात नौ बजेदेखि बाह्र बजे सम्मको समय र साप्ताहिक तथा पाक्षिकमा भए हप्ता वा दुई हप्तामा पत्रिका बजारमा आउनुअघिका केही दिन पत्रकारले बढी खट्नुपर्ने हुन्छ । थकान मेट्न, रमाइलो गर्न वा रातको समयमा काम गर्दा निद्रा भगाउन न्युज रुमभित्रै ल्याएर पनि पिउने चलन नेपालको पत्रकारिता क्षेत्रमा नौलो होइन । पिएपछि साथी-साथीबीच बोल्दा वा जिस्कँदा अशिष्ट शब्दहरू मुखबाट फुस्कनु पनि कुनै असामान्य होइन । त्यसैले रातको समयमा धेरैजना पुरुष पत्रकारका बीचमा एक्लै दुक्लै महिलाले काम गर्न त्यति सजिलो नहुने पत्रकार महिलाको अनुभव छ ।"*

*सङ्गीता लामा*

पत्रकार महिलाहरूले यो पेसा छाड्नुको अर्को कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूका आकर्षक पद र तलब सुविधा पनि एक हो । केही वर्ष पत्रकारिता गरेका र खासगरी अङ्ग्रेजी भाषामा दक्ष पत्रकार महिलालाई चाहिँ अर्न्तराष्ट्रिय सङ्घसंस्थामा काम पाउनु त्यति गाह्रो छैन । अझ कतिपय संस्थाले त अनुभवी र दक्ष पत्रकार महिलाहरूलाई राम्रो पद, अन्तर्राष्ट्रिय स्तरको तलब तथा सुविधा दिएर आकर्षण गर्ने गरेका छन् ।

सुरुवातमा रेडियोमा अभिव्यक्ति गर्दा धेरैले चिन्ने र इज्जत समेत बढ्ने उदेश्य बोकेर यो पेशामा महिलाहरु आकर्षित हुन्छन् । कतिपयले पत्रकारिता पेशालाई निरन्तरता दिएर स्थापित पनि भएका छन् । तर, धेरै जसोको हकमा भने केही बर्ष सामुदायिक रेडियोमा काम गरेपश्चात पर्याप्त आर्थिक सुविधा नहुने र धेरै समय काम गर्नुपर्ने हुनाले रेडियो छाडेको बताउछन् । अन्य पेशाको तुलनामा पत्रकारिता धेरै मिहिनेत गर्नुपर्ने, सक्रिय हुनुपर्ने , नयाँ घट्ना र अवस्थाका सम्बन्धमा आफूलाई ताजा बनाइराख्नुपर्ने काम हो । अन्य कार्यालय जस्तो निश्चित समय

अफिसमा बसेर तलब पाक्ने पेशा पत्रकारिता नभएकाले सुरुमा आकर्षक देखेपनि केहि समयपश्चात यसलाई निरन्तरता नदिने संख्या पनि ठूलै मात्रमा छ । समाचार संकलन र कार्यक्रम उत्पादनका लागि कार्यक्षेत्रमा खटिनु पर्ने रात साँझ नभनि हिड्नु पर्ने कारण पनि विस्तारै रेडियो छाड्ने महिलाहरुको संख्या बढिरहेको बढिरहेका छन् ।

अध्याय तीन

# अध्ययन विधि

## ३.१ विषय परिचय

यो अध्ययन विधि संख्यात्मकका साथसाथै गुणात्मक विधिमा आधारित छ । सामुदायिक रेडियोमा महिला सहभागिताको अध्ययन नेपालका लागि आफैमा नयाँ विषय पनि हो । कतिपय अनुषन्धानका प्रश्नहरूको जवाफ प्रश्नावलीबाट मात्रै आउन नसक्ने हुँदा पूरक रुपमा अवलोकन र अन्तर्वार्ता तथा लक्षित समुहसँगको छलफललाई पनि लिइएको छ । यसका साथै घटनावलीको अध्ययन र विस्तृत बर्णनमा जोड दिने विधिलाई समेत प्राथमिकता दिईएको छ ।

अध्ययनमा सामुदायिक रेडियो संचालन गर्ने गैरसरकारी संस्था , सहकारी संस्थाका संचालक एवं रेडियो संचालक समितिका पदाधिकारीहरुसँग सामूहिक र छुट्टाछुट्टै बसेर छलफल गरियो । सामुदायिक रेडियोमा कार्यरत रेडियोकर्मिहरुसँग पनि रेडियो संचालनका समग्र पक्षमा कुराकानी र अन्तरबार्ताको विधिबाट जाकारी हासिल गरिएको थियो । यसरी छलफल गरिदा कतिपय महिलासँग जोडिएका संबेदनशील विषयमा महिला सहकर्मिहरुलाई छुट्टै राखेर समेत जानकारी लिइएको थियो । संचालक समिती तथा कतिपय रेडियोहरुमा गठन भएको रेडियो सहयोग समिती र सल्लाहकार समितीसँग पनि छलफलबाट जानकारी लिइयो ।

सामुदायिक रेडियोका सरोकारबाला समुहहरुसँग समेत रेडियोले प्रशारण गर्ने विषयबस्तु केन्द्रीत भएर अन्तरक्रिया गरि जानकारी प्राप्त गरियो । अध्ययनको शिलशिलामा सामुदायिक रेडियोका श्रोताहरुसम्म पुगेर उनीहरुको विचार तथा सामुदायिक रेडियोको प्रभावकारीता र रेडियोले प्रशारण गर्ने समाचार र कार्यक्रम प्रति उनीहरुको प्रतिक्रिया समेत लिइएको छ । अध्ययनमा देशभरिका २५ सामुदायिक रेडियोसँग सम्बन्धित २०० जनासँग कुराकानी, छलफल र जानकारी लिइएको थियो । २२० जना मध्य ११५ जना महिला र बाँकी १०५ जना पुरुष थिए ।

अध्ययनका लागि छनौट भएका रेडियो स्टेसनले नेपालको पाँचै विकास क्षेत्रका साथै पहाड र तराईको समेत प्रतिनिधित्व गरेको छ । अध्ययनको सिलसिलामा रेडियो व्यवस्थापनमा सक्रिय सञ्चालक समितीका सदस्यहरुसँग विस्तृत रुपमा छलफल गरिएको थियो । त्यसैगरी रेडियोमा

कार्यरत सञ्चारकर्मिहरुसँग कार्यालयको कार्य वातावरण जानकारी दिइएको थियो । अध्ययनमा महिला सहभागिताको संख्यात्मक अवस्था, उमेर ,शिक्षा तथा लैङ्गिक समानताको दृष्टिबाट अन्वेषण गरियो । अध्ययनमा छनौट भएका सामुदायिक रेडियोले नेपालको सबै क्षेत्र र भूगोलको सञ्चालीत रेडियोको सहि प्रतिनिधित्व गरेको विश्वास गर्न सकिन्छ ।

## सामुदायिक रेडियोको छनौट

अध्ययनका लागि नमुनाका रूपमा देशभरीबाट जम्मा २५ वटा सामुदायिक रेडियो छनोट गरियो । यो संख्या सामुदायिक रेडियो प्रसारक संघका तत्काल आवद्ध १६७ सदस्यहरूको १५ प्रतिशत हुन्छ । अध्ययनका लागि सामुदायिक रेडियो छनौट गर्दा यथाशक्य भौगोलिक क्षेत्रलाई सकेसम्म समेट्नेगरी छनोट गरिएको थियो । छनोटको मुख्य आधार बिन्दुमा भौगोलिक (हिमाली, पहाडी, भित्री मधेस र तराई) अवस्थिति, विकासक्षेत्र, रेडियोहरूको प्रकृति जस्तै महिलाका लागि मात्र, अल्पसंख्यक जाति र आदिवासी समूहद्वारा सञ्चालित स्वामित्वका अधारमा (सहकारिता र गैरसरकारी संस्थाद्वारा सञ्चालित) सञ्चालन वर्ष र ट्रान्समिसन क्षमतालाई आधार मानिएको थियो ।

अध्ययनका लागि छनौट गरिएका २५ वटा रेडियोहरू १ देखि १० वर्षसम्म सञ्चालन कार्यमा रहँदै आएका छन् । यिमध्ये विगत १० वर्षदेखि सञ्चालनमा रहेको लुम्विनी अरु भन्दा जेठो रेडियो हो भने ३ वटा रेडियो १ वर्ष पहिले मात्र स्थापना भएको हो । लुम्विनीवाहेक अन्य रेडियोको सरदर सञ्चालन अवधि २.५ वर्ष रहेको छ । १३ वटा रेडियो माध्यमको सञ्चालन अवधि ३ देखि ४ वर्ष रहेको छ भने बाँकी ११ वटा रेडियोको सञ्चालन अवधि १ देखि २ वर्ष रहेको छ । त्यसैगरी रेडियोको प्रसारण क्षमता अर्थात ट्रान्समिटरको वाट क्षमतामा समेत विविधता रहेको छ । अध्ययनमा परेका सामुदायिक रेडियोहरु ५० वाटदेखि २००० वाट क्षमताका छन् ।

यी रेडियो माध्यमले हप्तामा सरदर ११० घण्टा कार्यक्रम प्रसारण गर्दछन् । धेरैजसो रेडियो प्रसारण सेवाको अवधि ११९ घण्टा रहेको छ । हप्ताको सबभन्दा छोटो अवधि अर्थात ७० घण्टा

प्रसारण गर्ने र सबभन्दा लामो अवधि अर्थात १६८ घण्टा (दैनिक २४ सै घण्टा) प्रसारण गर्ने रेडियोको संख्या १/१ रहेको छ । रेडियोले प्रसारण गर्ने विषयवस्तुलाई निरुपण गर्ने हो भने सम्बन्धित रेडियोको आफ्नै कार्यक्रम ८३%, नेटवर्किङ समाचार १२% र अन्य नेटवर्किङ कार्यक्रम ५% रहेको पाइन्छ । नेटवर्किङ समाचार भन्नाले सामुदायिक सूचना नेटवर्क ( सि आइ एन ) नेपाल एफ एम , उज्यालो ९० नेटवर्क र वि.वि.सि. नेपाली सेवा जस्ता रेडियोले प्रसारण गरेको समाचार  वा कार्यकमलाई पुन प्रसारण गर्नेकार्यलाई बुझाउँछ । यसबाट स्थानीय स्रोताहरूले स्थानीय रेडियोमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार सुन्न पाउने दावी सामुदायिक रेडियोसेवाको कायम रहेको छ । सबैजसो सामुदायिक रेडियोहरूले नेटवर्किङ समाचार र कार्यक्रमहरू प्राथमिकताका साथ प्रसारण गर्ने गर्दछन् ।

सामुदायिक रेडियोहरूले आफैले उत्पादन गरी प्रसारण गर्ने कार्यक्रमअन्तर्गत शैक्षिक कार्यक्रम, स्वास्थ्यसम्वन्धी कार्यकम स्थानीय विकास निर्माणसम्बन्धी कार्यकम तथा महिला सशक्तीकरण र सांगीतिक इत्यादि कार्यक्रमले प्राथमिकता पाएका छन् । यसमध्येको ठूलो हिस्सा सांगीतिक कार्यक्रमले ओगट्ने गर्दछ ।

सामुदायिक रेडियोका परिभाषित समुदायहरू पनि फरक फरक छन् , तथापि २५ मध्ये १४ वटा रेडियोहरू आफ्नो प्रविधिले समेट्ने सबै समुदायलाई आफ्नो समुदायको रूपमा लिने गर्दछन् । कतिपय रेडियोले जातीय तथा भौगोलिक आधारमा समावेशीकरणको मान्यतालाई मध्यनजर गर्दै आफ्नो समुदायको परिभाषा दिएका छन् ।

उपलब्ध समय र स्रोतसाधनभित्र सीमित रहदै अध्ययनलाई व्यवस्थित गर्न छनोट गरिएका रेडियोलाई थप दुइवटा श्रेणीमा वर्गीकरण गरियो । तिनीहरू मध्ये तिन वटालाई सघन सर्वेक्षणका लागि पहिचान गरियो , यहाँ व्यापक सरोकारवालाहरूसँगको परामर्शमा (स्थानीय प्रशासन र प्रहरी, सरकारी निकाय (मुख्य कृषि, स्वास्थ्य, शिक्षा र महिला विकास) नागरिक समाज र श्रोताहरूबाट सूचना सेवा प्रणाली सङ्कलन गरियो । वाँकी २२ वटा रेडियो प्रशारण सेवा सामान्य सर्वेक्षणका लागि छनोट गरियो, जहाँ सूचनाका स्रोतहरू सङ्कलन रेडियो बोर्ड सदस्यहरू, व्यवस्थापन, महिला कर्मचारी र बाहिर पारिएका समूहहरूबाट कार्यरत कर्मचारीहरूबाट मात्र गरियो ।

सूचना सङ्कलनका लागि छनोट गरिएका रेडियोहरूको नामावली अनुसूची २ मा उपलब्ध छ ।

## तथ्याङ्क सकंलन विधि

### प्रश्नावली

प्रत्येक रेडियोबाट सर्वेक्षणको प्रमुख उपकरणको रूपमा प्रश्नावलीहरू तथा सूचना सङ्कलन र संग्रह गर्ने फारमहरू तयार पारिए । यसबाट यस प्रकारका उपकरणभित्र  गहन र सतही सर्वेक्षणका लागि तथ्याङ्क  राख्ने  र सरोकारवाला तथा समूहकेन्द्रीत छलफलका लागि प्रश्नावली ढाँचा  समावेश थिए । रेडियोको प्राथमिक तथ्याकं एवं जानकारी हासिल गर्न स्टेसन म्यानेजर तथा रेडियोका सञ्चालकहरूबाट प्रश्नाबली समावेश भराइएको थियो । यस्ता उपकरणको नमुना अनुसूची - ३ मा संलग्न गरिएको ।

### अवलोकन

यस अध्ययनका क्रममा स्टेसनको भौतिक अवस्था, स्टेसनमा कार्यरत जनशक्तिको अवस्था, स्थानिय बासिन्दाको स्टेसनमा आवागमन तथा स्टेसन भित्रको वातावरण समेतको पनि अवलोकन गरिएको थियो ।

### अन्तर्वाता

यस अध्ययनका लागि सामुदायिक रेडियोका संचालक समितिका पदाधिकारीहरु, स्टेसन व्यवस्थापकहरू तथा रेडियोकर्मी र श्रोताहरुसँग खुल्ला अन्तरवार्ता  लिइएको थियो । अध्ययनका लागि छनौट भएका २५ रेडियोका २२० जनासँग यस्तो अन्तर्वार्ता लिइएको थियो ।

### समूहगत छलफल

सूचना सङ्कलनका सम्बन्धमा स्थानीय कर्मचारी , प्रहरी प्रशासन एवं रेडियोका श्रोताहरू, नागरिक समाजका अगुवा एवं सङ्गठन  र कर्मचारी एवं बाहिर पारिएका समूह, महिला, जनजाति र अल्पसंख्यक जनजाति, रेडियोमा कार्यरत स्वयंसेवकसँग कुराकानी गरियो । सरोकारवालाहरूका विभिन्न समूहहरूका लागि भिन्दै प्रकारका कार्यशाला तथा समूह केन्द्रित छलफल गरिएको थियो ।

### व्यक्तिगत अन्तर्वाता

स्टेसन मेनेजरहरू, केही छनौट गरिएका बोर्ड सदस्यहरू र रेडियो व्यवस्थापनमा कार्यरत कर्मचारीहरूसँग व्यक्तिगत अर्न्तवार्ता लिइयो ।

### पूर्वप्रकाशित सामाग्रीहरूको अध्ययन

यस अध्ययन सम्पन्न गर्न आवश्यक जानकारी तथा सूचना संकलनको लागी रेडियो सञ्चालक संस्थाको विधान, विनियम तथा रेडियो स्टेसन सञ्चालन नीति, रेडियो कार्यक्रम, कार्यक्रमको सूचि र ढाँचासम्बन्धी सूचनास्रोतको अध्ययन गरियो । त्यसैगरी रेडियोसम्बन्धी विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सेवा प्रणाालीको जानकारी एवं तथ्याकं एवं प्रतिवेदनहरू अध्ययन गरियो ।

सम्बन्धित रेडियो व्यवस्थापनसँगको समन्वयमा अध्ययनका लागि छनौट भएका रेडियो स्टेसनलाई अध्ययनको मिति र उपस्थित हुनुपर्ने पदाधिकारी, कर्मचारी एवं अन्य सरोकारवालाहरूको बारेमा अग्रीम जानकारी गराइएको थियो । सम्बन्धित रेडियोले रेडियोका बोर्ड सदस्यहरू, कार्यकारी सदस्यहरू, स्टेसन मेनेजर एवं कर्मचारी स्वयंसेवकहरूलाई परामर्श बैठकमा उपस्थितीको व्यवस्था मिलाएर सहयोग गरेका थिए । कतिपय नागरिक समाजका अगुवाहरू एवं श्रोताहरूसँग अध्ययनकै सिलसिलामा जिज्ञासा राखिन्थ्यो र आवश्यक सूचनाहरू संकलन गरिन्थ्यो ।

### अध्ययनको सिमा

यस अध्ययनको क्रममा समुदायको सूचना तथा सञ्चार माध्यमको रुपमा मात्र सामुदायिक रेडियोलाई लिइएको छ । तर सूचना र सञ्चार माध्यमहरू छापा, सरकारी तथा अन्य निजी कम्पनी अर्न्तगत सञ्चालित स्वतन्त्र रेडियो एवं टेलिभिजन सेवालाई अध्ययनमा समावेश गरिएको छैन । नेपालको ग्रामीण क्षेत्रमा सामुदायिक रेडियोको अभ्यासको थालनी भएको एक दशक मात्र भएको छ । अन्य सञ्चार माध्यमको तुलनमा सामुदायिक रेडियोले समुदायको सूचना प्राप्ती र अभिव्यक्तिका लागि सरल माध्यमको रुपमा स्थापित भएको देखिन्छ तर यसका बारेमा अध्ययन अनुसन्धान नभएकाले यस विषयलाई अध्ययनमा जोड दिईएको हो । सामुदायिक रेडियोको सञ्चालनमा महिलाको के कत्तिको सहभागिता रहेको छ । उनीहरूको चासो र सरोकार भित्र सामुदायिक रेडियो परेको छ कि छैन । सामुदायिक रेडियोको कार्यक्रम

एवं प्रसारण सामग्रीमा महिलाका विषयबस्तुले कत्तिको महत्व पाएको छ भन्ने बिषयलाई जोड दिइएको छ । यो अध्ययन २०६७ असोजदेखि चैत्र मसान्तसम्म ६ महिना भित्र सम्पन्न गरिएको थियो ।

**तथ्याङ्कको विश्वसनीयता तथा बैधता**

यस अध्ययनको लागि विश्वसनीयता तथा व्याबहारिक विधिहरू उपयोग गरिएको छ । रेडियोका सञ्चालन समितिका पदाधिकारी एवं स्टेसन म्यानेजरलाई सोधिने पश्नहरूको पूर्ब परीक्षण समेत गरिएको थियो । यसबाट प्रश्नावलीमा आवश्यक सुधार गरिएको थियो । अध्ययनलाई थप विश्वसनीय बनाउन एवं तथ्याङ्कलाई पुष्टि गर्न सामुहिक छलफल परामर्श, व्यक्तिगत अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन तथा घटनावलीको अध्ययन गरिएको थियो ।

अध्याय चार

# तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

## ४.१ रेडियो व्यवस्थापन/प्रशासनमा महिला सहभागिता

रेडियोको व्यवस्थापन/प्रशासन क्षेत्रमा महिला सहभागिताको स्थिति तथा तथ्य पत्ता लगाउन रेडियोको साधारण सदस्यता, बोर्ड र व्यवस्थापनमा लैंगिक समानताको विश्लेषण गर्नको निम्ति महिला पुरुष दुवैको जातीय र क्षेत्रीय पृष्ठभूमिलाई समेत आधार बनाएर अध्ययन गरियो । अध्ययनबाट प्राप्त तथ्यांक निम्न तालिकामा देखाइएको छ ।

**तालिका १: रेडियोको बोर्ड तथा समितिहरूमा महिला सहभागिताको स्थिति**

| | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | बोर्ड सदस्य | साधारण सदस्य | समिति सदस्य | समति नेतृत्व | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| दलित पहाडी महिला | | | | | ३ | ९ | १ | | १३ |
| दलित पहाडी पुरुष | १ | | ३ | | ८ | १७ | | | २९ |
| दलित मधेशी महिला | | | | | | | | | ० |
| दलित मधेशी पुरुष | | | | | २ | ४ | | | ६ |
| जनजाति पहाडी महिला | १ | १ | १ | ४ | ९ | ९१ | ४ | १ | ११२ |
| जनजाति पहाडी पुरुष | ४ | | १ | १ | १६ | १५८ | | | १८८ |
| जनजाति मधेशी महिला | | | २ | | ४ | ९ | | | १५ |
| जनजाति मधेशी पुरुष | २ | १ | १ | २ | १० | २४ | २ | ३ | ४५ |
| जनजाति नेवारी महिला | | | | | | ४ | | | ४ |
| जनजाति नेवारी पुरुष | २ | | | | ३ | ४२ | | | ४७ |
| ब्राह्मण-क्षेत्री पहाडी महिला | २ | १ | ३ | २ | २५ | १६५ | १ | २ | २०१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण-क्षेत्री,पहाडी पुरुष | १० | ७ | ९ | ३ | ५२ | ६७२ | १२ | ४ | ७७१ |
| ब्राह्मण-क्षेत्री मधेशी महिला | | | १ | १ | | | | | २ |
| ब्राह्मण-क्षेत्री,मधेशी पुरुष | १ | १ | | | २ | १ | | | ५ |
| अन्य मधेशी महिला | | | | | ५ | १८ | १ | १ | २५ |
| अन्य मधेशी पुरुष | १ | १ | | | ९ | ४६ | १ | | ५८ |
| मुस्लिम महिला | | | | १ | १ | ३६ | | | ३८ |
| मुस्लिम पुरुष | १ | | | | २ | १६९ | | | १७२ |
| अन्य महिला | | | | | | १३ | | | १३ |
| अन्य पुरुष | २५ | १२ | २१ | १४ | १५१ | १४७८ | २९ | १२ | १४४४ |

माथिको तालिकाबाट पुरुषको तुलनामा महिलाको सहभागिता अपेक्षाकृत कम भएको प्रष्ट हुन्छ । हरेक जाति र क्षेत्रमा महिलाको स्थिति पुरुषको तुलनामा पछाडि रहेको छ । जातीय आधारमा महिला सहभागिताको अवस्थालाई हेर्दा सबभन्दा बढी ब्राह्मण/क्षेत्री महिला त्यसपछि क्रमशः जनजाति महिला र दलित महिलाको स्थान भेटिन्छ । त्यस्तै क्षेत्रीय आधारमा हेर्ने हो भने पहाडी महिला मधेशी महिलाको तुलनामा अगाडि छन् ।

जाति र क्षेत्र दुवैका आधारमा हेर्दा सबभन्दा बढी सहभगिता ब्राह्मण-क्षेत्री पहाडी महिलाको रहेको पाइन्छ भने दलित मधेशी महिलाको सहभागिता प्राय शून्य छ । यी तथ्यहरूबाट के स्पष्ट हुन्छ भने सामुदायिक रेडियोहरूले लैंगिक समानताका साथै सामाजिक समावेशीकरणको मान्यतालाई समेत आत्मसाथ गर्दै व्यवहारमा उतार्न सकेका छैनन् ।

नेपालमा सामुदायिक रेडियो सेवा प्रसारणले व्यापकता पाएको धेरै समय भएको छैन । लामो समयदेखि समाजमा कायम लैङ्गिक असमानता र सामाजिक विभेदका कारण महिलाहरु सार्वजनीक कार्यमा पहुँच विस्तार हुन सकेको छैन । महिलाहरुलाई शैक्षिक एवं आर्थिक सुविधाबाट बञ्चित गरिएका कारण समेत सामाजिक असमानता कायमै छ


। रेडियो बोर्डको कार्यकारी पदमा पुरुष ७६% तर महिला २४% मात्र रहेको छ । ती महिलामध्ये तिन जना ( दुई जना पहाडी ब्राह्मण/क्षेत्री र एक जना पहाडि जनजाति) बोर्डको प्रमुख वा अध्यक्ष पदमा रहेको अवस्था भेटिन्छ । मुख्य पदहरू (अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव) मा महिला र सीमान्तकृत समुदायको प्रतिनिधित्व ज्यादै न्यून मात्रमा समावेश भएको देखिन्छ ।

सामुदायिक रेडियोलाई आवाज विहिनहरुको आवाज भनिन्छ । पछाडि पारिएका सिमान्तकृत र पहुँच विहिनहरुको हितमा कार्यगर्ने विश्वास गरिन्छ । तर, अध्ययनमा रेडियो सञ्चालनको मुख्य पदहरुमा महिला, दलित र सिमान्तकृत समुदायको यथोचित प्रतिनिधित्व हुन सकेको छैन ।

कतिपय रेडियोको नियमावलीमा रहेको सदस्यता प्राप्तिको व्यवस्थाले समेत कठिन बनाएको छ । कतिपय रेडियोले सदस्यता प्राप्त गर्ने स्पष्ट मापदण्ड समेत बनाएका छैनन् । रेडियोका सञ्चालकहरुमा समुदायका सबै बर्ग , क्षेत्र र लिङ्गको समान प्रतिनिधित्व गराउनु पर्ने धारणा विकास भएको समेत पाइयो । सञ्चालक समिती गठन हुँदा लोकतान्त्रीक विधिबाट नै छनौट हुने गरेको देखियो ।

### ४.२ तालिका २: रेडियो व्यवस्थापन/प्रशासनको मुख्य-मुख्य पदमा महिला

| | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | बोर्ड सदस्य | साधारण सदस्य | समिति सदस्य | समिति प्रमुख | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला | ३ | २ | ७ | ८ | ४७ | ३४५ | ७ | ४ | ४२३ |
| पुरुष | २२ | १० | १४ | ६ | १०४ | ११३३ | २२ | ८ | १३१९ |




२५ वटा रेडियोको १०८ मुख्य पदहरूमध्ये जम्मा २० स्थानमा मात्र महिला समूह समावेश रहेको अवस्थाले महिलाहरूको न्यून र कमजोर सहभागितालाई प्रष्ट्याउँछ । धेरैजसो महिलाहरू बोर्डको सदस्यमा सीमित रहेको तथा मुख्य पदमा पुग्नेमध्ये पनि धेरै कोषाध्यक्ष मात्र हुन सकेको तथ्यांकले झल्काउँछ । कोषाध्यक्ष पद नै एक मात्र यस्ता पद हो, जसमा महिलाको संख्या पुरुषको भन्दा बढी छ । अन्य पदमा पुरुष धेरै अगाडि देखिन्छन् । यसरी मुख्य पदमा महिलाको सहभागिता निकै कम भएता पनि सहभागी महिलाको स्थिति पनि कार्यकारी भन्दा आलङ्कारिक रहेको यथार्थता भेटिन्छ ।

अध्ययन गरिएका रेडियो कार्यक्रम मध्ये दुई वटाको बोर्डमा भने महिला मात्र भेटियो । यी दुई रेडियोमध्ये पनि एउटामा चाहिं महिला पदाधिकारीहरू आलङ्कारिक मात्र थिए, त्यहाँ नियन्त्रण र प्रभाव एक जना पुरुषबाट भएको थियो । औपचारिकताका लागि महिला पदाधिकारी बसे पनि अधिकांस महत्वपूर्ण निर्णयमा पुरुषको प्रमुख हात रहन्छ । महिलाहरुकै पहलमा सञ्चालनमा आएका रेडियोहरुमा समेत महिलाको भूमिका प्रभावकारी बन्न सकेका छैन ।

### ४.३ रेडियोको कार्यकारी बोर्डको गठन

रेडियो बोर्डमा महिलाको स्थान न्यून रहे तापनि रेडियोको कार्यकारी बोर्डमा भने आलङ्कारिक नै भएता पनि महिलाको प्रतिनिधित्व गराउने प्रवृत्ति बढ्दै गएको देखिन्छ । धेरै रेडियो माध्यमले केही दरबन्दी महिला आरक्षणको निम्ति व्यवस्था गरेका छन् ।

महिलाहरू सुरुमा निष्क्रिय र कमजोर देखिएता पनि कतिपयले चाहिं समय वित्दै जाँदा आफ्नो सक्रिय एवं सार्थक सहभागिता र भूमिका खोजी गर्न थालेको पाइन्छ । अध्ययनबाट निम्न विषय बस्तुहरू पनि पत्ता लागेका छन् ।

- महिलाहरूले नै सञ्चालन गरेको रेडियोको कार्यकारी बोर्डमा समेत सीमान्तकृत समूहका महिलाको प्रतिनिधित्व पाइएन ।
- रेडियोको कार्यकारी बोर्ड कसरी गठन गर्ने भन्ने विषयमा निश्चित प्रावधानको व्यवस्था गरेका रेडियोहरूले पनि महिला प्रतिनिधित्वको लागि उपयुक्त व्यवस्था गरेका छैनन् ।

एउटा रेडियोको कार्यकारी बोर्डमा महिला त छन् तर उनले महिला कर्मचारीका निम्ति कुनै उल्लेखनीय भूमिका खेल्न सकेको पाइएन । रेडियोमा उनको भूमिका र योगदान के हो भन्ने तथ्य आफैलाई थाहा छैन । महिलाको मुद्दा वा सरोकारका विषयप्रति उदासिन उनको व्यवहार अन्य कुनै पुरुषको भन्दा फरक छैन । त्यसकारण उनले बोर्डमा महिला आवाजको प्रतिनिधित्व गरेको देखिंदैन । अध्ययनमा छनौट भएका २५ सामुदायिक रेडियोमा ६७५ नियमित कर्मचारी एवं स्वयंसेवक कार्यरत रहेको तथ्याकं प्राप्त भएको छ । औसतमा एउटा स्टेसनमा करिब २७ जना कर्मचारी तथा स्वयंसेवक कार्यरत रहेको  देखिन्छ । रेडियोमा महिला कर्मचारीको सङ्ख्या २७१ रहेको छ । यो संख्या कूल संख्याको ४० प्रतिशत हुन्छ ।

अधिकांस रेडियोमा कार्यरत कर्मचारीहरूको उमेर २५ वर्षभन्दा कम रहेको देखिन्छ । यद्यपि कर्मचारीको औसत उमेर २७ वर्ष रहेको पाइयो । कर्मचारीहरुमा उमेरको फरक धेरै भएको पाइयो । धेरै जसोको उमेर २० वर्ष भन्दा कम भएता पनि कतिपय कर्मचारीको उमेर ५० वर्ष भन्दा धेरै रहेको पाइयो । यसले गर्दा सरदर महिला कर्मचारीको उमेर धेरै हुन गएको देखिन्छ ।

## ४.४ कर्मचारी नियुक्ति

अधिकांश सामुदायिक रेडियोहरूले कर्मचारी नियुक्तिको विषयमा स्पष्ट नीतिको व्यवस्था गरेका छैनन् । यसले गर्दा उनीहरु महिला सहभागिताप्रति संवेदनशील भए नभएको लिखित आधार भेटिदैन । प्रसासनिक अथवा कर्मचारी छनौटसम्बन्धी स्पष्ट नीति भएको भए त्यसका आधारमा विश्लेषण गर्ने यथोचित ठाउँ हुने थियो । केही रेडियोको नीति भए पनि त्यसको कार्यान्वयन प्रभावकारी रूपमा हुन सकेको छैन । तथापि महिला सहभागिताको निम्ति केही पनि गरिएको छैन भन्ने चाहिं होइन ।

महिला सहभागितालाई उच्च प्राथमिकता नदिइएता पनि रेडियो कार्यक्रमहरूमा “महिला आवाज” राख्नु पर्ने हुँदा महिलाहरूलाई नियुक्ति गरिएको छ । अधिकांस रेडियो स्टेसनमा पुरुषसँग प्रतिस्प्रर्धा गरेरै महिलाहरु छनौट भएको देखियो ।

## ४.५ कर्मचारीको पेसागत विकास

रेडियोको विकासका लागि महिला, दलित, जनजाति लगायत सबै कर्मचारीलाई लैंङ्गिक, सामाजिक समावेशीकरण, रेडियो पत्रकारिताका साथै मानवअधिकार, महिलाअधिकार र बालअधिकार जस्ता विषयबस्तुमा कार्यक्रम उत्पादनसम्बन्धी तालिम दिनु आवश्यक देखिन्छ । क्षमता अभिबृद्धि कार्यकम मार्फत महिलाका हक अधिकारबारे प्रभावकारी रुपमा कार्यकम एवं समाचार तयार गर्ने सीप क्षमता विकास गर्नुपर्ने देखिन्छ ।

कर्मचारीको पेसागत विकासको सम्बन्धमा विद्यमान “समान अवसर” को मान्यता महिला-मैत्री छैन । रेडियोले लैंगिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी तालिमको आयोजना गर्दैनन् । सामुदायिक रेडियोको प्रवर्द्धक वा सहयोगी संस्थाहरूले आयोजना गर्ने तालिम सेवामा कर्मचारीलाई पठाइन्छ । तर सहभागिताका लागि आयोजक संस्थाले निर्धारण गरेको मापदण्ड पूरा गनुपर्ने र त्यसो गर्न नसक्दा महिलाहरूले थोरै मात्र आवश्यक अवसर प्राप्त गर्दछन् ।

सामुदायिक रेडियोको निर्णायक स्थानमा महिलाको उपस्थिति पनि कमजोर रहेको देखिन्छ । महिला कर्मचारी निर्णायक विभाग तथा शाखामा प्रमुख भएपनि उनीहरूले  प्रभावकारी रुपमा आफ्नो भूमिका निर्वाह गर्न सकेको देखिएन । अधिकांश महिला पत्रकारहरू रेडियोमा समाचार वाचक र रिपोर्टर तथा कार्यक्रम उत्पादनमा सहयोगी भूमिकामा रहेको पाइयो । कतिपय रेडियोमा महिलाहरू कार्यक्रम उत्पादक रहेको पाइयो । कार्यक्रम प्रस्तुतिमा महिला स्वरको आवश्यकता महसुस भएकाले रेडियोमा उनीहरुको संख्या बढ्न सहयोग पुऱ्याएको छ । साँच्चै समानताको सिद्धान्त अनुसार महिला सञ्चारकर्मी रेडियोमा प्रवेश गर्न सकेको देखिएन ।

### ४.६ रेडियो स्टेशनको व्यवस्थापन : महिलाका निम्ति काम गर्ने वातावरण

रेडियोले नियमित स्टेशन व्यवस्थापनको निम्ति छुट्टै नीति नियमहरूको तर्जुमा गरेका छैनन् । उनीहरुले जे-जस्तो आवश्यकता पर्छ त्यसै अनुरुपका निर्णय र व्यवस्थापनका कार्यहरू गर्दै आएका छन् । महिला पत्रकारहरूले आफ्नो अनुकुल समयमा काम गर्न सक्ने गरी जिम्मेवारी बहन गरेको पाइन्छ भने उनीहरूलाई विदा एवं अन्य प्रकारको सुविधा निश्चित परिस्थितिको आधारमा मात्रै दिने गरेको पाइन्छ ।

स्टेशन व्यवस्थापसम्बन्धी नीति नियमको आवश्यकता परेको धेरैले महशुस गरेका छन् । दुई वटा रेडियोले त त्यस्तो नीति नियमको मस्यौदा नै तयार पारिसकेका छन् । तर साधारण सभाबाट पारित गराउन बाँकी छ । अन्य केही रेडियोले पनि मस्यौदा तयार गर्नको निम्ति सक्रियता देखाएका छन् ।

महिला रेडियोकर्मीका निम्ति रेडियो व्यवस्थापनले उपलव्ध गराएको वातावरणको अध्ययन गर्दा   सकारात्मक र नकारात्मक दुबैखाले अवस्था समाबेश भएको पाइयो ।

### ४.७. (क) गठन र व्यवस्थापनमा लैङ्गिक समानता

रेडियो संचालक समिति गठन र व्यवस्थापनमा महिला सहभातिलाई कत्तिको प्राथमिकता दिने गरिएको छ भन्ने बारेमा समेत अध्ययन गरियो । अध्ययनले रेडियोको सदस्यता प्राप्ति,

कार्यकारिणी बोर्डको गठन, कर्मचारीको छनौट तथा विकास, बजार व्यवस्थापन, विज्ञापन र सञ्चारको समग्र व्यवस्थानको विश्लेषण गऱ्यो । त्यसैगरी, रेडियो स्टेसन व्यवस्थापनका सम्बन्धमा लैङ्गिक समानताका विषयमा पनि सोधपुछ भएको छ । प्रायः जसो रेडियोहरूमा सदस्यता के कस्तो हुनुपर्छ भनी स्पष्ट नीति रहेको पाइएन । यस अध्ययनले लक्षित समुदायको संरचना र रेडियो सदस्यताको संरचना वीच ठूलो खाडल विद्यमान रहेको पाइयो । यस अध्ययनले समुदायमा आधारित सदस्यतासम्वन्धी स्पष्ट नीति प्राप्त गरेन, जहाँ रेडियोहरूले समुदायका सबैलाई सदस्यता विवतरण गर्ने आशय वा योजना वनाएका किन नहुन् । सदस्यता प्राप्तिका लागि पहुँच नपुग्नेहरूका लागि सदस्यता विस्तारका लागि कुनै नीतिगत व्यवस्था वा व्यवहारिक कदम चालिएको पाइएन । धेरै जसो अवस्थामा सदस्यता वितरण चिनजानको व्यक्ति वा पुरुषहरूमा मात्र सीमित देखियो ।

- कतिपय स्थानमा रेडियोका सदस्य को हुन् भन्ने स्पष्टता छैन धेरै रेडियोहरूमा ईजाजत प्राप्त संस्थाका सदस्यहरूलाई रेडियोका सदस्य भनिएको छ । कतिपय रेडियोमा इजाजत पाउने संस्था एउटा छ तथा आर्थिक श्रोत लगानी गर्ने संस्था अर्कै छ ।
- कुनै  रेडियोमा संस्थागत सदस्यहरूमात्र छन् ।
- केही रेडियोहरूमा, सदस्य हुनलाई ठूलो रकम चाहिन्छ (५ देखि ५० हजारसम्म) जसले गर्दा आर्थिक अवस्था कमजोर भएकाहरु सदस्यताबाट स्वतः वञ्चित हुनु परेको छ ।

अध्ययनमा छनौट भएका मध्य एउटा रेडियोसँग मात्र सदस्यता विस्तारको औपचारिक योजना रहेको पाइयो । केही रेडियोहरू सदस्यता बढाउन उदासीन भएको पाइयो । कतिपय रेडियोले सदस्यता प्राप्तीको लागि असम्भव शर्त राखेको पाइयो । जस्तै सदस्यता शुल्क ५०००० सम्म राख्नाले आर्थिक अवस्था कमजोर भएकाहरु प्रबेश गर्न सक्दैनन् ।

कुनै रेडियोलाई निश्चित समूह वा समुदायको मात्र हो भनी बुझ्नुले पनि अन्यलाई स्वतः त्यस रेडियोबाट टाढा रहन उत्प्रेरित गर्छ । रेडियोको सदस्यताको कार्यलाई रकम सङ्कलन गर्ने माध्यमको रूपमा मात्र हेर्ने प्रवृत्ति देखिन्छ । सदस्यतालाई सामाजिक रूपान्तरण जस्तो बृहत सामाजिक उद्देश्य हासिल गर्नका लागि आवश्यक स्वामित्वबोधको रुपमा ग्रहण गरिएको देखिदैन । एक दुइटा रेडियोहरूले धेरै सदस्यहरुबाट रेडियो सञ्चालन प्रक्रियामा सहभागिता सुनिश्चित गर्न "रेडियो काउन्सिल" को अवधारणा लागू गरेका छन् ।

### ४.७. (ख) कार्यकारी बोर्डको गठन

पहिले नै उल्लेख गरिए अनुरुप रेडियोको बोर्डको गठन समावेशी छैन । यस अध्ययनले बोर्डलाई समावेशी वनाउन नियममा व्यवस्था छन् कि छैनन् र त्यसलाई व्यवहारमा उतार्न के कस्ता पहलहरू गरिएका छन् र नीति तथा प्रणाली व्यवहारमा लागू गर्न कार्यपालनाको अनुगमन के कसरी भएको रहेछ भनी अनुसन्धान गर्‍यो ।

विस्तृत रूपमा हेर्दा रेडियोको बोर्ड गठनमा त्यस्तो कुनै नीति अवलम्वन भएको पाइदैन । धेरै जसो रेडियोहरूमा इजाजत प्राप्त संस्थाहरूको कार्यकारी बोर्ड जसरी गठन हुन्छ सोही अनुरूप परम्परागत रूपमा रेडियोको कार्यकारी बोर्ड पनि गठन हुन्छ । एउटा रेडियाले स्पष्ट रूपमा उल्लेख गरेको छ "हामीले प्रक्रिया र नियमहरू नियमनकारीहरूलाई सन्तुष्ट पार्ने गरी लेखेका छौं ........

तिनीहरू हुबहु सारिएका छन……… । एक पटक ति नियमहरू जारी भएपश्चात हामी त्यसलाई फेरी पल्टाएर हेर्दैनौं" ।

तथापि, रेडियोका अगुवाहरूले रेडियोको कार्यकारी बोर्डमा महिलालाई समावेश गर्नुपर्ने कुराप्रति सचेत भएको कुरा बताए । धेरै जसो रेडियोमा महिलाको लागि कोटा सुरक्षित राखिएको पाइन्छ । थपना कै रूपमा भएपनि महिलाहरूलाई रेडियोको कार्यकारी बोर्डमा राख्ने प्रचलन वढेको पाइन्छ ।

महिलाहरू प्रवेश गर्दाको समय चुपलागे तापनि समय वित्तै जाँदा उनीहरू सक्रिय र अर्थपूर्ण सहभागिता र योगदान खोज्न लालयित भएका घटनाहरू पनि पाइन्छन् । उपर्युक्त वातावरण र दक्षता हुँदा ती महिलहरू प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन्।

- यस अध्ययनले महिलाद्वारा सञ्चालित रेडियोको (कार्यकारी बोर्डमा) बाहिर पारिएका समूहका महिलाहरूको प्रतिनीधि भएको पाइएन ।
- कार्यकारी बोर्डको गठनका सम्बन्धमा स्पष्ट व्यवस्था भएका रेडियोहरूमा महिला प्रतिनिधित्व हुने अनुकुल व्यवस्था रहेको पाइएन ।
- रेडियोको कार्यकारी बोर्ड सदस्यमा महिला भएपनि उनको उपस्थितिले अन्य महिला कार्मचारीलाई केही फरक अनुभव दिलाउदैन । ती महिलालाई आफ्नो भूमिका र योगदानको वारेमा राम्रो ज्ञान हुँदैन, त्यसैले उनको व्यवहार अन्य पुरुष सदस्यकै जस्तै हुन्छ । महिलाका सवालमा तटस्थ बन्नु तथा बोर्डमा महिलाको आवाजलाई उनले प्रतिनिधित्व गर्न सकेको पाइएन ।

रेडियोको कार्यकारी बोर्डमा लक्षित समुदायको प्रतिनिधित्व हुनु पर्छ भन्ने मान्यताले व्यापकता पाएको भएता पनि यो मान्यता अझै पनि कमजोर नै छ । केही रेडियोहरूले प्रतिनीधि क्षेत्र तोकेका छन ।  लक्षित क्षेत्र अर्न्तगतको प्रतिनिधि क्षेत्रबाट प्रतिनिधिहरू छनोट गर्ने मनसायले रेडियोहरूले त्यस्तो

प्रतिनीधि क्षेत्र तोकेका छन्, जहाँ महिलाको प्रतिनिधित्व सुनिश्चित बनाउने आधारहरु तयार हुन सकेको देखिदैन ।

### ४.७. (ग) सकारात्मक पक्ष

नियममा उल्लेख नभएता पनि साधारणतया महिला रेडियोकर्मीले सुत्केरी हुने अवस्थामा ६० दिनको प्रसूति विदा पाउँछन् । यसका साथै रेडियो नारायणीले प्रसूति विदा अवधिको तलव समेत पेश्कीस्वरुप अग्रिम रुपमा उपलव्ध गराउने व्यवस्था गरेको छ । यस्तो व्यवस्थाको कर्मचारीले धेरै प्रशंसा गरेका छन् भने लाभान्वित महिलाले कठिन अवस्थाको निम्ति पाएको सुविधाबाट सम्मानित भएको महशुस गरेको पाइन्छ ।

त्यस्तै सुरक्षा संबेदनशिलतालाई मध्यनजर गरेर कतिपय रेडियोले रात साँझमा सकभर महिलाको कार्य समय हेरफेर गरेका छन् । लिखित व्यवस्था नभए पनि व्यवहारिक रुपमा कठिनाइ हेरेर टाढाको फिल्ड रिपोर्टिङमा सकभर महिला जानु नपर्ने प्रचलन बसालेको पाइयो ।

### ४.७. (घ) नकारात्मक पक्ष

- दुईवटा रेडियो स्टेसनमा समाचार संयोजकको रूपमा काम गर्ने महिलालाई पुरुष समकक्षीहरूले असहयोग गरेको र कुरा काट्ने गरेको भेटियो ।
- महिलाले मात्र सञ्चालन गरेको रेडियो कार्यक्रममा बाहेक अन्य रेडियोमा काम गर्ने महिलाहरूले आफूलाई विभिन्न तरिकाले असमान व्यवहार गरिएको महशुस गरेका छन् ।
- एउटा रेडियोमा कार्यक्रम प्रमुख महिला छन् तर उनी स्टेशन म्यानेजरको रूपमा काम गर्ने पुरुषसँग छलफल गरी सहमति लिएर मात्र निर्णय गर्दछिन् ।
- महिलामाथि यौन दुर्व्यवहारका केही घटनाहरू पाइयो ।

रेडियोमा महिलाको निम्ति काम गर्ने वातावरणको सन्दर्भमा यौन दुर्व्यवहारका घटनाहरू ठूलो चुनौतीको रूपमा देखिएको छ । धेरैजसो यौन दुर्व्यवहारका घटनाको बारेमा पीडित महिलाहरूले व्यक्त गर्न वा उजुरी गर्न सक्दैनन् । उजुरी गरिएको खण्डमा पनि व्यवस्थापन पक्षले दोषीलाई कारवाही गर्नुको साटो बेवास्ता गरेर टार्न खोज्ने प्रवृत्ति कायम छ ।

## ४.८ रेडियो कार्यक्रम उत्पादन तथा प्रसारणमा महिला सहभागिता

**कुल प्रसारण समय अवधिको तुलनामा आफ्नो उत्पादनहरू**

| | जम्मा | सिन्डिकेट समाचार | सिन्डिकेट अन्य | आफ्नै उत्पादनहरू |
|---|---|---|---|---|
| औसत प्रसारण समय | ११० | १३ | ६ | ९१ |
| औसत प्रतिशत | | १२% | ५ % | ८३ % |

अध्ययनमा परेका रेडियो औसत हप्ताको ११० घण्टा प्रसारण गर्छन्, तिनीहरू मध्ये धेरैले ११९ घण्टा प्रसारण गर्छन् । दैनिक चौविसै घण्टा प्रसारण गर्ने रेडियो एउटा मात्र थियो । सबैभन्दा कम समय प्रसारण गर्नेले दैनिक ९ घण्टा प्रसारण सेवा गर्छ । रेडियोहरूले प्रसारण गर्ने कार्यक्रमका विषयवस्तु मध्ये ८१ प्रतिशत आफ्नो उत्पादन (आफैले निर्माण गरेको), ११ प्रतिशित सिन्डिकेट समाचार र अन्य सिन्डिकेट कार्यक्रमहरू समावेश छ । सिन्डिकेट गरिएका ११ प्रतिशत समाचारहरूमा CIN, BBC, NFM , UNN को रिले प्रसारण गरिएका पाइन्छ । सामुदायिक रेडियोका सञ्चालकको दावि अनुशार यस्ता

कार्यक्रम आवश्यक छ किनभने स्थानीय समुदायले राष्ट्रिय समाचार स्थानीय रेडियोबाटै सुन्न सक्छन् । स्थानिय रेडियोसँग समुदायको भाषागत र क्षेत्रगत सामिप्यता समेत बढेको हुन्छ ।

महिलालाई लक्षित गरेर बनाइएको रेडियो कार्यक्रमले सम्पूर्ण रेडियो कार्यक्रमको २% सम्म मात्र स्थान ओगट्न सकेको छ । दाता वा प्रायोजकको चाहनाअनुसार बन्ने र प्रसारण हुने यस्ता कार्यक्रममा पुरुषकै नियन्त्रण रहेको पाइयो । त्यसैगरी महिला लक्षित कार्यक्रमहरू कम महत्वपूर्ण समयमा प्रसारण गरिन्छ । यति हुँदाहुँदै पनि महिलासम्बन्धी सामग्रीलाई समाचार र सूचनामूलक कार्यक्रममा भने गम्भीरतापूर्वक लिइन्छ ।

महिला निर्माता/पत्रकारहरूलाई महिला विशेष कार्यक्रमभन्दा शिक्षामूलक (जस्तै- कृषि, स्वास्थ्य) मनोरञ्जनात्मक (जस्तै- फोन इन) र स्थानीय भाषाका कार्यक्रम दिने गरिन्छ । समाचार एवं समसामयिक विषयसँग सम्बन्धित कार्यक्रममा महिला सहभागिता ज्यादै न्यून प्रकारको छ । साथै समाचारमा संलग्न भइहाले पनि महिलाहरू मूलतः समाचार वाचन गर्ने भूमिकामा सीमित छन् ।

अध्ययनको क्रममा पाइएको अर्को कुरा के हो भने रडियोमा महिला प्रस्तोताको संख्या बढ्दै गइरहेको छ । धेरै महिला निर्माताहरूले राष्ट्रिय मूलधारका मुद्दाहरू समेटी कार्यक्रम उत्पादन गर्न थालेका छन् । त्यसैगरी महिलाले समाचार र कार्यक्रम समूहको नेतृत्व पनि सम्हाल्न थालेका छन् । केही महिलाहरू नेतृत्व तहमा भए तापनि उनीहरूलाई निर्णय गर्नको लागि पर्याप्त अधिकार दिइएको छैन ।

## ४.९ रेडियोको नीति नियम र अभ्यास

समाज रुपान्तरणको औजारको रुपमा स्थापना भएका सामुदायिक रेडियोमा नीति नियम र निर्देशिका तयार गरी लागू गर्नुपर्ने देखिन्छ ।

## रेडियोमा लैगिंक समानता मुखी नीति  नियम र अभ्यास

अध्ययनले रेडियो सञ्चालनको लिखित नीतिगत दस्तावेजका व्यवस्थाहरू, लैङ्गिक समानतामुखी छन् भन्न सकिन्छ । सामुदायिक रेडियो प्रसारक संघले यस अघि गरेको अध्ययनले धेरै जसो रेडियोमा  व्यवस्थापकीय विषयलाई सम्बोधन गर्ने लिखित नीतिगत दस्तावेज नभएको देखाउथ्यो । यो अध्ययनले त्यस्ता व्यवहार र चलन जुन लैङ्गिक हिसाबले संवेदनशील छन् त्यसलाई लिखित गर्ने प्रयास भएको देखिन्छ । रेडियोका सञ्चालक र व्यवस्थापक लैङ्गिक समानता प्रति सचेत भएको र सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्छन् ।

महिला सहभागिताका कार्यक्रम बोलीमा धेरै सुनिने र व्यवहारमा कम देखिने गर्दछ । यस अध्ययनले सामुदायिक रेडियोमा महिला सहभागिता सुनिश्चित गर्न व्यवस्था गरिएका नीति नियमसम्बन्धी निम्न कुराहरू पत्ता लगाएको छ -

- १०% भन्दा कम रेडियोले मात्र सम्पादकीय नीति बनाएका छन् ।
- कार्यक्रम उत्पादन तथा प्रसारणसम्बन्धी कुनै पनि निश्चित तथा प्रभावकारी नीति नियम वा अभ्यास छैन ।
- रेडियो लुम्विनीले लैंगिक नीति बनाएको छ , जसअनुसार कुनै साधारण सदस्यको स्थान रिक्त हुन गएमा त्यस्तो स्थान महिलाद्वारा पूर्ति गरिनेछ । उक्त नीतिको प्रभावकारिता प्रष्ट नभए तापनि यसबाट महिला सदस्यको संख्या वृद्धि हुने अपेक्षा गरिएको छ ।

स्पष्ट नीति नियमको अभावमा रेडियो कार्यक्रम व्यवस्थित हुन सकेका छैनन् ।

## ४. १० महिला रेडियोकर्मीले रेडियो छोड्ने कारणहरू

सामुदायिक रेडियो सञ्चालनको समग्र प्रकृयामा महिला सहभागिता वृद्धिका लागि उनीहरूको प्रवेश  जति महत्वपूर्ण छ, रेडियोमा  टिकिरहनु उत्तिकै महत्वपूर्ण हुन्छ । अध्ययनमा समाबेश २५ रेडियोका २५१ जना कर्मचारीहरूले जागिर छोडेको पाइयो । यो तथ्याकं औसतमा १० जना प्रति रेडियो हुन आउछ । एउटा

रेडियोमा औसत २७ कर्मचारीमा यस्तो सङ्ख्या निकै धेरै हुन आउछ । २५१ जना मध्ये १३५ जना पत्रकार थिए ।

रेडियो छोड्ने पुरुष कर्मचारीको सङ्ख्या १३७ र महिलाको सङ्ख्या ११४ छ । रेडियो छोड्नुपूर्व औसतमा एउटा कर्मचारीले १.५ वर्ष कम गरेको पाइयो । विगत तिन वर्षमा रेडियो छोड्ने महिलाहरूको अध्ययनबाट निम्न कुराहरू पत्ता लागेको छ -

- विगत ३ वर्षमा जम्मा ११४ जना महिलाले रेडियो छोडे । त्यसमध्ये ७० जनाले १ वर्षभन्दा कम अवधिमै छोडेका छन् ।
- कम्तीमा २० जना महिलाले विवाहपश्चात रेडियो छोडेका छन् भने १ जनालाई कमजोर कार्यसम्पादनका कारण निष्काशित गरिएको छ ।
- महिलाले रेडियो प्रसारण कार्यक्रम छोड्नुको अर्को मुख्य कारणमा उनीहरूले रोजगारीको अन्य अवसर पाउनु हो । रेडियोमा काम गर्ने क्रममा उनीहरू सीप सिक्छन्, अनुभव बटुल्छन, दक्ष बन्छन् र आत्मविश्वास बढाउँछन् , जसले गर्दा अझ धेरै धन र प्रतिष्ठा आर्जन गर्ने अवसरका लागि रेडियो छोड्ने गरेका छन् ।
- रेडियोमा महिला-मैत्री वातावरणको अभाव र यौन दुर्व्यवहारका कारण
- पनि महिलाहरूले रेडियो सेवा छाड्ने गरेका छन् ।
- रेडियो नारायणीमा मधेश आन्दोलनका कारण पहाडी मूलका रेडियोकर्मिले रेडियो छाड्नु परेको थियो ।

## ४. ११ महिलाविरुद्ध भेदभावसम्बन्धी महिला रेडियोकर्मीका केही अभिव्यक्तिहरू

रेडियोकर्मी नियुक्तिको क्रममा महिलालाई प्राथमिकता दिने भनिन्छ तथापि छनौट गर्दा लैंगिकतालाई नभै क्षमतालाई मुख्य आधार बनाइन्छ जसले गर्दा महिला छनौट हुने सम्भावना कम हुन्छ ।

- पुरुष कर्मचारीलाई मात्र नियुक्तिपत्र दिइन्छ तर महिलालाई दिइँदैन ।

- तलव वृद्धि गर्दा विशेषगरी पुरुष कर्मचारीको तलव वृद्धि गरिन्छ र त्यो पनि कसैलाई थाहा नदिई गरिन्छ ।
- पुरुषका लागि आवासको व्यवस्था हुन्छ तर महिलाका लागि हुँदैन ।
- महिलाहरूलाई तालिममा सहभागी गराइँदैन ।
- महिलाका मुद्दाहरूमा छलफल गरिन्छ तर सम्बोधन गरिंदैन ।

केही रेडियोमा पुरुष सहकर्मीहरू महिलामाथि यौन दुर्व्यवहार गर्दछन् । जस्तै, एकपटक एक जना महिलालाई पुरुष सहकर्मीले नाङ्गो तस्वीर देखाउँदै सोधे, "तिम्रो शरीर पनि यस्तै छ हो?" त्यसैगरी महिला पत्रकारले खोलेर हेर्ने सम्भावना भएको फोल्डरमा पुरुष सहकर्मीले अश्लील तस्वीरहरू सेभ गरेर राखिदिन्छन् । कतिपय अवस्थामा विभिन्न वहाना बनाएर पुरुषले महिलाको शरीरको विभिन्न भागमा छुने गर्दछन् ।

## रेडियोले बनायो अधिकारकर्मी

*पति विदेश गएकाले घरमा काम गर्ने मानिस थिएनन् । सासु ससुरा बृद्ध भइसकेका थिए त्यै पनि छुट्टिएर बसेका थिए । गाउँका काम गर्ने उमेरका युवाहरू विदेश गएकाले गाउँमा काम गर्ने मानिसको अभाव  थियो । मेलापर्म गर्नका लागि एक्लो शरिर जता गएपनि एकनासले काममा जोतिनु उनको दिनचर्या नै थियो ।*

*मार्पाक गाविस वडा न. ३ निवासी २४ वर्षीया सुष्मा तामाङ गरिव भएकै कारण आफैँले घरको काम सहित खेतबारीमा मेहनत गरेर ८ वर्षको छोरासहित परिवार पाल्नुपर्ने बाध्यता थियो । आफ्नो श्रीमान विदेश भएको र खेत रोप्ने बेलामा गोरु जोतिदिने मानिस नपाएकोले खेत बाँझो राख्नु भन्दा आफैले गोरु जोत्नु राम्रो भन्ने ठानेर उनले ०६५ साउनमा खेत जोतिन् । जोतेको दिनदेखि समाजका कोही पनि मानिस आफुसंग नबोल्ने, आफुले छोएको पानी समेत कसैले नखाने र सबै मिलेर गाउँ छोडेर जानका लागि धम्कि दिने गरे सुष्मालाई । आफै गाउँ छोडेर नगए गाउँले मिलेर गाउँ निकाला गर्ने धम्की बारम्बार गरेपछि सुष्माले रेडियो धादिङलाई फोन गरिन् । घटनाबारे रेडियोलाई बताएपछि रेडियो धादिङले सुष्माको समस्यालाई रेडयोको*

*समाचार र रुपान्तरण नामक कार्यक्रममा प्रसारण गऱ्यो । रेडियोले पुरुषले गोरु जोत्न हुँदा महिलालेपनि जोत्न हुने र जोतेकै कारण कसैलाई डर धम्की दिएमा वा कुनै किसिमको हानी नोक्सानी पुऱ्याए कानुनी रुपमै कारबाही हुने सूचना प्रसारण गऱ्यो । रेडियोको कार्यक्रम गाउँका मानिसले सुने । सरकारी कार्यालयमा काम गर्नेहरूले सुने । मानवअधिकारका लागि काम गर्नेहरूले पनि यो खबर थाहा पाए ।*

*रेडियो धादिङबाट घटना सार्ववजनिक भएपछि महिला मानवअधिकार रक्षकहरूको जिल्ला सञ्जाल र इन्सेकले सुष्मालाई सुरक्षा गर्ने पहल गऱ्यो । भदौमा जिल्ला प्रशासन र प्रहरी प्रमुखको रोहबारमा सदरमुकाममा सरोकारवालाहरू समक्ष छलफल गरायो । गाउँका केही व्यक्तिले महिला भएर गोरु जोतेको भन्दै गाउँको इज्जत फालेको आरोप लगाएका छन् । तर सुष्माले आफूमाथी भएको हरेक दिनको घटना जानकारी दिँदै आफ्नो काम आफैँले गर्दा केही नहुने कुरामा दृढ भइन् । आफूमाथी कारबाही गर्न खोज्नेलाई कानुनी कारबाही हुने खबर थाहा पाएपछि सुष्मा खुसी भइन् भने सदरमुकाममा सरोकारवाला र अधिकारकर्मीहरूले संरक्षण हौसला दिएपछि उनले गरेको काम राम्रो हो भन्ने सन्देश पाएकाले आफूमात्र होइन अरुको अधिकारका लागि पनि सचेना फैलाउन लाग्ने प्रतिवद्धता गरिन् ।*

*सुष्मालाई गाउँ लान गाउँबासी तयार भए । सरोकारवालाको बैठकमा गाउँबाट आएका प्रतिनिधीहरू सम्मान पूर्वक सुष्मालाई गाउँमा लान र महिला भएकै कार कुनै काम गर्न प्रतिवन्ध नलगाउने कुरामा सहमत भए । गाउँमा ससम्मान पुनर्स्थापित भएपछि अन्य दीदी बहिनीलाई गाउँमा गरिएको दुरर्व्यवहारको अन्त्यका लागि लागिन् सुष्मा । उनलाई तिजको अवसरमा आयोजित कार्यक्रममा विभिन्न स्थानमा सम्मानका साथ दोसल्ला ओढाइयो । आफूले पाएको सम्मानले सुष्मामा हौसला बढेको छ । काम गर्नलाई लिङ्गले छेक्दैन भनेर उनि सक्रिय भएकी छिन् । महिला मानवअधिकार रक्षकहरूको मार्पाक गाउँ सञ्जालको अध्यक्ष बनिन् । यो सबै खबर रेडियोबाट निरन्तर आएपछि सुष्मा आफूलाई जस्तोसुकै धम्की आएपनि पछि नहट्ने प्रतिज्ञा गरेकी छिन् ।*

*हिजो आज  सुष्मा घरको काम गरेपछि बचेको समय महिलाको अधिकारको बारेमा सचेतना फैलाउने कार्यमा कृयाशील छिन् । अचेल डर, धम्की आउनासाथ सुष्माले रेडियो धादिङलाई*

*फोन गर्छिन् । आफ्नो कुरा प्रसारण गरिदिन आग्रह गर्छिन् । रेडियोबाट महिला अधिकारको कुरा आएपछि आफू सुन्छिन् र अरुलाई कुरा बुझ्काउँछिन् । आफैँ सामाजिक हिंसामा परेर संघर्ष गरेकी सुष्मा तामाङ रेडियोको सहयोगले आफू अरुको अधिकारका लागि काम गर्न सक्ने भएकोमा गर्व गर्छिन ।*

## अध्याय पाँच

# सारांश, निष्कर्ष र सुझाव

**निष्कर्ष**

### ५.१.(क) अध्ययनको सान्दर्भिकता

लोकतन्त्रमा समान सहभागिता र पहुँच सुनिश्चित हुनुपर्दछ । आधा भन्दा धेरै जनसंख्याको प्रतिनिधित्व गर्ने महिला सहभागिता हरेका क्षेत्रमा समान हुनु आवश्यक छ । महिला सहभागिता समाजिक संघसंस्था एवं विभिन्न सामाजिक क्रियाकलापहरूमा महत्वपूर्ण मानिएको छ । महिला सहभागिताले सामाजिक रूपान्तरणमा महत्वपुर्ण भूमिका निर्वाह गरेको हुन्छ । आवाज विहिनहरूका लागि आवाज प्रदान गर्ने, न्यायपूर्ण समाज स्थापना एवं सूचनाका लागि उत्साहित गर्ने र सामाजिक रूपान्तरणको अन्तिम लक्ष्य प्राप्तिका लागि कार्य गर्ने नेपालका सामुदायिक रेडियोहरूका प्रयत्नहरू समावेशी विकास तथा समावेशी प्रजातन्त्र बलियो बनाउने महत्त्वपूर्ण औजार हुन् । तर, सामुदायिक रेडियोहरू कतिसम्म समावेशी छन् भनी खोजी गर्नु एक महत्त्वपूर्ण प्रश्न हो । एक पटक यस्तो खोजी गरिएमा मात्र सामुदायिक रेडियो सामाजिक संस्थाका रूपमा विकसित हुन तिनीहरूले के गर्न आवश्यक छ, यसका कारण तिनीहरूले समाजमा समावेशीकरणका लागि प्रभावकारी रुपमा वकालत गर्ने सम्बन्धमा आफूलाई माथि उठाउन सक्छन् भन्ने प्रश्न आउन सक्छ ।

प्रस्तुत अध्ययनले यिनै प्रश्नहरूको उत्तर खोजी गर्ने प्रयत्न गर्छ । यस सन्दर्भमा नेपालमा सामुदीयक रेडियोहरूमा महिला सहभागिताको बास्तविक अवस्था जानकारी हासिल गर्नु अध्ययनको सान्दर्भिकता एवं महत्व रहेको छ ।

### ५.१. (खं) आवाजविहीन, महिला, गरिब र मूलधार बाहिर पारिएकाहरूको प्रतिनिधित्व गर्ने व्यक्तिहरू

आवाजविहिन महिला, गरिब र राज्यको मूलधारमा आउन नसकेकाहरूको प्रतिनिधित्वका रूपमा रेडियो पत्रकारहरूको पहिचान गरिन्छ । अनुसन्धानमूलक पत्रकारिताको चरित्रका

आधारमा तिनीहरूले महिलासम्बन्धी बिषयहरु समाजमा सतहमा ल्याउछन् । पत्रकारहरूको क्षमताका आधारमा रेडियोमा महिलासँग सान्दर्भिक समाचार तथा घटनाहरू समेटिन्छन् । तापनि, पत्रकारहरूलाई रेडियो सङ्गठन भित्र समानता एवं समावेशीकरणको उपायसम्बन्धी विषयहरू के कसरी उजागर गर्नु पर्छ भन्ने बिषयमा पर्याप्त जानकारी हुँदैन, कि त ध्यान पु्याउँदैनन् । यस्ता प्रश्नमाथि वकालत गर्न तिनीहरूको अनुभव कम छ । यस अध्ययनले रेडियो माध्यमको व्यवस्थापन र क्रियाकलापहरूका -साथ साथै रेडियो सञ्चालनको आन्तरिक व्यवस्थापन एवं सङ्गठन र कार्यक्रमहरूका सबै पक्षहरूमाथिका कमजोरीहरू औलाएको छ ।

### ५.१.(ग) लागू गरिने मुख्य ढाँचा

सामुदायिक रेडियोहरूसँग आफ्नै प्रकारको प्रणालीगत र व्यवसाय सञ्चालनको तरिकाहरू छैनन् नत कुनै साझा ढाँचा नै छ जसले साझा सवालमा सामुदायिक रेडियोहरूलाई निर्देश गर्न एकत्रित गरोस् । यस प्रकारको अभाव भए तापनि सबै पत्रकारहरूलाई लागू हुने निश्चित मान्यता एवं मापदण्ड छापा तथा अन्य माध्यममा पत्रकारहरूका लागि नेपाल पत्रकार महासंघले निर्माण गरेको छ ।

रेडियो श्रमजिवीहरूको आचरण नियन्त्रण एवं प्रवर्द्धनका लागि राष्ट्रिय संस्थाद्वारा तयार गरिएका राष्ट्रिय मान्यता र मापदण्ड, तालिम, कार्यान्वयन सहायता र अनुगमनको पालना महत्त्वपूर्ण औजारको रुपमा रहेको कुरा अध्ययनले औल्याएको छ । त्यस्तो उपायले सामुदीयक रेडियोहरूमा महिलाका विषयहरूलाई सहि रूपमा समेट्ने र बृद्धि गर्ने कुरालाई प्रर्वद्धन गर्न सक्छ ।

### ५.१.(घ) महिला सहभागिता सुनिश्चित गराउँदा थप लगानी हुन्छ ।

व्यवस्थापनको कमजोरीका कारण रेडियोमा महिला सहभागितामा कमजोर भएको कुरा जव पत्रकार एवं कर्मचारीले उजुरी गरे, सो सम्बन्धमा व्यवस्थापनले आर्थिक संकट टार्नका लागि संघर्षरत थियौ भन्ने प्रतिक्रिया दिएको पाइयो । यहाँ महिला

सहभागितालाई मैत्रीपूर्ण बनाउने बारेमा महत्वपूर्ण सोच कायम थिएन । यसबाट एउटा प्रश्न उब्जाउँछ - महिला सहभागिता मैत्रीपूर्ण बनाउन के अतिरिक्त लागत बृद्धि गर्नका लागि मात्र हो वा यसको पालनाले रेडियोको अस्तित्व जोगाउन समेत उपयोगी हुन्छ । यस प्रश्नको कुनै ठोस प्रमाण सहितको उत्तर पाउन सकिदैन तर के चाँही हो भने यदि रेडियो समुदायसँग नजिक रहेर काम गर्दा अस्तित्व जोगाउने प्रश्न समस्याका रूपमा रहँदैन ।

नेपालगञ्जको रेडियो रुवरु मुस्लिम समुदायसँग नजिक छ, जुन रेडियो सञ्चालनको लागत पुर्ति गर्न चिन्तित भएको छैन । त्यस्तै नमोबुद्ध रेडियोका शेयरवालाहरूले दलित कार्यक्रम सञ्चालन गर्न प्रायोजकहरूले निरन्तरता नदिने निर्णय गरेको बिषय थाहा पाए, तब अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले रेडियोलाई त्यस्ता कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरे । साथै अर्को तीन महिनाका लागि लगानी गर्ने प्रतिबद्धता जनाए । यी उदाहरणहरूले के इंगित गर्दछ भने यदि रेडियो कार्यक्रमहरू प्रभावकारी हुन्छन् भने समुदायभित्रै बाट नै स्रोत परिचालन गर्न सकिन्छ । जब महिला सहभागितामुखी  नीति लागू गर्ने हो भने यसबाट प्रभावकारी कार्यक्रमहरू उत्पादनमा रूपान्तरित गर्न सकिन्छ, तब यो एक लगानीको कार्य हुन्छ र यसले रेडियोको अस्तित्व रक्षा, आम्दानी तथा श्रीबृद्धिलाई सुनिश्चित गर्छ ।

अध्ययनको निष्कर्षले यस्तो सुझाव दिन्छ कि यदि महिला सहभागितालाई रेडियोहरूद्वारा स्वीकार गरिन्छ तब महिला सहभागिताका प्रवर्धकहरूले सफलता प्राप्त गर्न  तिनीहरूले लैङ्गिक समानता  पालना गरेका रेडियोको अस्तित्व जोगाउने मार्गतर्फ ध्यान दिएका  हुन्छन् । अर्को शब्दमा भन्नु पर्दा मानव अधिकार तथा प्रजातान्त्रिक मान्यताहरू प्रवर्द्धन गर्ने योगदानका रूपमा लैङ्गिक समानताको संजीव वर्णन मात्र गरिने होइन कि रेडियो सञ्चालनका लागि स्रोत सिर्जना गर्ने साधनका रूपमा रेडियोको आफ्नै छवि सुधार गर्न र समुदायप्रेमी रेडियो स्टेसनका लागि सही सावित हुनका लागि समेत लैङ्गिक समानताको चित्र वर्णन गरिनु पर्छ ।

### ५.१.(ङ) रेडियो सञ्चालनमा महिला सहभागिता

प्रस्तुत अध्ययनले रेडियो सञ्चालनमा महिला सहभागिता बढाउनका लागि सदस्यता, कार्यकारी बोर्डको गठन र समितिहरूमा प्रवेशको व्यवस्था तथा प्रचलनहरूको विश्लेषण गरियो ।

अध्ययनबाट के पत्ता लाग्यो भने रेडियो सञ्चालनको नेतृत्वतहमा रहेका व्यक्तिहरू कार्यकारी बोर्डमा दलित तथा महिलाको प्रतिनिधित्व हुनु पर्छ भन्ने कुरामा सचेत छन् र धेरै रेडियोमा यस प्रकारको प्रतिनिधित्व देखियो । तापनि, यस प्रकारको प्रतिनिधित्व धेरै रेडियोहरूमा आभुषणका रूपमा मात्र छ । उदाहरणका लागि, रेडियोका महिला कर्मचारीले उल्लेख गरे कि कुनै महिलाको कार्यकारी बोर्डमा उपस्थितिले समग्र महिला वा महिला कर्मचारीको उपयुक्त चाहनाहरूको सन्दर्भमा उपयोगसिद्ध नै छ ।

यसले के स्पष्ट बनाउछ भने महिला सहभागिताको बृद्धिले केही प्रभाव पारेको छ , तर निर्णायक प्रभाव पार्न नसकेको यथार्थता लुक्न सकेको छैन । तसर्थ महिलाको प्रतिनिधित्वका साथसाथै क्षमता विकासका उपायहरू समेत अबिलम्ब सञ्चालन गर्नुपर्ने देखिन्छ । विभिन्न प्रकारका समिति गठन गर्दा महिला तथा बाहिर पारिएकाहरूलाई उपयुक्त ठाउँ प्रदान गर्न र तिनीहरूको क्षमता निर्माणमा सम्भाव्य स्थान हुन सक्थ्यो । प्रस्तुत अध्ययनले यस सम्बन्धमा स्पष्टरूपमा शून्यता रहेको कुरा निर्दिष्ट गऱ्यो - रेडियोले विधानतः समिति गठन गर्छन, या त  गठित समिति सन्तुलित र समावेशी पनि हुँदैनन् । रेडियो प्रवर्धकहरूले समिती परिचालन कसरी गर्ने भन्नेमा रेडियोका नेतृत्वकर्ताहरूको  सीप सदुपयोग गर्ने योजना बनाई कार्यान्वयन गर्न सक्छन् ।

सदस्यताका सम्बन्धमा, यो प्राप्त गरियो कि, धेरै गैरसरकारी संस्था वा सहकारीहरूमा रेडियो सदस्यताका लागि कुनै नीतिगत व्यवस्था गरिएको थिएन । तिनीहरूका लागि गैरसरकारी संस्था वा सहकारीका सदस्यहरू पनि रेडियो सदस्य हुन्छन् । सामुदायिक रेडियो हुनका लागि भने यो कुरा लागू हुँदैन समुदायको स्वामित्व र प्रतिनिधित्व समग्रतामा हुन्छ  ।

केही अन्य रेडियोका सम्बन्धमा, सदस्यता शुल्क निक्कै नै मंहगो छ (जस्तैः ५०,०००) जुन गरिबहरूको पहुँचमा सम्भव छैन । प्रायजसो रेडियो उस्तै उस्तै विचार भएका व्यक्तिहरूको समूहको अधिनमा रहने कुरा बुझिन्छ, जसले रेडियो सञ्चालन गर्थे । रेडियोलाई पक्षहरूको सहयोगीका रूपमा बुझिन्छ दलित, महिला, तामाङ्ग, थारु, मुसलमान वा यस्तै जनजातिहरूद्वारा सहयोगीका रूपमा रेडियो संचालन गरिएका थिए । यस्तो बर्जितले अन्य समूहहरूलाई पनि बाहिर पार्छ ।

वास्तवमा सबैका लागि सदस्यता खुल्ला नगरेसम्म सामुदायिक रेडियो समुदायको आफ्नै वा सर्वसम्मत प्रतिनिधित्व गर्न सक्ने सामुदायिक रेडियो हुदैन, साथै सदस्यतामा सन्तुलित एवं समावेशी नगरेसम्म कार्यकारी बोर्डमा समेत सन्तुलित नहुन सक्छ । रेडियो नेतृत्वकर्ताको के दावी छ कि यदि समान विचार भएका समूहले नियन्त्रण गुमाएर नयाँ स्थापित रेडियोमा प्रभाव जमाए भने त्यस्तो प्रकारको रेडियो माध्यम सञ्चालन असफल हुनेछ ।

स्थापना र सञ्चालन गर्न, रेडियोमा व्यक्ति वा कुनै समूह हुनैपर्छ, जो पूर्ण उतरदायित्व वहन गर्ने र सफलता वा असफलताका लागि जिम्बेवारी लिने हुनुपर्छ । यस प्रकार कसैले अपेक्षा गर्न सक्दनै कि यस्तो प्रकारका व्यक्तिहरूको सानो समूह सबै समावेशी छ ।

सारांशमा, अल्पकालमा रेडियोको समग्र पक्ष विश्लेषण गर्दा समावेशीता धेरै विवेकपूर्ण देखिन्छ । तर बोर्ड तथा सदस्यतामा यस्तो अपेक्षा गरिदैन । समूह स्वामित्वबाट सामुदायिक स्वामित्वको बनावटतर्फ परिवर्तन अशातित रुपमा कायम छ । तर, यो क्रमिक प्रक्रियाबाट सुधार हुनैपर्छ । अर्को महत्वपूर्ण आवश्यकता के हो भने निर्देशित ढाँचा अनुशार महिला, दलित जनजाति, आदिवासी एवं साँस्कृतिक अल्पसंख्यकलाई सम्मान गर्ने र रेडियोका कार्यक्रम तथा क्रियाकलापहरूमा सबै पक्षहरूलाई उजागर गरी समावेशी चरित्र रेडियोले अपनाउनु पर्छ । यस अर्थमा, वर्तमानमा यो पूर्ण समावेशी नभएता पनि यसतर्फ कार्य गर्दै जानुपर्छ । जसको अर्थ , महिला, गरिब तथा रेडियोमा पछाडि परेका वर्गहरूका लागि उपयुक्त वातावरण श्रृजना गर्न सामुदायिक रेडियोले कार्य गर्दै रहेको छ ।

प्रस्तुत अध्ययनको निष्कर्ष अनुसार , धेरै रेडियो सामुदायिक रेडियोका नेतृत्वकर्ताहरू रेडियो सञ्चालनमा समावेशीता सुनिश्चित गर्ने पक्षमा छन् । तर यो नीति के कसरी गर्ने भन्ने विषयमा तिनीहरूलाई जानकारी छैन । निष्कर्षले के देखाउँछ भने व्यवहारिक औजार एवं निष्पक्ष सीप विकासमा केन्द्रिकृत प्रयासको स्पष्ट खाँचो छ । त्यस्तो प्रयासको तत्वहरूमा (वा हस्तक्षेपमा ) सदस्यताको बृद्धि (संस्थागत, व्यक्तिगत, क्षेत्रगत र यस्तै प्रकारको छ ); समावेशी सञ्चालनका लागि नीति एवं ढाँचा निमार्ण; सदस्य, वोर्ड सदस्य लगायत समितिहरूको परिचालन, महिला सदस्यहरूको क्षमता एवं बोर्डको प्रतिनिधित्व; बाहिर पारिएका समूहरूका सदस्यहरूको दक्षता विकास र नीति एवं प्रणालीहरूको पुर्नजाँच तथा पुनरावलोकन प्रकारका हुन सक्छन् ।

### ५.१.(च) सङ्गठनात्मक नीति एवं अभ्यासमा लैङ्गिक समानता

नेपालमा सामुदायिक रेडियोको स्थापना व्यक्तिहरूको समूहको उत्साहसँगै भएको छ, र प्रवर्धकहरूको सेवामा सञ्चालन एवं उनीहरुको इच्छा अनुसार सञ्चालन भएका छन् । धेरै जसो त्यस्ता रेडियोहरू विकासको विश्वास चरणमा छन् (तालिका ५ हेर्नुहोस् ) र केही मननयोग्य चरणमा प्रवेश गरेका छन् ।

**तालिका ५: सामुदायिक रेडियो सङ्गठनात्मक विकास नमूना**

| चरण | विश्वास | मनन | प्रणालीगत | संस्थागत |
|---|---|---|---|---|
| आधारभूत तत्व | -कुनै व्यक्तिगत वा सानो समूहको नेतृत्वले सामुदायिक रेडियोको स्थापना गर्छ ।<br>-व्यक्ति वा समूहको भेग | आधारभूत कार्यहरू व्यक्तिलाई उत्तरदायी बनाई तोकिन्छ ।<br>कार्यहरूले अैपचारिक छलफल पछयाउँछन् | रेडियोको सामुदायिक स्वामित्व फराकिलो र विविधतापूर्ण हुन्छ ।<br>परिभाषित मान्यता एवं | समुदायको स्वामित्व र नियन्त्रणमा हुन्छ ।<br>स्व सञ्चालन एवं प्रणालीले |

| | | | | |
|---|---|---|---|---|
| | विचार मात्र हुन्छ । -स्वयंसेवक, विशेष व्यक्तिगत चाहना अनुसार रेडियो सञ्चालन हुन्छ । | आत्म संतुष्टी अनुसार रेडियो संचालन हुन्छ र सामुदायिक इच्छा बृद्धि गर्छ । | मानकहरू अन्तरगत रेयियो स्टेसन सञ्चालन हुन्छ । सामाजिक वैधानिकता र वितीय सम्भाव्यताको बृद्धि गर्छ । | सञ्चालन गर्छ । रेडियो समुदाय को सम्पदा हुन्छ । |
| प्रमुख चुनौति | रेडियोलाई सामुदायिक स्वीकार्यता । सञ्चालन भावना जारी राख्नु । | समुदायको चाहनालाई सम्बोधन गर्नु । उपयुत्त निर्माण ढाँचाको विकास | संस्थागत एवं दिगो वित्तीय व्यवस्था र प्रभावकारी कार्यक्रमहरू,। | सामुदायिक सम्पदाका रूपमा रेडियो को दिगोपना |
| सक्षम उपाय | आत्मविश्वासको निर्माण | समावेशी र सहभागितामूलक | प्रजातान्त्रि र समुदायद्वारा व्यवस्थित | श्रृजनशील |

*स्रोत : सि.आर.एस.सि (२००९) सामुदायिक रेडियो सङ्गठन विकास निर्देशन पुस्तक ।*

दिइएको पृष्ठभूमि अनुरुप के कुराको जानकारी भयो भने केही रेडियोका लागि रेडियो सञ्चालन प्रक्रिया प्रणालीगत हुनका लागि नीति एवं संयन्त्रहरूको आवश्यक भएको कुरा अनुभव गर्न सकिन्छ । भर्नाका सम्बन्धमा- प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिलाहरूलाई समर्थन गर्ने नीतिले महिला कर्मचारीहरू समावेश गर्नु पर्छ - तथापी अझै यस्तो व्यवस्था दरिलो रूपमा छैन । त्यस्तै, दलितलाई समावेश गर्न सचेतनाको स्तर विकास भएको अध्ययनमा पाइयो । तापनि त्यस्तो सचेतना सङ्गठनात्मक प्रणाली एवं प्रक्रियाहरूद्वारा सुरक्षित गरिएको पाइएन ।

रेडियो प्रशारण लक्षित भौगोलिक क्षेत्रमा बसोबास गर्ने विभिन्न आदिवासी समूहलाई समावेश गर्ने गरी घोषित नीति अझैसम्म अनुभव गरिएको छैन । यहाँ आदिवासी जनताको कुनै समूहको एक्लो प्रभूत्व रहेको बास्तविकता स्विकार गरिएको छ ।

भर्नाका  सम्बन्धमा समान अवसर मुख्य शब्दावली हो, जसलाई रेडियो व्यवस्थापनद्वारा सही तरिकाले विचार गर्नुपर्छ । त्यसकारण बाहिर पारिएका, अल्पसंख्यक जनता र भौगोलिक अन्तर कुन्तरका लागि सहयोग पुऱ्याउने विभेदसम्बन्धी नीति स्वीकार गर्ने कुनै सदर प्रयाश नरहेको कुरा पर्यवेक्षणमा देखियो । नीति निर्माणका सम्बन्धमा एउटा ठूलो शून्यता रहेको कुरा पर्यवेक्षणबाट देखियो ।

## ५.१. (ज) व्यवस्थापनमा लैङ्गिक समानता

धेरै रेडियोहरू प्रारम्भिक अवस्थामा रहेको पाइयो । तिनीहरूले विगतमा व्यवस्थापन प्रणाली एंव प्रक्रियाहरूको विकास गर्नु पर्ने आवश्यकतालाई महसुस गरेका थिएनन् । अहिले तिनीहरूले यस्तो अवाश्यकतालाई धेरै नै महशुस गरेका छन् र यस्ता प्रकारको आवश्यकता परिभाषित गर्ने पर्ने दवाव चुलीदै गएको छ । केही रेडियोले आफ्ना नीति, प्रणाली एवं प्रक्रियाहरू पहिल्यै नै परिभाषित गर्न सुरुगरेका थिए ।

यस्तो शून्यताको अवस्थामा, अध्ययनको निष्कर्षले सुझाव दिन्छ कि, महिलाको सम्बन्धमा पर्याप्त सम्बोधन गरिएको छैन । अध्ययनले रेडियो महिला कामदारहरूका लागि रेडियो व्यवस्थापनद्वारा उपलव्ध गराइएको काम गर्ने वातावरणका सम्बन्धमा मिश्रित पर्यवेक्षणीय नतिजा पाइयो । बाहिर पारिएका समूह, लगायत दलितका लागि रेडियो माध्यमको व्यवस्थापनमा लैङ्गिक समानतासम्बन्धी चासो घोषणा गरिएको थिएन । एकपटक समूहमा समावेश गरिए पश्चात जात, वर्ग वा जनजातिका आधारमा विभेदका केही घटनाहरू अध्ययनले उल्लेख गरेको छ । महिलाका विषयमा, यौनदुर्व्यव्यहारका केही घटनाहरू घटेको अध्ययनमा पाइयो तथा काम गर्ने स्थानमा तिनीहरूका लागि सुरक्षासम्बन्धी विषयहरूमा समेत अध्ययनले उल्लेख गऱ्यो । अध्ययनले के पनि दर्शाउछ भने केही घटनाहरूमा तथाकथित उच्च वर्गका महिलाले

दलित तथा जनजाति समूहका महिलाहरूका विरुद्धमा अश्लिल शव्दहरूको प्रयोग गरिरहेको पाइयो । धेरै रेडियोमा त्यस प्रकारका विभेदपुर्ण आचरणलाई सम्बोधन गर्ने छुट्टै आफ्नै प्रकारको आचार संहिता निर्माण गरेको देखिएन ।

यस प्रकारको आचरण सम्बोधन गर्नै तिनीहरूसँग कुनै संयन्त्र मात्र नभएको होइन कि लैङ्गिक समानतनसम्बन्धी उपयुक्त व्यवस्थापन के हो र नीतिको स्वीकार्यताका फाइदा के हुन् भन्ने बारेमा पर्याप्त ज्ञान समेत रेडियो माध्यमसँग थिएन । लैङ्गिक समानता मैत्रीपूर्ण अवस्था कसरी प्राप्त गर्ने भन्ने बारेमा थोरै पनि ज्ञान थिएन । (ज्याला बृद्धि, लाभ, काम गर्ने घण्टा, महिला कर्मचारीको सुरक्षा र यस्तै ) यस प्रणालीमा रेडियोले अतिरिक्त वित्तिय भारका रूपमा प्राप्त गरेका थिए , विकास चरणमा यो कठीन यात्रा हुन्छ ।

कहाँ लैङ्गिक समानतालाई समाहित गर्नु पर्छ, र लैङ्गिक समानताका सम्बन्धमा रेडियोले के गर्ने भन्ने कुरा जान्न तिनीहरूबाट योगदान प्राप्त गर्न तिनीहरूलाई सोधेको प्रश्नलाई अन्वेषण गऱ्यो । अध्ययनको निचोड यो छ कि, अध्ययनले समेटेका रेडियो सञ्चालन, व्यवस्थापन र कार्यक्रमका पक्षहरूमा - भर्ना र मानव स्रोत व्यवस्थापन नीति, कार्य वातावरण, स्टेसन व्यवस्थापन, बजार व्यवस्थापन, विज्ञापन संचार र कार्यक्रम निर्माण तथा विकासका सम्बन्धमा समानता कसरी समाहित गरिएको छ भन्ने कुरामा जानकारी प्रदान गर्नु पर्ने आवश्यकता र समय भएको छ । यस प्रसंगमा, अध्ययनले रेडियो डिभाइसलाई निरन्तर सहयोग गर्न केही संयन्त्रको विकास गर्नुपर्ने, नीतिको पुर्नजाँच र पुनरावलोकन गर्नु पर्ने साथै रेडियोका लागि आचार संहिता पुनरावलोकन गर्नु पर्ने, तिनीहरूलाई महिला सहभागिता मैत्रीपूर्ण बनाउनु पर्ने तथा रेडियोमा समानतासम्बन्धी विषयलाई अनुगमन गर्नुपर्ने जस्ता विषयको आवश्यकता रहेको जानकारी भयो । यस्तै रेडियोमा सङ्गठनात्मक संयन्त्रको सुधार पनि महत्त्वपूर्ण रूपमा देखिने छ । यस्तो विस्तृत कार्यक्रम प्याकेजले नीति निर्माण तहमा रेडियोलाई सहयोग गर्न, तिनीहरूको पालना र अनुगमन, क्षमता विकास, सघन पालना जस्ता पक्षहरूलाई समावेश गर्नेछ ।

### ५.१.(झ) रेडियो कर्मचारीका सम्बन्धमा लैङ्गिक समानता

अध्ययबाट यस्तो जानकारी हासिल भयो, लैङ्गिक समानता एवं  आदिवासी क्षेत्र र भौगोलिक प्रतिनिधित्वका सन्दर्भमा रेडियोमा काम गर्ने कर्मचारीहरूमा सन्तुलन  थिएन । संख्यामा महिलाहरू झण्डै ४०५ थिए, जसमध्ये धेरै जसो ब्राम्हण क्षेत्री एवं जनजाति समूहका थिए भने तिनीहरूको पनि व्यवस्थापनमा मध्यम तहमा प्रतिनिधित्व गर्दथे । धेरै कम महिला तथा बाहिर पारिएका जाति तथा जनजाति समुदायका कर्मचारीहरू रेडियो कार्यक्रमको निर्णय प्रक्रियामा भाग लिने तथा प्रभाव पार्ने तहमा कार्यरत थिए ।

महिला कामदारलाई रेडियोले मान्यता दिनुपर्छ भन्ने आवश्यकताको बोध र्कायक्रमहरूमा मिश्रित स्वरमा पाइयो, त्यस्तै प्रकारले विभिन्न प्रकारका स्वरहरू हुनुपर्ने समान आवश्यकतालाई महशुस गरिएको थिएन ।  बरु अध्ययनले के प्राप्त गऱ्यो भने महिला कर्मचारीहरूप्रतिको हास्याँस्पद र भिन्न भनाई व्याप्त थियो । सक्षम महिला कर्मचारी तथा दलित एवं जनजाति समुदायहरूबाट आएका कर्मचारीहरूलाई जोगाइ राख्नु पर्छ भन्ने बिषय पनि उल्लेखनीय थियो ।

एकपटक सीप र आत्मविश्वास बटुलेपश्चात कामबाट विदा लिई अन्य मिडिया, विकास संस्था वा कार्यक्रमहरूको माग अनुरुप रेडियोका कर्मचारी त्यतातर्फ जान लालयित थिए । यस्तो परिस्थितिको पर्यवेक्षणबाट के सुझाब गरिन्छ भने जहाँ ज्याला दर उच्च छैन,  सामुदायिक रेडियोमा तालिमप्राप्त कामदारहरूलाई लामो समयसम्म काम लगाई राख्न कठिनाइ पर्दछ । तसर्थ, यस्तो प्रकारको गतिविधि प्राकृतिक रूपमा स्वीकार गर्नुपर्दछ । साथै सामुदायिक रेडियोले अत्युतम मानव स्रोत विकास योजना र कर्मचारी प्रणालीको व्यवस्थापन गर्नका ( कर्मचारी बर्गको तालिम एवं बिकास) लागि निरन्तर ध्यान दिनु पर्छ । यस्तो प्रकारको धक्कालाई पराजित गर्ने उपाय स्थानीय इर्न्टन/सिकारु- स्कूल शिक्षक, कलेज विद्यार्थीहरू तथा युवा क्लवहरूलाई बढी भन्दा बढी उपयोग गर्नु जरुरी छ ।

दिइएको पृष्ठभूमि अनुसार, रेडियोको विकास प्रक्रियामा त्यस्ता संयन्त्र तथा औजारहरूको सङ्गठनमा रेडियो कार्यक्रमलाई सहायता गर्नु नेपालमा सामुदायिक रेडियोको सुदृढीकरणका लाीग मूल्यवान योगदान हुन पुग्दछ ।

### ५.१.(ञ) सामुदायिक रेडियो कार्यक्रममा लैङ्गिक समानता

अन्य पक्षहरुको तुलनामा  नेपालका सामुदायिक रेडियोहरुको नीति निर्माण पक्ष कमजोर देखिन्छ । तदनुरुप  सो सम्बन्धमा तत्काल केही गर्नु पर्ने हुन्छ । तसर्थ, कुन कार्यक्रम रेडियोले स्वीकार गर्ने, कार्यक्रमको शीर्षक र विषय, ढाँचा तथा कार्यक्रमका प्याकेजिङ्ग ( टुक्रा), रेडियो सेवाको समय तथा अवधि र त्यस्तै कुराहरू तदर्थबादको व्यवस्थापन प्रणालीबाट सञ्चालित छन् । तदनुरुप ( निर्णय कर्ताको व्यक्तिगत ठहर अुनसार) मा लागू गरिन्छ । त्यस्तै, विभिन्न प्रकारका सामुदायिक रेडियोको कार्यक्रमले अपेक्षित प्रभाव मूल्यांकन गर्ने प्रकारको अभ्यास छैन । यस्तो अवस्थामा कार्यक्रमको सफलता वा असफलता मापन गर्नका लागि कुनै निश्चित विधि वा इण्डिकेटर त्यहाँ देखिदैन तदनुरुप सामुदायिक रेडियोमा महिला सहभागिताको पहुँच सुनिश्चित गर्न पनि त्यतिको सजिलो प्रक्रिया देखिदैन ।

जे भए तापनि, लैङ्गिक समानतालाई मैत्रीपूर्ण बनाउने केही परम्परागत अभ्यासहरू विद्यमान छन् । सबै रेडियोका कार्यक्रमहरू महिला सशक्तीकरण दलित, बालबालिका र जनजातिलाई लक्षित गरि सञ्चालनमा देखा पर्दछन् । सबै रेडियोले स्थानीय भाषामा रेडियो कार्यक्रम प्रसारित गर्छन । सामुदायिक रेडियो लैङ्गिक समानताका सवालमा सजग र उत्तरदायी रहेको पाइन्छ । रेडियो पत्रकार तथा बुद्धिजिवी पत्रकारहरको प्रतिबद्धता स्वागतयोग्य छ । निर्माता तथा प्रस्तुतकर्ताहरू सबै जात एवं जनजाति समूहका पुरुष तथा महिला छन् । तिनीहरू कार्यक्रम निर्माणमा लक्षित समूदायका सान्दर्भिक सङ्गठनसँग सहकार्य गर्न सुरुवात पनि गरेका छन् । प्रायः उत्पादन एवं प्रसारण गर्न अन्तमा मात्र उत्तरदायित्व दिइन्छ,  तापनि सामुदायिक रेडियोमा कमजोरीहरू  छन् ।

### ५.२. (क) भावी रणनीति :

यतिबेला सामुदायिक रेडियामा संस्थागत सुदृढीकरणको अवस्था कठिन मोडमा रहेको देखिन्छ । सङ्गठनात्मक रूपमा तिनीहरुबीच रुपान्तरणको आवश्यकता छ । तर सामाजिक रूपान्तरण, प्रजातन्त्र, समावेशीकरण र आवाज विहिनका लागि आवाज प्रदान गर्ने एकीकृत साधनका रूपमा सामुदायिक रेडियोको परिचय कायम छ । रेडियोले अपेक्षा गरे अनुरुपको भूमिका निर्वाह गर्न तिनीहरूको सङ्गठन एवं व्यवस्थापन प्रणाली सुदृढीकरणका लाीग रेडियो माध्यमलाई सहयोगको आवश्यकता पर्दछ । सुदृढीकरणको एक महत्त्वपूर्ण पक्षको सङ्गठनात्मक संरचना , आधारभूमि व्यवस्थापन प्रणाली तथा कार्यविधिहरलाई लैङ्गिक मैत्रीपूर्ण रूपमा विकास गर्नु हो । उल्लेख गरिएको पृष्ठभूमि अनुरुप नेपालमा सामुदायिक रेडियोमा महिला सहभागिता निम्न लिखित उपायहरूबाट पहिचान गरिएको पाइन्छ ।

### ५.२.(ख) सञ्चालनका लागि साझा ढाँचाको विकास :

अध्ययनबाट के पत्ता लगाइएको छ भने, सामुदायिक रेडियोको प्रणालीगत सञ्चालनका आधारबिन्दु र व्यवसायिक तरिका कमजोर छ । यहाँ न त कुनै साझा संरचना नै छ, जसले सामुदायिक रेडियोलाई एकत्रित गर्न सकोस र साझा उद्देश्य प्राप्तिमा निर्देशित गर्न सकोस । अध्ययनले निर्दिष्ट गरेको छ कि, राष्ट्रिय मान्यता एव मानकहरूको निर्माण, तालिम, कार्यान्वयन सहायता, र राष्ट्रिय संस्थाद्वारा नियमित अनुगमन रेडियो कामदारहरूका आचरणलाई प्रवर्द्धन र नियमित गर्ने औजार हो ।

### ५.२.(ग) सञ्चालन एवं व्यवस्थापनमा लैङ्गिक समानता मैत्रीपूर्ण ढाँचा, प्रणाली र कार्यविधिसम्बन्धी योजनाका लाीग सामुदायिक रेडियोलाई सहायता

अध्ययनबाट प्राप्त नतिजा अनुसार, लैङ्गिक समानतालाई छुट्टै व्यवहार गर्नु भन्दा पनि समग्र सञ्चालन तथा व्यवस्थापन नीति, संरचनागत प्रणाली र प्रक्रियाहरूमा लैङ्गिक समानता समाहित गरिनुपर्छ । यसका लागि बारम्बार कार्यान्वयन, पुनरावलोकन तथा

नियमित अनुगमन प्रभावकारी रूपमा सञ्चालन गरिनु पर्छ । प्रणालीगत व्यवस्थाको विकास गर्नु पर्छ । तदनुरुप पुनरावलोकन तथा नियमित अनगमनका साथै बाह्य नियन्त्रक तयार गरिनु पर्छ ।

### ५.२ (घ) मानव स्रोतको सक्षम विकासमा सामुदायिक रेडियोका कार्यक्रमलाई सहयोग गर्नुपर्ने

अर्को महत्वपूर्ण क्षेत्र अन्तरगत पर्दछ । रेडियो पत्रकारहरू एवं व्यवस्थापकहरूको क्षमता निर्माणका लागि कार्यक्रम उत्पादन, व्यवस्थापन औजार र लैङ्गिक समानता एवं सामाजिक समावेशी, मानव अधिकार, अर्न्तराष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं १६९, महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त गर्ने महासन्धि (CEDAW) र यस्तै प्रकारका अन्य विषयहरू प्रतिको ज्ञान र जानकारी प्रदान गर्ने विषयसँग सम्बन्धित सीप प्रदान गर्ने विषयमा ध्यान केन्द्रित हुनुपर्छ । अपेक्षित उपाय स्थानीय सस्थाहरूसँगको सहकार्य अन्तरर्गत अगाडि बढाउनु हो । तदनुरुप सम्भव भएसम्म तिनीहरूबाट रेडियो कर्मचारी लिनु हो, साथै अनुभव आदान प्रदान समेत गर्नु हो । त्यस्तै त्यसबाट शिक्षा ग्रहण गर्नु रेडियोमा मानव स्रोतको सक्षमता एवं सीप बृद्धिको विकासको अर्को सकारात्मक साधन हो ।

### ५.२.(ङ) रेडियोहरू भित्र वाचडग श्रृजना गर्ने :

वाह्य सहयोग र अनुगमन मात्रैले नीतिगत संरचना, प्रणाली तथा प्रक्रियाहरू उपयुक्त तरिकाले प्रयोग भएको छ , छैन भनी हेर्न पर्याप्त हुँदैन । यसलाई अनुगमन गर्न प्रक्रिया तथा संयन्त्र विकास गरिनु पर्छ , जहाँ वाचडकले थाँति रहेका लैङ्गिक बिषयहरु सङ्कलन गर्छ लैङ्गिक समानता पालना भए , नभएको बारम्बार अनुगमन गर्दछ र रेडियो व्यवस्थापनद्वारा समानताका विषयलाई संबोधन गरेको छ , कि छैन भनेर अनुगमन गर्दछ ।

## ५.२.(च) सामुदायिक रेडियोहरूमा महिला तथा बाहिर पारिएकाहरूको भूमिकामा वकालत गर्नु :

यहाँ उल्लेख गरिएका सङ्गठनात्मक एवं संस्थागत प्रयासहरू रेडियोलाई समग्र समावेशी सङ्गठनमा रूपान्तरण गर्न पर्याप्त छैन । लैङ्गिक समानता एक उत्तम उपाय मात्र हो र यसले समाजमा गहिरो प्रभाव पार्दछ । त्यसकारण रेडियोमा नियमित वकालत गर्दा महिला एवं बाहिर पारिएकाहरूको स्थान र भूमिकालाई प्रवर्द्धन गर्न स्वीकार गरिनु पर्छ । प्रतिनिधित्व, सहभागिता र पहुँच, साथै रेडियो व्यवस्थापनमा तल्लो वर्गका जनताका आवाज उजागर गर्नका लागि ध्यान पुऱ्याउनु पर्छ ।

सामुदायिक रेडियो यतिबेला आर्थिक संकटको अवस्थामा सञ्चालित छन् । संगठनात्मक दृष्टिले तिनीहरू निकै कमजोर छन् , तर तिनीहरूबाट समावेशी प्रजातन्त्र र सामाजिक रूपान्तरणको निम्ति ठूलो योगदानको अपेक्षा गरिएको छ । सामुदायिक रेडियोलाई सरोकारवाला पक्ष वा राज्यले उपलव्ध गराउने सहयोग र रेडियोबाट तिनीहरूले गर्ने अपेक्षाबीच यथोचित तालमेल हुन सकेको छैन । अर्को शब्दमा भन्दा अपेक्षाको तुलनामा सहयोग कम छ । निजी क्षेत्र वा अन्य दाताबाट सहयोग लिनुपर्ने बाध्यताका कारण कतिपय अवस्थामा  सामुदायिक रेडियोहरू समुदायभन्दा दाताप्रति बढी जिम्मेवार हुने गरेको वा हुनु परेको अवस्था विद्यमान छ । रेडियोको सफलताको लागि यस्तो अवस्थाको अन्त्य गर्नु आवश्यक पर्दछ । त्यसैगरी रेडियोको वर्तमान संगठन र व्यवस्थापन पक्षलाई मजबुत बनाउनु पनि उत्तिकै आवश्यक छ । रेडियोको संगठन र व्यवस्थापनलाई मजबुत बनाउन सांगठनिक संरचना र व्यवस्थापन प्रणालीलाई महिला-मैत्री बनाउनु अत्यावश्यक हुन्छ । यसका लागि निम्न प्रकारका उपायहरू अपनाउन आवश्यक छ -

१) रेडियो संचालनको लागि समान ढाँचाको विकास र कार्यान्वयन गर्ने ।

२) रेडियोको व्यवस्थापन/प्रशासनमा महिला-मैत्री संरचना, प्रणाली र प्रक्रियाको विकास गर्ने, गराउन सहयोग गर्ने ।

३) रेडियोकर्मीको व्यावसायिक पेसागत विकास गर्ने ।

४) स्थानीय संघसंस्थासँग साझेदारी गरी संभव भएसम्म तिनीहरूबाट रेडियोकर्मीका रूपमा काम गर्ने जनशक्ति र अन्य सहयोग लिने ।

५) महिलाका मुद्दाहरू सम्बोधन गर्दै लैंगिक समता सुनिश्चित गर्न प्रभावकारी सहयोग र अनुगमन उपलव्ध गराउने ।

६) महिला सहभागिता र सशक्तीकरणका लागि वकालत गर्ने ।

७) महिला रेडियोकर्मीका निम्ति सुरक्षित र महिला-मैत्री वातावरण उपलव्ध गराउने ।

### ५.३. सुझावहरु

विश्वमा सामुदायिक रेडियो प्रशारणले धेरै अगाडि फड्को मारिसकेको छ । बैकल्पिक सञ्चार माध्यमका रुपमा संसारभर फैलिएको सामुदायिक रेडियो तुलनात्मक रुपमा दक्षिण एसियामा पछि मात्र प्रबेश पायो । दक्षिण एसियामा  सामुदायिक रेडियो प्रशारण गर्ने पहिलो मुलुक हुने मौका नेपालले प्राप्त गर्‍यो । दक्षिण एसियाका अन्य मुलुकहरुले तत्पश्चात मात्र सामुदायिक रेडियो प्रशारण सेवाको अभ्यास गरेका छन् ।

समुदायको स्वामित्व, सञ्चालन प्रक्रियामा समुदायको प्रत्यक्ष सहभागिता, हरेक महत्वपूर्ण निर्णय प्रक्रियामा समेत समुदायको सहभागिता सुनिश्चित हुने हुनाले पनि यस माध्यमको लोकप्रियता बढ्दो क्रममा छ । सामुदायिक रेडियोले प्रसारण गर्ने विषयबस्तुको छनौटमा समेत जनसमुदायको सहभागिता रहन्छ । अन्य सञ्चार माध्यमको तुलनामा रेडियो सञ्चालन कम खर्चिलो र सरल भएकाले समेत यसप्रति समुदायको आकर्षण बढ्दो क्रममा रहेको छ । नेपाल जस्तो भौगोलिक अवस्थिति भएका स्थानहरुका लागि समुदायमा छिटो र सरल तरिकाले सूचनाको पँहुच पुर्‍याउन रेडियो निर्विकल्प माध्यम हुन पुगेको छ । संविधान ऐन, नियमले नागरिकलाई सूचनाको अधिकार  एवं अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था गरेको भएता पनि उपयुक्त सञ्चार साधनको प्रबन्ध विना सूचनाको उपभोगबाट समुदाय बञ्चित रहन्छन् ।

अन्य आम सञ्चार माध्यमले नागरिकलाई केवल उपभोक्ताको रुपमा देख्छन् र तदनुरुप उनीहरु व्यवसायीक हित प्रतिकूलका प्रसारण सामग्री रोक्न तयार हुन्छन् । यसरी उनीहरु नाफामुखी

उदेश्यले सञ्चालीत भएकाले व्यवसायलाई प्राथमिकता दिनु अस्वाभाविक हुदैन । तर समाज रुपान्तरणका निम्ति दृढ संकल्प बोकेका सामुदायिक रेडियोले नागरिकलाई सक्रिय श्रोताको रुपमा व्यवहार गरेका हुन्छन् । सामुदायिक रेडियोले पछाडि परेका, राज्यको पँहुचबाहिर रहेका तथा अल्पसंख्यकहरुको हकहितका निम्ति कार्य गरिरहेका हुन्छन् ।

सामुदायिक रेडियोको विस्तारसँगै रेडियोले प्रशारण गर्ने विषयबस्तुको दायरा समेत फराकिलो हुन पुगेको छ । मुल धारका सञ्चारमाध्यम भनिएका माध्यम भन्दा सामुदायिक रेडियोले स्थानिय विषयबस्तुलाई प्राथमिकता दिएका छन् । सामुदायिक रेडियोले लैगिंक संबेदनशील विषयबस्तुलाई प्रशारण गरेका छन् । समाजमा महिला र पुरुष बीच असमानता कायम छ । महिलामाथि हुने हिंसा र समानताको दृष्टिकोणबाट समाचारका कार्यक्रम प्रशारण हुँदा समाजमा सकारात्मक प्रभाव पर्न जानु स्वभाविक हुन पुग्दछ ।

वि.स. २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना एवं वि.स. २०६२। ०६३ को राजनीतिक परिवर्तन पश्चातको खुल्ला एवं स्वतन्त्र बातावरणका कारण धेरै सञ्चार माध्यम सञ्चालनमा आएका छन् । करिब दुई दशकको यो अवधिमा नेपाली सञ्चार माध्यमको संख्यात्मक र गुणात्मक दुबै क्षेत्रमा व्यापक प्रगति भएको छ । यो प्रक्रिया ऐतिहासिक छ । तदनुरुप पछिल्लो तथ्याकं नियाल्ने हो भने यतिबेला नेपालमा एफ एम रेडियोको संख्या ४७५ पुगेको छ । यसमध्ये नियमित प्रशारण क्षेत्रमा आएका रेडियो माध्यमको संख्या ३८० नाघिसकेको छ । नियमित प्रशारण रहेका सामुदायिक रेडियोको संख्या समेत २३० नाघिसकेको छ । ३९ वटा टेलिभिजनले सूचना तथा सञ्चार मन्त्रालयबाट अनुमति लिएकोमा १८ टेलिभिजनले प्रशारण सेवा सञ्चालन गरिसकेका छन् । ६ हजार तीन सय ५० पत्रपत्रिका प्रकाशित छन् । देशभर चार सय भन्दा धेरै दैनिक पत्रिका प्रकाशित हुन्छन् । त्यसैगरी दुई हजारको संख्यामा साप्ताहिक पत्रिका छन् । चार सयको हाराहारिमा पाक्षिक र १८ सय मासिक पत्रिका छन् । देशभरबाट प्रकाशित हुने हिन्दि भाषाका पत्रिकाको संख्या २५ छन् भने नेवारी भाषामा ४३ वटा मैथेली भाषामा २७ थारु भाषामा १२ र अग्रेजी भाषामा चार सय २७ पत्रिका दर्ता भएका छन् । सञ्चार उद्योगमा रुपान्तरण भएको छ । नेपाली सञ्चार माध्यमा करिब ५० हजारको संख्यामा सञ्चार श्रमिकको रुपमा संलग्न भएका छन् ।

राजधानी शहरदेखि दुरु दराज गाँउसम्म आमसञ्चार माध्यम सञ्चालनमा आएका छन् । नेपाली आमसञ्चार माध्यमको गुणात्मक विकासको आवश्यकता जत्तिकै समाबेशि हुनुपर्ने आवाज उठ्न थालको छ । अहिलेसम्म राष्टि«य लैङ्गिक नीति निर्माण भएको छैन । सञ्चार गृहहरुले पनि लैङ्गिक निर्देशिका तयार गरेर लागू गर्ने बिषयमा अग्रसरता देखाएका छैनन् । देशभर सञ्चालनमा रहेका सामुदायिक रेडियोको छाता संगठन सामुदायिक रेडियो प्रसारक संघले लैङ्गिक समानतामा आधारित भई सामाजिक समाबेशिकरणलाई संस्थागत गराउन लैङ्गिक समानतासम्बन्धी योजना तथा नीति बनाइ प्रतिबद्धताका साथ सामुदायिक रेडियोको संरचना तथा रेडियो लैङ्गिक कार्यक्रममा समानता तथा सामाजिक समाबेशिकरण नीति वि.स. २०६८ तयार पारेको छ । संघले आफ्ना सदस्य रेडियो स्टेसनहरुलाई यो नीति आफ्ना संस्था तथा कार्यक्रममा लागू गर्न आग्रह गरेको छ । कतिपय रेडियो स्टेसनले यो बिषयमा सम्बोधन गर्न थालेका छन् । जस्तै रेडियो लुम्बिनिले लैङ्गिक नीति तयार गरेर लागू गरेको छ । सामुदायिक रेडियोका सरोकारबालाहरुले ध्यान पुऱ्याउनुपर्ने केही विषयहरु ।

- सरकारले सामुदायिक रेडियोसम्बन्धी स्पष्ट नीति एवं ऐन कानुन निर्माणगरी लागू गर्नु आवश्यक छ ।

- समुदायिक सञ्चार माध्यमको विकास र सञ्चारको लागि सरकारी तथा स्थानिय निकायबाट छुट्टै कोषको स्थापना गरि सामुदायिक रेडियोलाई सहयोग गरी अनुदान दिनु आवश्यक छ ।

- ग्रामीण भेगको दूर दराजसम्म सामुदायिक रेडियो सञ्चालनको लागि आवश्यक विद्युत् सेवा उपलब्ध गराउन बैकल्पिक उर्जाको प्रबन्ध गर्न सरकारले विशेष पहल गर्नुपर्ने देखिन्छ ।

- सामुदायिक रेडियोको कार्यक्रम सञ्चालन प्रकृयामा समुदायको सहभागिता सुनिश्चित गर्ने विधि स्थापित गर्नु आवश्यक पर्दछ ।

- सामुदायिक रेडियो आवाज विहिनहरुको आवाज, पछाडी पारिएकाहरु र पहुँच विहीनहरुको पक्षमा कार्य गर्ने हुँदा उनीहरुका सबाललाई प्राथमिकता दिने नीति निर्माण गर्नुपर्दछ ।

- सामुदायिक रेडियोले स्थानिय विषयबस्तुलाई विशेष चासोका साथ स्थान दिनुका साथै सूचनाको सहज पहुँच अभिबृद्धि गरी सुशासन र पारदर्शिता प्रबर्द्धनमा अझै सक्रियताको आवश्यकता छ ।

- रेडियो स्टेसनमा लैङ्गिक मैत्री कार्यवातावरण निर्माण गरिनु पर्दछ । महिलाहरुका निम्ति रातसाँझ कार्यगर्ने अनुकुल अवस्था सिर्जना गरिनुपर्ने देखिन्छ ।

## अनुसूची १ :   अध्ययन अवधिमा पुगिएका सामुदायिक रेडियोको सूची

१) रेडियो गुरुबाबा, मोतिपुर वर्दिया   स्टेसन म्यानेजर,पुष्पा चौधरी

२) रेडियो भेरी आवाज , नेपालगञ्ज बाँके  अध्यक्ष तारा खनाल

३) रेडियो कृष्णसार, नेपागञ्ज बाँके स्टेसन म्यानेजर तुला अधिकारी

४)रेडियो महाकाली, भीमदत्त नगरपालीका कञ्चनपुर   अध्यक्ष खेम भण्डारी

५) रेडियो दमौली, तनहुँ  स्टेसन म्यानेजर गोपाल प्रसाद भण्डारी

६) रेडियो धादिङ्ग, धादिङ्ग उपाध्यक्ष गोपाल तिवारी

७) रेडियो गण्डकी, पोखरा, कास्की स्टेसन म्यानेजर एल पि बन्जारा

८) रेडियो जागरण, बुटवल रूपन्देही स्टेसन म्यानेजर शिवजि गायक

९) रेडियो कालिञ्चोक, चरीकोट दोलखा दीपक बस्नेत

१०) रेडियो कृषि, नौविसे धादिङ्ग स्टेसन म्यानेजर सरोज पौड्याल

११) रेडियो लुम्बीनी, आनन्दभवन रूपन्देही   अध्यक्ष कृष्ण नेपाल

१२) रेडियो नमोबुद्ध, धुलिखेल काभ्रे अध्यक्ष फूलमानबल तामाङ

१३) रेडियो परासी, रामग्राम नवलपरासी स्टेसन म्यानेजर मेघराज गौतम

१४) रेडियो सैलुङ्ग, चरीकोट दोलखा स्टेसन म्यानेजर होम पाठक

१५) रेडियो सिन्धुली, सिन्धुलीमाढी सिन्धुली  स्टेसन म्यानेजर द्वारिका काफ्ले

१६) रेडियो नारायणी, विरगञ्ज, पर्सा   स्टेसन म्यानेजर गोविन्द देवकोटा

१७) रेडियो नेपालवाणी, इलाम  प्रदीप घिमिरे

१८) रेडियो पूर्वाअञ्चल मोरङ्ग, विराटनगर

१९) रेडियो रौतहट, गौर अध्यक्ष रेवन्त झा

२०) रेडियो समाद, लाहान सिराहा  स्टेसन म्यानेजर जिबछ चौधरी

२१) रेडियो समह्यातलुङ्ग पाँचथर   स्टेसन म्यानेजर विजय लावती

२२) रेडियो उदयपुर, त्रियुगा     स्टेसन म्यानेजर कौशल चेमजोङ

२३) रेडियो सिमरा, पिपरासिमरा बारा  स्टेसन म्यानेजर अच्युत पौडेल

२४) रेडियो मकालु, धकुटा नगरपालीका धनकुटा उपाध्यक्ष अर्जुन राई

२५) रेडियो मेन्छ्यायेम, म्याङ्लुङ तेह्रथुम लिला सिंहक लिम्बु

## सामुदायिक रेडियोमा महिला सहभागिता

## सूचना एवं तथ्याकं सकंलन प्रश्नावली

तथ्याकं संकलन मिति २०६७ चैत्र देखि २०६८ अषाढसम्म

*१ क. रेडियो स्टेसनको नाम*

| | |
|---|---|
| प्रशारण थालनी भएको बर्ष : | |
| लक्षित बर्ग र समुदाय : | |
| लक्षित भौगोलिक क्षेत्र (गा.वि.स,नगरपालिका,जिल्ला) | |
| दैनिक प्रशारण समय | |
| | |

*१ ख. प्रशारण क्षेत्रको लक्षित बर्गको जातिय बनोट र  जनसंख्या*

| | | | | |
|---|---|---|---|---|
| | | | | |

## *२ क. रेडियो सञ्चालन गर्ने संस्थाको कार्यसमिति एवं रेडियो सञ्चालक समितिको विवरण*

| | पद | दलित | | | | जनजाती | | | | | | ब्रामण/ क्षेत्री | | | | अन्य मधेशी जातिय समूह | | मुश्लिम | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अन्य | | | | नेवार | | | | | | | | | | | | |
| | | पहाडी | | मधेशी | | पहाड | | मधेशी | | | | पहाडी | | मधेशी | | | | | | | | |
| | | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| 1 | अध्यक्ष | | | | | | | | | | | | | | | | | | | | | |
| 2 | उपाध्यक्ष | | | | | | | | | | | | | | | | | | | | | |
| 3 | सचिव | | | | | | | | | | | | | | | | | | | | | |
| 4 | कोषाध्यक्ष | | | | | | | | | | | | | | | | | | | | | |
| 5 | कार्यसमिति सदस्यहरु | | | | | | | | | | | | | | | | | | | | | |
| 6 | अन्य कमिटी सदस्यहरु | | | | | | | | | | | | | | | | | | | | | |
| 7 | कमिटी प्रमुख | | | | | | | | | | | | | | | | | | | | | |
| 8 | साधारण सदस्य | | | | | | | | | | | | | | | | | | | | | |

## *२ ख. रेडियोमा नियमितरुपमा कार्यरत कर्मचारी एवं स्वंयसेवकहरुको विवरण*

| | नाम,थर | जाती,थर | लिंग | पदिय जिम्बेवारी | अवधि | अवस्था | बर्ष | कति समयदेखि उक्त जिम्बवारीगर्दै आएको |
|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | |
| 2 | | | | | | | | |
| 3 | | | | | | | | |
| 4 | | | | | | | | |

*२ ग. रेडियोमा कार्यरत पत्रकार स्ट्रिन्जर, संबाददाताको विवरण*

| | नाम थर | जाति थर | लिंग | पदीय जिम्बेवारी | प्रकार | कार्य अवधि |
|---|---|---|---|---|---|---|
| 1 | | | | | | |
| 2 | | | | | | |
| 3 | | | | | | |
| 4 | | | | | | |

***२ घ. विगत तीन बर्षभित्र रेडियो छाडेर गएका पत्रकार तथा कर्मचारीहरुको विवरण***

| | नाम थर | जात,थर | लिंग | स्थान | प्रकार | कामको प्रकृति | कार्य अवधि | छाड्का कारण |
|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | |
| 2 | | | | | | | | |
| 3 | | | | | | | | |
| 4 | | | | | | | | |

***३ क. रेडियो सञ्चालसम्बन्धि कुनै नीतिगत व्यवस्था वा साधारण सभाद्धारा कुनै निर्णय भएको छ भने के व्यवस्था गरिएको छ ?***

| |
|---|
| |
| |

*३ ख. दैनिक कार्यक्रम प्रसारण तालिकाको आधारमा विश्लेषण गर्ने*

*३ ग. लैगिंक संवेदशीलतासम्बन्धी*

*नीती एवं व्यवस्था कस्तो छ ? लिखित वा व्यवहारीक अभ्यासद्धारा कुनै मान्यता स्थापित भएको छ ?*

*४ महिला कार्यक्रम उत्पादकहरु महिला र बालबालिका बाहेकका अन्य विषयबस्तुहरुको कार्यक्रममा संलग्नता कस्तो छ ?*

| | कार्यक्रम उत्पादक तथा पत्रकारको नाम | जाति,थर | समाचार बिट | कार्यक्रमको नाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**५ कार्यसमितिका पदाधिकारी एवंस्टेशन म्यानेजरलाई छलफलका लागि सोधिएको प्रश्नहरु**

क.लैगिंक समानतासम्बन्धि कुनै नीति एवं व्यवहारीक अभ्यास अबलम्बन गरिएको छ ?

ख.कर्मचारी भर्ना सम्बन्धि कुनै नीति तथा मान्यता छ ?

ग.बढुवासम्बन्धि कुनै नीति नियम छ ?

घ. कार्यालय र कामगर्ने वातावरण लैगिंकमैत्री बनाइएको छ ?

ङ. तालिम र क्षमता अभिबृद्धिका कार्यक्रममा महिलालाई विशेष सहुलिएत प्रदान गरिएको छ ?

च. निर्णय प्रक्रियामा महिला सहभागितालाई कत्तिको महत्व दिइएको छ ?

छ. कार्यसम्पादनमा महिला र पुरुषमा केही फरक अनुभव गर्नुभएको छ ?

**६ कार्यक्रम उत्पादन र प्रशारण समयको अवस्था कस्तो छ ?**

क. जम्मा प्रशारण समय.........घण्टा........मिनेट

ख.सूचना तथा समाचारमूलक कार्यक्रम प्रशारणको समय.........घण्टा .....मिनेट

ग.शिक्षामूलक कार्यक्रम उत्पादन र प्रशारणको समय.......घण्टा ......मिनेट

घ.महिलासम्बन्धि कार्यक्रम प्रशारणको समय..........घण्टा......मिनेट

ङ.सांगीतिक कार्यक्रम प्रशारण समय.........घण्टा......मिनेट

## सन्दर्भ सामाग्री

डाइरेक्टोरी अफ कम्युनिटी रेडियो एण्ड रिलेटेड अर्गानाइजेसन इन एसिया प्यासेफिक

हरवर्ट, जोन, प्राक्टीसिङ ग्लोबल जर्नालिज्म

मार्टिन चौतारी, २०६४, मिडिया अनुसन्धान

मार्टिन चौतारी, २०६५, स्वतन्त्र रेडियोको एक दशक

रेडियो पत्रकारिता एफ एममा समाचार र संवाद २०६२

आचार्य, भानुभक्त २०६३, आमसञ्चार र पत्रकारिता

सामुदायिक रेडियो प्रशारण निर्देशिका २०५८, सामुदायिक रेडियो सहयोग केन्द, नेपाल वातावरण पत्रकार समूह

मार्टिन चौतारी २०६०, मिडियाको चिरफार केही सामाजिक सन्दर्भ

रेग्मी, शिव र खरेल, पी., नेपालमा आम सञ्चारको विकास, नेपाल आमसञ्चार प्रशिक्षक संघ

मेण्डेल, टोबी, २०६१, सूचनाको स्वतन्त्रता एक तुलनात्मक कानुनी सर्वेक्षण

खनाल, श्रीराम, २०६३, आमसञ्चार र पत्रकारिता

मैनाली, रघु, २०६०, रेडियो पद्धति, नेपाल प्रेस इस्टिच्यूट

मार्टिन चौतारी, २०६५, रेडियो नेटबर्क अभ्यास अन्तर्वस्तु र स्थानीय प्रभाव

दाहाल, काशीराज, २०४९, प्रेस विधिशास्त्र, नेपाल कानुन समाज

ढुङ्गेल, विनोद, २०६४, शाही शासनमा स्वतन्त्र रेडियो दमन र प्रतिरोधको कथा, मार्टिन चौतारी

गौतम, दीपा, काँचको पर्दा नेपाली टेलिभिजनमा महिला, मार्टिन चौतारी

रासस दिग्दर्शन राष्ट्रिय समाचार समिति २०६६

मार्टिन चौतारी र सामाजिक विकास तथा अनुषन्धान केन्द्र, २०५८, मिडिया उत्पादन र अन्तर्वस्तु,

संयुक्त राष्ट्रसंघ जन सूचना विभाग, बेईजिङ्ग घोषणा पत्र तथा कार्यनीति

नरुला, उमा, २००४, डेभलोपमेन्ट कम्युनिकेशन थ्यौरी एण्ड प्राक्टिस

रेडियोसँग हुर्कदा तीन पुस्ते नेपालीको अनुभव

राष्ट्रिय समाचार समिति, २०६७, नयाँ नेपालको नयाँ सञ्चार स्वर्ण महोत्सव विशेष

मार्टिन चौतारी, २०६४, मिडिया अध्ययन २

वन्त, प्रत्युष, २०६३, मास मिडिया इन पोष्ट १९९० नेपाल, मार्टिन चौतारी

मार्टिन चौतारी, २०६३, मिडिया अध्ययन १

प्राक्टिकल रिसर्च मेथोड फर मिडिया एण्ड कल्चरल स्टडिज, रावत पब्लिकेशन

नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन

मार्टिन चौतारी, २०६३, मिडिया अध्ययन ४

अधिकारी, हरिकला, २०६५, रेडियोमा महिला बोली, सामुदायिक रेडियो सहयोग केन्द्र

समाज परिबर्तनका लगि सामुदायिक रेडियो २०५७

दाहाल, काशीराज, २०५८ आमसञ्चार र कानुन, नेपाल प्रेस इन्स्टिच्यूट

नेपाल अधिराज्यको संविधान २०४७, श्री ५ को सरकार कानुन तथा न्याय मन्त्रालय, कानून किताव व्यबस्था समिति, काठमाडौं

नेपाल ऐन संग्रह (खण्ड ६) २०५० श्री ५ को सरकार कानून, न्याय तथा संसदीय व्यबस्था मन्त्रालय, कानून किताव व्यवस्था समिति,  काठमाडौं

प्रत्युष वन्त, शेखर पराजुली र साथीहरू, २०६१, रेडियो नेपालको सामाजिक इतिहास, मार्टिन चौतारी, काठमाडौं

अध्ययनकर्ता

सुवास खतिवडा

रोल नं. ३३१७

रजिष्ट्रेसन नं. ६-१-४०-११८४-९६